# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, जेठ २२ गते, २०८२ साल (सङ्ख्या ०३

## भाग ३

### गण्डकी प्रदेश सरकार

### वन तथा वातावरण मन्त्रालयको सूचना

### गण्डकी प्रदेशको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२

**प्रस्तावना:** प्रदेशमा रहेका सरकारद्वारा व्यवस्थित र समुदायमा आधारित वनमा उपयुक्त वन संवर्धन प्रणाली अपनाइ वन, वन्यजन्तु, जलाधार तथा जैविक विविधताको एकीकृत संरक्षण, संवर्धन र व्यवस्थापन गर्दै वन पैदावारको सतत् उपयोग गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ११२ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

परिच्छेद - १

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "गण्डकी प्रदेशको वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका, २०८२" रहको छ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,-

(क) "अग्निरेखा (फायरलाईन)" भन्नाले एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा वन डढेलो फैलिन नदिनको लागि रुख बिरुवा हटाई निर्माण गरिएको रेखात्मक संरचना सम्झनु पर्छ।

(ख) "अग्रिम वृद्धि (एड्भान्स ग्रोथ)" भन्नाले पुनरुत्पादन कटान गरिनु अघि वनमा रहेका छातीको उचाइमा तीस सेन्टिमिटर व्यास भन्दा न्यून साइजका रुख बिरुवा लाई सम्झनु पर्छ।

(ग) "अवसर लागत (अपरचुनिटि कष्ट)" भन्नाले वन व्यवस्थापन योजनामा लगानी गर्ने निर्णय गर्दा त्यागनु परेको उत्तम विकल्पको मूल्यलाई सम्झनु पर्छ।

(घ) "आवधिक व्लक (पेरियोडिक ब्लक)" भन्नाले पुनरुत्पादन अवधिमा पुनरुत्पादन कटान गरिने सव कम्पार्टमेण्ट सम्झनु पर्छ।

(ङ) "उत्पादन नियमन (यिल्ड रेगुलेसन)" भन्नाले वनको प्राविधिक (जैविक तथा भौतिक) जानकारी उपयोग गरी सतत रूपमा वन बाली उत्पादन गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

(च) “उत्पादनमूलक वन (प्रोडक्सन फरेष्ट)” भन्नाले मुख्य रुपमा काठ दाउरा उत्पादन गर्ने उद्देश्यले व्यवस्थापन गरिएको वन सम्झनु पर्छ।

(छ) “ऐन” भन्नाले गण्डकी प्रदेश वन ऐन, २०८० सम्झनु पर्छ।

(ज) “औसत वार्षिक वृद्धि (मिन एन्युल इन्क्रिमेन्ट)” भन्नाले कुनै निश्चित अवधिमा भएको जम्मा आयतनलाई उक्त अवधिको जम्मा वर्ष सङ्ख्याले भाग गर्दा प्राप्त हुने आयतन सम्झनु पर्छ।

(झ) “कटान शृङ्खला (फेलिङ्ग सेरिज)” भन्नाले निर्धारित वार्षिक कटान परिमाण कटान तथा पुनरुत्पादन व्यवस्थापनका लागि तय गरिएको कटान क्षेत्रहरूको शृङ्खला/विवरण सम्झनु पर्छ।

(ञ) “कम्पार्टमेण्ट” भन्नाले वन व्यवस्थापनका लागि छुट्याइएको वन संवर्धनमा आधारित वन व्यवस्थापन कार्यान्वयन हुने पूर्ण इकाईको वन क्षेत्र सम्झनु पर्छ।

(ट) “खुद वर्तमान मूल्य (नेट प्रिजेन्ट भ्यालु)” भन्नाले नगद प्रवाहको वर्तमान मूल्य र उक्त अवधिको नगद बहिर्गमनको वर्तमान मूल्यबिच को भिन्नता सम्झनु पर्छ।

(ठ) “चालु वार्षिक वृद्धि (करेन्ट एनुयल इन्क्रिमेन्ट)” भन्नाले चालु वर्षमा भएको आयतन वृद्धिलाई सम्झनु पर्छ।

(ड) “छनौट प्रणाली (सेलेक्सन सिष्टम)” भन्नाले कटान र पुनरुत्पादन कार्य वनको सम्पूर्ण भागमा गरिने वन संवर्धन प्रणाली सम्झनु पर्छ।

(ढ) "छत्र प्रणाली (सेल्टरउड सिष्टम)" भन्नाले पुरानो रुखहरूको आश्रय (सेल्टर) मा प्राकृतिक पुनरुत्पादन हुर्काइ वन व्यवस्थापन गर्ने प्रणाली सम्झनु पर्छ।

(ण) "जैविक मार्ग (वायोलोजिकल कोरिडोर)" भन्नाले एक बासस्थानबाट अर्को बासस्थानमा वन्यजन्तु आवत-जावत गर्ने मार्ग सम्झनु पर्छ।

(त) "टेण्डिङ कार्य (टेन्डिङ्ग अपरेसन)" भन्नाले गोडमेल, झाडी सफाइ, पत्ल्याउने, हाँगा कटनी छटनी, लहरा काटछाँट लगायतका कार्यहरूबाट वन बालीको गुणस्तरीय उत्पादनका लागि प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिने वन संवर्धन प्रणाली सम्झनु पर्छ।

(थ) "दिगो वन व्यवस्थापन (सस्टेनेवल फरेष्ट मेनेजमेन्ट)" भन्नाले वनजन्य वस्तु तथा सेवाको उपयोग गर्दा भावी पुस्ताका यस्ता सेवाहरूको उत्पादनमा सीमित नतुल्याइने गरी वर्तमानमा वन स्रोतको व्यवस्थापन गर्ने कार्यलाई सम्झनु पर्छ।

(द) "नियमावली" भन्नाले गण्डकी प्रदेश वन नियमावली, २०८१ सम्झनु पर्छ।

(ध) "प्लट (प्लट)" भन्नाले वन व्यवस्थापन योजना वा वन कार्ययोजना बमोजिम वन पैदावार सङ्कलन गर्नको लागि चौहद्दी सहित निर्धारण गरिएको कुप सम्झनु पर्छ।

(न) "पत्ल्याउने चक्र (थिनिङ्ग साईकल)" भन्नाले एक पत्ल्याउने कार्यदेखि अर्को पत्ल्याउने कार्यबिधिलाई सम्झनु पर्छ।

(प) "पत्ल्याउने (थिनिङ्ग)" भन्नाले वन वृद्धिमा बढोत्तरी ल्याउने गरी लाथ्रा, पोल वा रुखको वाक्लो उपस्थितिलाई पातलो बनाउने कार्य सम्झनु पर्छ।

(फ) "पुनरुत्पादन (रिजेनेसन)" भन्नाले प्राकृतिक वा कृत्रिम रूपमा उत्पादन भएका बिरुवाहरू सम्झनु पर्छ।

(ब) "पुनरुत्पादन अवधि (रिजेनेसन पेरियड)" भन्नाले कटान क्षेत्रमा प्राकृतिक वा वृक्षारोपण विधिबाट बिरुवाहरू हुर्काउन लाग्ने अवधिलाई सम्झनु पर्छ।

(भ) "पुनरुत्पादन कटान (रिजेनेसन फेलिङ्ग)" भन्नाले बीउ उत्पादनको लागि एकल वा समूहगत रूपमा उच्च गुणस्तरका रुख बाँकी राखी अन्य रुख कटान गर्ने कार्य सम्झनु पर्छ।

(म) "पूर्ण ईकाई" भन्नाले वन व्यवस्थापनको योजना बमोजिम वन पैदावारको उत्पादन, संरक्षण, सुधार तथा उपयोगका लागि छुट्याइएको निश्चित सिमाना भित्रको वन क्षेत्र सम्झनु पर्छ।

(य) "ब्लक" भन्नाले वन व्यवस्थापन कार्यलाई सजिलो तुल्याउन खोला, खोल्सी, बाटो, डाँडाजस्ता प्राकृतिक सिमाना वा त्यस्तै सजिलै पहिचान गर्न सकिने चिन्ह/आकृतिद्वारा सिमाङ्कित गरिएको वन व्यवस्थापनको एक पूर्ण इकाई सम्झनु पर्छ।

(र) "बालीचक्र (क्रप रोटेसन)" भन्नाले बिरुवा पुनरुत्पादन/वृक्षारोपण र वन बालीको अन्तिम कटान बीचको अवधिलाई सम्झनु पर्छ।

(ल) "माउ रुख" भन्नाले बीउ, छहारी, जैविक विविधता तथा वातावरणका लागि छुट्याइएको उच्च गुणस्तरको रुख सम्झनु पर्छ।

(व) "रुख नक्साङ्कन (स्टिम म्यापिङ)" भन्नाले सवकम्पार्टमेण्ट वा कटान क्षेत्रमा रुखको अवस्थिति नक्सामा देखाउने कार्य सम्झनु पर्छ।

(श) "रुख सहितको मुना (कपिस विथ स्टयाण्डर्ड)" भन्नाले बीउबाट पुनरुत्पादन गराउने माथिल्लो छत्र तहका रुख र मुनाबाट पुनरुत्पादन गराउने तल्लो छत्र तहका रुख भएको वन संवर्धन प्रणाली सम्झनु पर्छ।

(ष) "लाभ-लागत अनुपात (बेनिफिट-कस्ट रेसियो)" भन्नाले प्रस्तावित योजना कार्यान्वयन हुँदा गरिने खर्च र कार्यान्वयन पश्चात् उक्त योजनाबाट प्राप्त हुने लाभको अनुपात सम्झनु पर्छ।

(स) "वन स्रोत सर्वेक्षण (फरेस्ट इन्भेन्ट्री)" भन्नाले वन सम्बन्धी विधिपूर्वक तथ्याङ्क एवम् सूचना सङ्कलन तथा विश्लेषण गरी वनको अवस्था आकलन गर्ने कार्य सम्झनु पर्छ।

(ह) "वन व्यवस्थापन (फरेष्ट मेनेजमेन्ट) पद्दति" भन्नाले वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन, विशेष वन, वन संरक्षण क्षेत्र लगायतका पद्दति सम्झनु पर्छ।

(क्ष) "व्यवस्थापक" भन्नाले वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने डिभिजन वन कार्यालय वा उपभोक्ता समूह सम्झनु पर्छ।

(त्र) "वन संवर्धन शास्त्र (सिल्भिकल्चर)" भन्नाले बूढा वा उमेर पुगेका रुखलाई कटान गर्ने (हार्भेस्टिङ), रुख कटान गराएको स्थानमा बिरुवा/बीउ उमार्ने वा रोप्ने (रिजेनेरेशन) र उम्रेका बिरुवालाई हुर्काउने प्रक्रिया (टेण्डिङ) को समग्र व्यवस्थापनलाई सम्झनु पर्छ।

(ज्ञ) "वन संवर्धन प्रणाली (सिल्भिकल्चर सिस्टम)" भन्नाले वन बाली स्थापना गर्ने, हुर्काउने, स्याहार-सम्भार तथा

प्राप्ति (यिल्ड) नियमन गर्ने योजनावद्ध प्रणाली सम्झनु पर्छ।

(कक) "वन संवर्धन कार्यहरू (सिल्भिकल्चरल अपरेशन)" भन्नाले वन संवर्धनमा आधारित वन व्यवस्थापनका लागि कार्यान्वयन गरिने सम्पूर्ण कार्यहरूको सङ्गालो सम्झनु पर्छ।

(कख) "वार्षिक कटान क्षेत्र" भन्नाले सरपट कटान प्रणाली वा रुख सहितको मुना प्रणाली अन्तर्गत वार्षिक रूपमा कटान गरिने वनको क्षेत्र सम्झनु पर्छ।

(कग) "वार्षिक स्वीकार्य कटान (एनुअल एलोएवल कट)" भन्नाले वनको वृद्धि मौज्दात् (ग्रोइङ स्टक) र वार्षिक उत्पादन क्षमता (एनुअल यिल्ड) को आधारमा निर्धारण गरी स्वीकृत कार्ययोजनामा उल्लेख भएको वार्षिक कटान गर्न सकिने वन पैदावारको परिमाण सम्झनु पर्छ।

(कघ) "वृद्धि मौज्दात (ग्रोइङ स्टक)" भन्नाले व्यवस्थापन योजनाले समेटेको वन क्षेत्रभित्र रहेका सम्पूर्ण रुखको आयतनलाई सम्झनु पर्छ।

(कङ) "सरपट कटान प्रणाली (क्लियर फेलिङ सिस्टम)" भन्नाले वन परिपक्व भैसकेपछि सबै रुख कटान गरिने र उक्त स्थानमा वृक्षारोपण वा प्राकृतिक पुनरुत्पादन गराउने वन संवर्धन प्रणाली सम्झनु पर्छ।

(कच) "सुधार कटान (इम्पुभमेन्ट फेलिङ)" भन्नाले कमसल खालका रुख हटाइ राम्रा गुणस्तरीय रुखको वृद्धिका लागि गरिने कार्य सम्झनु पर्छ।

परिच्छेद - २

**वन सर्वेक्षण सम्बन्धी व्यवस्था**

३. **वनको वस्तुस्थिति र सिमाना सर्भेक्षणः** (१) वन संवर्धन प्रणालीमा आधारित वन कार्ययोजना तयारी वा पुनरावलोकन गर्दा वनको सिमाना र वनमा रहेका नदी, खोला, खोल्सी, खहरे, पानीका मूल, सिमसार, बाटो, पहिरो गएको स्थान, घाँसे मैदान तथा पोखरी, चौतारी, पानी पंधेरो, निजी आवादी, अतिक्रमित वनक्षेत्र, धार्मिकस्थल, पर्यापर्यटकीयस्थल, वन्यजन्तुको बासस्थान र जैविकमार्गसमेतको भौगोलिक अवस्थिति (जियो लोकेसन) सहित वनको वस्तुस्थिति सर्वेक्षण गर्नु पर्नेछ।

(२) वनको सिमाना सर्वेक्षण गर्दा नापी कार्यालयबाट प्राप्त नक्सा र जिपिएस उपकरणको प्रयोग गरी गर्नु पर्नेछ।

(३) वनको सिमाना सर्वेक्षण गर्दा वनसँग जोडिएका अन्य उपभोक्ता समूहका प्रतिनिधि, निजी जग्गाधनी, स्थानीय तहका प्रतिनिधिको उपस्थितिमा आवश्यकता देखिएमा नापी कार्यालयका प्रतिनिधिको सहयोगमा गर्नु पर्नेछ।

(४) वनको वस्तुस्थिति सर्वेक्षण तथा सिमाना सर्वेक्षण गर्दा अनुसूची - १ बमोजिम फिल्डबुक तयार गर्नु पर्नेछ।

४. **वनको वर्गीकरण, ब्लक विभाजन तथा उत्पादनशिल क्षेत्र निर्धारणः** (१) वनको व्यवस्थापनका उद्देश्य, पुनरुत्पादनको अवस्था, वनको प्रकार र प्रजाति, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्थिति र संवेदनशीलता, जैविक विविधता र समुदायको चाहाना अनुसार उत्पादनमुलक, संरक्षणमुलक, सौन्दर्यमुलक र वातावरणीय सेवा लक्षित वनमा वर्गीकरण गरी वनको ब्लक विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ब्लक विभाजन गर्दा सम्भव भएसम्म प्राकृतिक सिमानालाई मुख्य आधार मानी गर्नु पर्नेछ।

तर, ब्लक विभाजन गर्दा प्राकृतिक सिमाना उपलब्ध नभएमा उपलब्ध वन पथ वा अग्नि रेखा वा कुनै चिन्ह वा निशाना लगाइ ब्लक विभाजन गर्न सकिनेछ।

(३) उत्पादनशील क्षेत्र निर्धारण गर्दा वनमा रहेका वन्यजन्तु प्रजननस्थल, पानीका मूल, सिमसार, संवेदनशील चुरे क्षेत्र, पहिरो गएको स्थान, भीर पहरा, घाँसेमैदान, चौतारी, पानी पंधेरो, अतिक्रमित वनक्षेत्र, धार्मिकस्थल, पर्यापर्यटकीय स्थल लगायतका संरक्षण गर्नु पर्ने अवयवहरूले ओगटेको र फ्रिन्ज (किनाराको) क्षेत्र छुट्टयाइ बाँकी वनक्षेत्रलाई उत्पादनशील क्षेत्र कायम गर्नु पर्नेछ।

५. **ब्लकलाई कम्पार्टमेण्टमा विभाजनः** (१) वनको किसिम, मोहोडा, माटो, प्रजाति संरचना र ऐनको दफा ९ बमोजिम निर्धारण गरिएको वन संवर्धन प्रणालीलाई आधार मानी व्लकलाई अनुसूची - २ बमोजिम कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ।

(२) व्लकलाई कम्पार्टमेण्टमा विभाजन गर्दा सम्भव भएसम्म प्राकृतिक सिमानालाई आधार लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कम्पार्टमेण्टमा विभाजन गर्दा अपनाइने वन संवर्धन प्रणालीलाई समेत विचार गरी वन व्यवस्थापनको हिसाबले एउटै कम्पार्टमेण्टलाई पूर्ण एकाइको रुपमा गर्ने वा विभिन्न कम्पार्टमेण्टमा रहेका सवकम्पार्टमेण्टहरू समेत जोडी कटान शृङ्खला निर्धारण गर्नु पर्नेछ।

६. **कम्पार्टमेण्टलाई सवकम्पार्टमेण्टमा विभाजनः** (१) वन व्यवस्थापनको पूर्ण एकाइको रूपमा कायम भएको वा नभएको कम्पार्टमेण्टलाई वन व्यवस्थापनको सहजताका लागि अनुसूची - २ मा उल्लेख भए बमोजिम सब कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पूर्ण एकाइ अवधारणा अनुसार वन व्यवस्थापन कार्य गर्ने भएमा कम्पार्टमेण्टलाई आवधिक सव कम्पार्टमेन्ट/आवधिक खण्ड/कटान खण्डमा/कटान शृङ्खलामा विभाजन गर्नु पर्नेछ।

७. **<u>सीमा तथा वस्तुस्थिति नक्सा तयार गर्नु पर्ने:</u>** (१) वनको स्थलगत सर्वेक्षण कार्य पूरा गरिसकेपछि जिपिएस डाटा र सफ्टवयरको प्रयोग गरी सबै सिमा तथा वस्तुस्थिति देखिने अनुसूची - ३ बमोजिमका डिजिटल नक्साहरु तयार पार्नु पर्नेछ।

(२) वन क्षेत्रको नक्सा तयार गर्दा भौगोलिक क्षेत्र अनुसार जमिनको भिरालोपनाको आधारमा समथर र आठ दशमलव पाँच डिग्री भन्दा कम भिरालो, आठ दशमलव पाँच देखि उन्नाइस डिग्रीसम्म भिरालो, उन्नाइस देखि एकतिस डिग्रीसम्म भिरालो र एकतिस डिग्रीभन्दा बढी भिरालो समेत गरी प्रत्येकको क्षेत्रफल सहितको क्षेत्र विभाजन (जोनेशस) गर्नु पर्नेछ।

८. **<u>वन स्रोत सर्वेक्षण:</u>** (१) दफा ७ बमोजिमका नक्सा तयार गरिसकेपछि प्रचलित वन स्रोत सर्वेक्षण मार्गदर्शन बमोजिम वन स्रोत सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम वन स्रोत सर्वेक्षण गर्दा प्राविधिक कर्मचारीले नमुना प्लट निर्धारण, प्लटमा रुख विरुवा मापन र वनको मौज्दात विश्लेषण सम्बन्धी व्यवस्था अनुसूची - ४ बमोजिम गर्नु पर्नेछ।

(३) वन स्रोत सर्वेक्षणमा नमूना प्लट सङ्ख्या निर्धारण गर्दा उत्पादनशील वनको हकमा कम्तीमा दुई प्रतिशत र अन्य वन क्षेत्रको हकमा कम्तीमा शुन्य दशमलव पाँच प्रतिशत स्याम्प्लिङ्ग इन्टेन्सिटीको आधारमा गर्नु पर्नेछ।

(४) सामुदायिक वन र साझेदारी वनको स्रोत सर्वेक्षण गर्दा वन प्राविधिकले उपभोक्ता समूहका प्रतिनिधिलाई अनिवार्य रूपमा संलग्न गराउनु पर्नेछ।

९. **<u>वन स्रोतको मौज्दात विश्लेषण:</u>** (१) वनबाट वन स्रोत सर्वेक्षणको तथ्याङ्क प्राप्त भइसकेपछि तथ्याङ्क विश्लेषण गरेर वनको मौज्दातको अवस्था निकाल्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन स्रोत मौज्दातको तथ्याङ्क विश्लेषणको लागि प्रचलित वन स्रोत सर्वेक्षण मार्गदर्शनमा उल्लेख

गरिएको वन स्रोत जानकारी विश्लेषण फारम वा प्रचलित प्रविधि प्रयोग गरी गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम मौज्दात सम्बन्धी विश्लेषणको नतिजा सम्पूर्ण वनको एकिकृत रुपमा, कम्पार्टमेन्ट, सवकम्पार्टमेन्ट र कटान शृङ्खला अनुसार छुट्टाछुट्टै देहाय बमोजिम निकाल्नु पर्नेछः

(क) प्रति हेक्टर प्रजाति अनुसार रुख, पोल, लाथ्रा र बिरुवाको सङ्ख्या प्रति हेक्टर,

(ख) प्रति हेक्टर प्रजाति अनुसार रुख र पोलको आयतन र बेशल एरिया,

(ग) रुख तथा पोलको औषत व्यास (छुट्टाछुट्टै),

(घ) वन क्षेत्रका डोमिनेन्ट रुखहरुको औषत उचाइ (टपहाईट),

(ङ) प्रतिहेक्टर प्रजाति अनुसार व्यास समूहको आधारमा रुख र पोलको सङ्ख्या देखिने पाइचार्ट,

(च) प्रतिहेक्टर प्रजाति अनुसार विरुवा र लाथ्राको सङ्ख्या देखिने पाईचार्ट, प्रतिहेक्टर प्रजातिको आधारमा व्यास समूह अनुसार आयतन, बेशल एरिया र सङ्ख्या (रुख तथा पोलको) देखिने बार चार्ट,

(छ) व्यास समूह अनुसार रुखको प्रतिहेक्टर सङ्ख्या र आयतन (बार चार्टमा देखाउदा राम्रो हुने),

(ज) व्यास र उचाईको सम्बन्ध तथा व्यास र आयतनको सम्बन्ध (चार्टमा देखाउने) ।

(४) उत्पादनमूलक वनको हकमा छनोट भएको वन संवर्धन प्रणालीमा तोकिएको उत्पादन नियमन (यिल्ड रेगुलेसन) अनुसार वार्षिक स्वीकार्य कटान परिमाण एकिन हुनेछ।

(५) संरक्षणमूलक, सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनको हकमा उपदफा (३) को खण्ड (क) र (ख) मा उल्लिखित विवरणका अतिरिक्त वार्षिक स्वीकार्य कटान समेत एकिन गर्नु पर्नेछ।

१०. **रुख नक्साङ्कन:** (१) पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टका रुखको नक्साङ्कन अनुसूची - ५बमोजिम गर्नु पर्नेछ।

(२) रुख नक्साङ्कन कार्यका लागि वनमा रुख मापन गर्दा सम्भाव्य माउ रुखको छनौट गरी गर्नु पर्नेछ।

(३) माउ रुख छनोटको आधार दफा १२ बमोजिम हुनेछ।

११. **पुनरुत्पादन सर्भे:** पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टका पुनरुत्पादन सर्भे अनुसूची -६ बमोजिम गर्नु पर्नेछ।

१२. **माउ रुख छनौट र रिङ पेन्टिङ:** (१) वन व्यवस्थापनको उद्देश्य अनुसार प्राकृतिक पुनरुत्पादनका लागि स्वस्थ बीउ उत्पादन गर्न सक्ने, मध्यम उमेरका फिनोटाइपिकल्ली र जिनोटिपिकल्ली सुपेरियर रुखलाई माउ रुखको रुपमा छनौट गर्नु पर्नेछ।

(२) माउ रुख छनौट गर्दा वनक्षेत्रमा रहेका प्रमुख प्रजाति बाहेकका अन्य मूल्यवान र लोपोन्मुख प्रजातिका रुख समेत छनोट गर्नु पर्नेछ।

(३) दफा १० बमोजिम रुख नक्साङ्कनबाट पहिचान गरिएका सम्भाव्य माउ रुख मध्येबाट पुनरुत्पादनको अवस्था, भौगोलिक अवस्था, कटान क्षेत्रको गुणस्तर (साइट क्वालिटी) र प्रजाति समिश्रण समेत प्राविधिकबाट स्थलगत निरीक्षण गरी प्रतिहेक्टर पन्ध्र देखि पैंतीस वटासम्म माउ रुख राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम प्रतिहेक्टर कायम हुने माउ रुखको सङ्ख्याको आधारमा एक माउ रुखदेखि अर्को माउ रुखसम्मको दुरी निर्धारण गरी माउ रुख र कटान गर्ने रुख नक्सामा अङ्कित गरी सूची तयार गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम तयार भएको माउ रुखको सुचीलाई हरेक वर्ष कटान गर्ने क्षेत्रमा छनोट गरिएका माउ रुख ढलेको वा भाँचिएको वा कटानको क्रममा क्षति भएको वा कुनै कारणले उपयुक्त नदेखिएमा नजिकको फिनोटिपिकल्ली र जिनोटिपिकल्ली सुपेरियर रुखलाई माउ रुख कायम गरी लगत अद्यावधिक गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम माउ रुख अद्यावधिक भएपछि कायम रहेका माउ रुखलाई छातीको उचाइमा चार इन्च फराकिलो रिङ पेन्टिङ गर्नु पर्नेछ।

परिच्छेद-३

**वन संवर्धन प्रणालीको छनोट र बाली चक्र सम्बन्धी व्यवस्था**

१३. **वन संवर्धन प्रणालीः** (१) उत्पादनमूलक वनमा वनको व्यवस्थापनका उद्देश्य, प्रमुख प्रजातिको वन संवर्धन विशेषता, वनको गुणस्तर, उमेर, भौगोलिक अवस्था, भूक्षयको संवेदनशीलता, जैविक विविधता र समुदायको चाहना, वन डढेलो र मिचाहा प्रजातिको अवस्था, स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र व्यवस्थापकको क्षमता र सुशासन समेतलाई ध्यान दिइ अनुसूची - ७ बमोजिमको वन संवर्धन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) सौन्दर्यमूलक र वातावरणीय सेवा लक्षित वनक्षेत्रमा परिच्छेद - १२ तथा संरक्षणमूलक वन क्षेत्रमा परिच्छेद-१३ बमोजिम व्यवस्थापन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम वन संवर्धन प्रणाली अवलम्बन गर्दा वनको क्षेत्रफल कम्तीमा एक सय हेक्टर हुनु पर्नेछ। सो भन्दा कम क्षेत्रफल भएका र एक आपसमा वनक्षेत्र जोडिएका समुदायमा आधारित वनहरुले चाहेमा न्यूनतम एकसय हेक्टर क्षेत्रफल कायम हुनेगरी एकीकृत रुपमा वन व्यवस्थापन कार्ययोजना तयार गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम कार्ययोजना तयार गर्नु पूर्व ऐनको दफा ३२ को उपदफा (४) मा बमोजिम अनुसूची - ८ को ढाँचामा अवधारणा पत्र तयार गरी स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम छनोट गरिएका वन संवर्धन प्रणाली अवलम्बन गर्दा अनुसूची - ९ बमोजिमको वन संवर्धनका क्रियाकलापहरू पहिचान गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिम वन संवर्धन प्रणाली अपनाई व्यवस्थापन गरिने वनहरुमा अनुसूची - १० बमोजिमका वन संवर्धन प्रणाली अनुसार वन परिपालन कार्य (टेन्डिङ अपरेसन) गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पुनरुत्पादनको सुनिश्चितता, वातावरणीय र सामाजिक सुरक्षाको सिद्धान्तहरू विचार गरी वन पैदावारको माग आपूर्तिको विश्लेषण समेतका आधारमा कुन संवर्धन प्रणाली लागू गर्ने भन्ने अन्तिम निर्णय व्यवस्थापकको हुनेछ।

१४. **वनसँग सम्बन्धी अन्य क्रियाकलापः** वनसँग सम्बन्धित अन्य क्रियाकलापहरू अनुसूची - ११ बमोजिम गर्नु पर्नेछ।

१५. **वन संवर्धन प्रणालीमा परिवर्तनः** कुनै एक प्रकारको वन संवर्धन प्रणाली अपनाइ व्यवस्थापन भइरहेको कुनै वनको केही भाग वा पुरै भागमा अर्को वन संवर्धन प्रणाली लागु गर्नु पर्ने भएमा वन व्यवस्थापकले ऐनको दफा ९ को उपदफा (४) बमोजिम गर्नु पर्नेछ।

१६. **बाली चक्र निर्धारणः** (१) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्दा वन क्षेत्रमा भएको प्रजातिको बाहुल्यताका आधारमा बाली चक्र (क्रप रोटेसन) कायम गर्नु पर्नेछ।

(२) भौगोलिक क्षेत्र अनुसार वनमा पाइने प्रजातिको बालीचक्र अनुसूची -१२ बमोजिम निर्धारण गर्नु पर्नेछ।

परिच्छेद-४

## उत्पादन नियमन सम्बन्धी व्यवस्था

१७. **उत्पादन नियमनः** (१) वन क्षेत्रमा वार्षिक उत्पादन हुने वन पैदावारको नियमन (यिल्ड रेगुलेसन) अपनाइएको वन संवर्धन प्रणाली अनुसार आयतन वा कटान प्लटको क्षेत्रफल वा दुवैको आधारमा हुनेछ।

(२) उपदफा (१) बमोजिमको वन संवर्धन प्रणाली अनुसार उत्पादन नियमन र नियन्त्रण देहाय बमोजिम हुनेछ।

(क) छत्र प्रणाली उत्पादन नियमन (यिल्ड रेगुलेसन इन सेल्टरवुड सिस्टम): छत्र प्रणाली र अन्तर्गतका

उप-प्रणालीका उत्पादन नियमन र नियन्त्रण अनुसूची - १३ बमोजिम गर्नु पर्नेछ।

(ख) बीउ रुख प्रणालीमा उत्पादन नियमन (यिल्ड रेगुलेसन इन सिड ट्रि सिस्टम): बीउ रुख प्रणाली अन्तर्गत वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची - १४ बमोजिम गर्नु पर्नेछ।

(ग) छनौट प्रणालीमा उत्पादन नियमन (यिल्ड रेगुलेसन इन सेलेक्सन सिस्टम): छनौट प्रणाली र अन्तर्गतका उप प्रणालीका वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची - १५ बमोजिम गर्नु पर्नेछ।

(घ) सरपट कटान प्रणालीमा उत्पादन नियमन (यिल्ड रेगुलेसन इन क्लियर फेलिङ सिस्टम): सरपट कटान प्रणाली र अन्तर्गतका उप प्रणालीका वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची - १६ बमोजिम गर्नु पर्नेछ।

(ङ) मुना प्रणालीमा उत्पादन नियमन (यिल्ड रेगुलेसन इन कपिस सिस्टम): रुख सहितको मुना प्रणाली र अन्तर्गतका उप प्रणालीमा वन पैदावार उत्पादन नियमन र नियन्त्रण अनुसूची - १७ बमोजिम गर्नु पर्नेछ।

१८. <u>**सुधार कटानः**</u> सुधार कटान (इम्प्रुभमेन्ट फेलिङ) गर्दा अनुसूची - १८ बमोजिम गर्नु पर्नेछ।

परिच्छेद-५

## विपद्बाट क्षति भएका र ढलापडा रुख निकाल्ने सम्बन्धी व्यवस्था

१९. <u>**विपद्जन्य घटनाबाट क्षति भएका रुखको सङ्कलनः**</u> (१) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अवलम्बन गरिएको वनमा बाढी, पहिरो, हिमपात, हावाहुरी, आगजनी, कीरा र रोगको सङ्क्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई वन पैदावार सड्ने वा नासिने भएमा त्यस्ता वन पैदावार सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको घटनाको जानकारी वन व्यवस्थापन गर्ने निकायले तत्काल डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ र डिभिजन वन कार्यालयले त्यस्तो जानकारी जिल्ला विपद् व्यवस्थापन समिति र निर्देशनालयलाई गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको वन व्यवस्थापन गर्ने निकायले रुख क्षति भएको मिति, मुचुल्का, जिपिएस कोअर्डिनेट, रङ्गिन फोटो, क्षति मूल्याङ्कन र समितिको निर्णय सहितको लगत तयार गरी रुख सङ्कलन सहमतिका लागि डिभिजन वन कार्यालयमा निवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी डिभिजन वन कार्यालयले जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस, कार्ययोजनाको व्यवस्था समेत उल्लेख गरी राय सहित निर्देशनालयमा पेस गर्नु पर्नेछ।

(५) सरकारद्वारा व्यवस्थित वनमा विपद्जन्य घटनाबाट उपदफा (१) बमोजिम रुखको क्षति हुन गएमा क्षति भएका रुखको सङ्कलन सहमतिका लागि रुख क्षति भएको मिति, मुचुल्का, जिपिएस कोअर्डिनेट, रङ्गिन फोटो र क्षति मूल्याङ्कन सहितको विवरण तयार गरी जिल्ला विपद व्यवस्थापन समितिको सिफारिस सहित निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम पेस भएको रुख सङ्कलन सहमतिका सम्बन्धमा निर्देशनालयले आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी यकिन राय सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेस गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम निर्देशनालयबाट पेस भएको रुख सङ्कलन सहमतिका सम्बन्धमा आवश्यक जाँचबुझ गरी मन्त्रालयले त्यस्ता रुखको सङ्कलनको सहमति दिन सक्नेछ।

(८) उपदफा (७) बमोजिम सङ्कलन सहमति प्राप्त भएको परिमाणलाई वार्षिक स्वीकार्य कटानको परिमाणमा समायोजन गरी कार्ययोजना परिमार्जन गर्नु पर्नेछ।

(९) प्राकृतिक रुपमा आफैं ढलेका वा सुखड खडा रुखको आवधिक योजना सहितको रणनीतिक योजना वा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम लगत मूल्याङ्कन गरी सङ्कलन गर्न सकिनेछ।

(१०) यस दफा बमोजिमका ढलापडा र सुखड खडा रुखको सङ्कलन अनुसूची - १९ बमोजिम हुनेछ।

## परिच्छेद - ६

## रुख छपान, कटान, मुछान र काठ दाउरा घाटगद्दी सम्बन्धी व्यवस्था

२०. **कटान खण्ड तोक्नु पर्नेः** (१) वन व्यवस्थापनको उद्देश्य अनुसार रुखको प्रजाति, बुढा रुखको बाहुल्यता, छत्रघनत्व, पोलको सङ्ख्या, पुनरुत्पादनको अवस्था र स्थलगत भेरिफिकेसन समेतको आधारमा कम्पार्टमेण्ट वा सव कम्पार्टमेन्टलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो गर्दै कटान खण्ड तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको कम्पार्टमेण्ट वा सव कम्पार्टमेन्टबाट क्रमशः रुख कटानका कार्य सुरुवात गर्नु पर्नेछ।

(३) कुनै विशेष परिस्थिति वा विपद्को कारण उपदफा (२) बमोजिम क्रमशः रुख कटान गर्न नसकिने भएमा वा अर्को कुनै कम्पार्टमेण्ट वा सव कम्पार्टमेण्टमा तत्काल रुख कटान सुरु गर्नु पर्ने देखिएमा कारण खुलाइ त्यस्तो कम्पार्टमेण्ट वा सव कम्पार्टमेण्टलाई कटान खण्ड तोक्न सकिनेछ।

२१. **बार्षिक कटान प्लट निर्धारणः** (१) दफा २० बमोजिम तोकिएको कटान खण्डमा अपनाइएको वन संवर्धन प्रणालीमा उल्लिखित उत्पादन नियमन (यिल्ड रेगुलेशन) अनुसार वन व्यवस्थापनको उद्देश्य, परिपक्क र बुढा रुखको सङ्ख्या, छत्रघनत्व, रुखको अवस्था, पुनरुत्पादनको अवस्था र

हटाउनु पर्ने अन्य प्रजातिको सङ्ख्यालाई आधार मानी बार्षिक कटान प्लटको निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको वार्षिक कटान प्लटमा कुन आर्थिक वर्षमा कुन प्लटबाट वार्षिक कटान सुरु गर्ने हो कार्ययोजनामा खुलाइ सोही बमोजिम पहिलो, दोस्रो, तेस्रो गर्दै क्रमश बार्षिक रुपमा रुख कटानका कार्यहरू गर्नु पर्नेछ।

२२. **<u>रुख छपान तथा छपान मूल्याङ्कनः</u>** (१) कटान गर्न छनोट गरिएका रूखहरू छपान गर्दा डिभिजन वन कार्यालयको कम्तीमा सहायकस्तर पाँचौ (रेञ्जर वा सो सरह) वा उपभोक्ता समूहबाट नियुक्त वन विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वन प्राविधिक कर्मचारीको सहयोगमा प्रत्येक रुखको फेदमा (भूईदेखि ६ इन्च माथि) र छातीको उचाई (रुखको फेददेखि ४.५० फीट उचाई) मा गरी दुई ठाउँमा ६"x ६" को ब्लेज बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बनाइने ब्लेज एक अर्काको विपरित दिशामा हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको दुवै ब्लेजमा प्रष्ट देखिने गरी टाँचा लगाई सेतो इनामेलले छपान नम्बर लेख्नु पर्नेछ।

(४) ढलेका, खोलाले बगाई ल्याएका वा खोलामा गाडिएका वा भौगोलिक हिसावले भिरालो स्थानमा भएका रुखमा एक अर्काको विपरीत दिशामा ब्लेज बनाउन सम्भव नभए दुवै ब्लेजहरू एकै तर्फ नपर्ने गरी ब्लेज बनाई छपान गर्न सकिनेछ।

(५) रुखको छपान गर्दा समुदायद्वारा व्यवस्थापन गरिएको वनमा उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा संयुक्त रुपमा लगाउनु पर्नेछ।

तर, उपभोक्ता समूहको आन्तरिक खपतको लागि रुख छपान गर्दा उपभोक्ता समूहको टाँचा मात्र लगाए हुनेछ।

(६) सरकारद्वारा व्यवस्थित वनमा रुखको छपान गर्दा डिभिजन वन कार्यालयको टाँचा लगाउनु पर्नेछ।

(७) रुखको मापन, आयतन निकाल्ने र मूल्याङ्कन नियमावलीको अनुसूची - ४९ बमोजिम गर्नु पर्नेछ र सो को लागि अनुसूची - २० बमोजिम छपान रजिष्टर तथा तेरिज तयार गर्नु पर्नेछ।

२३. **छपान चेकजाँचः** (१) रुख छपान तथा छपान मूल्याङ्कन भए पश्चात् सोको जानकारी प्राप्त भएको सात दिनभित्र डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट छपान गरेका रुखमध्ये कम्तीमा पन्ध्र प्रतिशत छपान चेकजाँच गरी अनुसूची - २१ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

तर, उपभोक्ता समूहबाट नियुक्त वन प्राविधिकको सहयोगमा समूहले रुख छपान तथा छपान मूल्याङ्कनको लगत पेस गरेमा सवडिभिजन वन कार्यालयको प्रमुखले कम्तीमा पच्चीस प्रतिशत चेकजाँच गरी राय प्रतिवेदन सहित डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्राप्त भएको पेस भएको लगतमा डिभिजन वन अधिकृत वा निजले तोकेको अधिकृतले न्यूनतम पन्ध्र प्रतिशत छपान चेकजाँच गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) चुरे क्षेत्र र सरकारद्वारा व्यवस्थित वनको हकमा पचास भन्दाबढी रुख सङ्ख्या वा काठको छपान मूल्याङ्कन परिमाण तीन हजार घनफिट भन्दा बढी भएको अवस्थामा उपदफा (१) बमोजिमको लगतको न्यूनतम पाँच प्रतिशत छपान चेकजाँच निर्देशनालयले गर्नु पर्नेछ। निर्देशनालयले यस्तो चेकजाँच कार्यको लागि अनुरोध भई आएको मितिले दश दिनभित्र छपान चेकजाँच गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई सोको जानकारी उपलब्ध गराउनु पर्नेछ।

तर, उपभोक्ता समूहको आन्तरिक खपत हुने काठ दाउराको हकमा रुख छपान लगतको निर्देशनालयबाट चेकजाँच गर्नु पर्ने छैन।

२४. **सङ्कलन सहमति लिनु पर्नेः** (१) सामुदायिक वनको हकमा नियमावलीको नियम २४ र साझेदारी वनको हकमा नियमावलीको नियम ३९ बमोजिम सङ्कलन सहमति लिनु पर्नेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहले रुख सङ्कलन सहमति लिनु पूर्व आन्तरिक खपत हुने काठ दाउराको माग सङ्कलन गरी साधारण सभाबाट अनुमोदन गराई अनुसूची - २२ बमोजिमको ढाँचामा सवडिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा जानकारी दिनु पर्नेछ।

२५. **रुख कटान मुछानः** (१) दफा २१ बमोजिम निर्धारण भएको कटान प्लटमा कटान प्रयोजनका लागि छपान भइ सहमति प्राप्त भएका रुखहरू मात्र कटान गर्नु पर्नेछ।

(२) कुनै वर्ष कार्यान्वयन गर्ने भनी कार्ययोजनामा स्वीकृत भएका क्रियाकलापहरू (रुख कटान, पत्ल्याउने, सुधार कटान, पुनरुत्पादन तयारी कटान) विशेष कारणवश सो वर्षमा सम्पन्न हुन नसकेमा लगत्तैको अर्को वर्षमा सो कार्य सम्पन्न गरेपछि मात्र कार्ययोजनमा उल्लिखित कार्यतालिका बमोजिमको कार्य गर्नु पर्नेछ।

(३) उपभोक्ता समूहले रूख कटान, मुछान तथा सङ्कलन गर्दा आफ्नै खर्च र जिम्मेवारीमा समूहका उपभोक्तालाई प्राथमिकता दिई गर्नु पर्नेछ। यसो गर्दा जिल्ला दररेटभन्दा बढी पारिश्रमिक दिन पाइने छैन।

(४) उपभोक्ता समूहले रूख कटान, मुछान तथा सङ्कलन गर्दा कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगवाट अग्रिम लगानीका रूपमा रकम लिन पाइने छैन।

तर, आफ्नै स्रोत नभएमा बैङ्क तथा वित्तीय संस्थाको सहयोग तथा लगानीमा समूहका सदस्यलाई परिचालन गरी गर्न सकिनेछ।

(५) उपदफा (२) बमोजिम उपभोक्ता समूहका सदस्यलाई परिचालन गरी काठ, दाउरा सङ्कलन गर्न नसकेमा त्यस्तो उपभोक्ता समूहले सिलबन्दी बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई सबैभन्दा कम मूल्यमा

वन पैदावार सङ्कलन गर्न कबोल गर्ने फर्म वा कम्पनीलाई वन पेशी दिइ सङ्कलन कार्यमा लगाउनु पर्नेछ।

तर, वन पैदावार सङ्कलन कार्यमा संलग्न भएको फर्म, उद्योग वा कम्पनीले त्यस्तो वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छैन।

(६) समूहबाट व्यवस्थापन भएको बाहेक अन्य क्षेत्रमा डिभिजन वन कार्यालयले काठ, दाउराको कटान मुछान प्रतिष्पर्धात्मक तवरबाट सेवा प्रदायक छनौट गरी गर्नु पर्नेछ। तर सेवा प्रदायकबाट सो कार्य हुन नसक्ने अवस्था भएमा अमानतबाट गर्न बाधा पुग्ने छैन।

(७) छपान गरेको रूख कटान गर्दा बोटविरुवा, जैविक विविधता र वातावरणलाई हानी नोक्सानी नहुने गरी कटान गर्नु पर्नेछ र रूख कटान गर्दा तल्लो छपान ब्लेज़ प्रष्ट रूपमा देखिने गरी छोड्नु पर्नेछ।

(८) कटान भएका रुखका ठुटामा समुदायद्वारा व्यवस्थापन गरिएको वनमा उपभोक्ता समूहको टाँचा र सरकारद्वारा व्यवस्थित वनको हकमा डिभिजन वन कार्यालयको छपान टाँचा लगाइ क्रमश ठुटा नम्बर समेत लेख्नु पर्नेछ।

(९) छपान भएका रुखबाहेक अन्य रुख कटान गरिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानून अनुसार दण्ड सजाय र जरिवाना समेत हुनेछ।

२६. <u>**करारनामा सम्बन्धी व्यवस्थाः**</u> (१) नियमावलीको नियम ७२ बमोजिम काठ दाउरा लिलाम बिक्रीको सूचना भइ नियम ७३ बमोजिम ठेक्का सदर भएपछि सम्बन्धित व्यक्ति, फर्म, वा सस्थाले ठेक्का सदर भएको जानकारी प्राप्त गरेको सात दिनभित्र वा पत्र नबुझेको अवस्थामा सात दिन भित्र विद्युतीय माध्यमबाट समेत सार्वजनिक सूचना जारी गरी पन्ध्र दिनभित्र करारनामा गर्न आउनु भनी सूचना दिनु पर्नेछ। तोकिएको अवधि भित्र करारनामा गर्न नआएमा ठेक्का तोडी जमानत समेत जफत गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको ठेक्काको करारनामा गर्दा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत र ठेक्का सकार गर्ने व्यक्ति, निकाय वा निजको प्रतिनिधिले आ-आफ्नो साक्षीको रोहवरमा दस्तखत गर्नुपर्नेछ।

(३) करारनामा सम्बन्धी विवाद परेमा प्रचलित कानून बमोजिम हुनेछ।

२७. **<u>जमानत तथा धरौटी राख्नु पर्ने</u>:** ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा आफूले कबोल गरेको रकमको दश प्रतिशत बराबरको रकम धरौटी वा जमानत राख्नु पर्नेछ।

तर नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्वमा रहेका समिति तथा संस्थानहरुले कुनै जमानत तथा धरौटी राख्नु पर्ने छैन।

२८. **<u>वन प्रवेश इजाजत पत्र (वन पेशी)</u>:** (१) दफा २६ बमोजिम करारनामा गरेको सात दिनभित्र व्यक्ति, समिति वा संस्थानले अनुसूची - २३ बमोजिमको ढाँचामा वन पेशी लिई सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र वन पेशी नलिएमा करारनामा रद्द गरी सो वापत राखेको धरौटी रकम जफत गरिनेछ।

(३) उपदफा (२) बमोजिम करारनामा रद्द गरेको र सो वापतको धरौटी रकम जम्मा गरेको जानकारी करारनामा गरेको सम्बन्धित व्यक्ति, समिति वा संस्थानलाई दिनु पर्नेछ।

(४) नियमावलीको नियम ७२ बमोजिम खडा रुख लिलाम बिक्री स्वीकृत भइ कबोल रकम दाखिला गरिसकेपछि त्यस्ता रुखबाट काठ दाउरा सङ्कलनको लागि डिभिजनल वन अधिकृतले वन पैदावारको प्रकृति र प्रजाति हेरी सोही आर्थिक वर्षभित्र बढीमा आठ महिनाका लागि वन पेशी दिन सक्नेछ।

२९. **<u>काठ दाउराको नापी सम्बन्धी व्यवस्था</u>:** (१) काठ दाउराको नापी, गुणस्तर (ग्रेड) र पाईलिङ गर्ने गराउने कार्य रेञ्जर वा सो भन्दा माथिल्लो दर्जाको वन प्राविधिक कर्मचारीले गर्नु पर्नेछ।

(२) गोलिया काठको गोलाई नाप गर्दा नियमावलीको अनुसूची - ४९ को ३(क) बमोजिम गोलियाको लम्बाईको मध्य भागमा बोक्रा ताछेर रिङ्ग बनाई इन्चमा नाप गर्नुपर्नेछ।

(३) गोलिया काठको लम्बाइ मापन गर्दा नियमावलीको अनुसूची - ४९ को ३(ख) बमोजिम नजिकको फिटमा (८ इन्च माथि १ फिट, ४ देखि ८ इन्चसम्म ०.५ फिट र ४ इन्च मुनि ० फिट) कायम गर्नु पर्नेछ।

(४) गोलियाको आयतन निकाल्दा नियमावलीको अनुसूची - ४९ को ४(क) बमोजिमको सूत्रबाट निकाल्नु पर्नेछ। यसरी आयतन निकाल्दा गोलियामा धोँद भएमा धोँदको आयतन पनि सोही सूत्रवाट हिसाब गरी नियमावलीको अनुसूची - ४९ को ५ बमोजिम धोँदकट्टी गर्नु पर्नेछ।

(५) बल्लाबल्लीको नाप साइज दश सेन्टिमिटर भन्दा बढी तीस सेन्टिमिटर सम्म व्यास भएको र छ फिट भन्दा बढी लम्बाइ भएको हुनु पर्नेछ।

(६) दाउराको मापन गर्दा चट्टामा मापन गर्ने पर्नेछ। चट्टाको साईज र परिमाण नियमावली को अनुसूची - ४९ को ३(घ) बमोजिम हुनेछ।

३०. **काठको गुणस्तर निर्धारणः** (१) गोलिया काठको गुणस्तर (ग्रेड) निर्धारण गर्दा नियमावलीको अनुसूची-४९ को ६ बमोजिम निर्धारण गर्नु पर्नेछ। चिरान काठको हकमा सबै चिरान काठलाई "ए" ग्रेडमा कायम गर्नु पर्नेछ।

(२) कटान गरिएका रुखबाट निस्केका प्रत्येक गोलियाको सही नाप पैमाइस गरी सबै गोलिया काठको दुवै टक्करमा नमेटिने गरी गोलियाको नाप साइज (गोलाइ र लम्बाई) का साथै सो माथि उक्त गोलिया निकालिएको रूख नम्बर, प्रत्येक गिण्डा नम्बर र गोलिया काठको वर्गीकरण (ग्रेडः ए, बि, सी र डी) सेतो रङ्गले नमेटिने गरी प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ।

(३) कटान क्षेत्रमा उत्पादन भएका सबै गोलिया काठ, दाउराको लगत र नाप पैमाइस अनुसूची - २४ बमोजिमको कटान रजिष्टर तयार गर्नु पर्नेछ।

३१. **<u>काठ दाउरा ढुवानी र घाटगद्दीः</u>** (१) दफा ३० बमोजिम कटान भएका काठ, दाउरा सम्भव भएसम्म जङ्गल बाहिरको सुरक्षित ठाउँमा घाटगद्दी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम घाटगद्दीमा काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुवैतर्फ पासिङ्ग टाँचा वा समूहको टाँचा लगाउनु पर्नेछ।

(३) भौगोलिक विकटताका कारणले कटान प्लटबाट उपदफा (१) बमोजिम घाटगद्दी स्थलसम्म गोलिया काठ ढुवानी गर्न नसक्ने अवस्था भएमा डिभिजन वन कार्यालयको अनुमति लिई हातेआरा वा पावर चेन सः वा पोर्टेवल सःमिल प्रयोग गरी चिरान गरी चिरान काठ र बाकल समेत घाटगद्दीमा ल्याउनु पर्नेछ। यसरी कटान प्लटमा गोलिया काठको चिरान गर्न अनुमति दिएको सम्बन्धमा डिभिजन वन कार्यालयले निर्देशनालयलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चिरान गरिएको गोलिया काठको नम्बर, नाप र सङ्ख्या तथा प्रत्येक गोलियाबाट निस्किएको चिरान काठको नापी लगत रजिष्टर तयार गरी अनुसूची - २५ बमोजिमको घाटगद्दी रजिष्टरमा जनाउनु पर्नेछ।

(५) कटान प्लटबाट घाटगद्दी गर्ने स्थानसम्म काठ, दाउरा ढुवानी गर्दा अनुसूची - २६ बमोजिमको चलानी पूर्जीको प्रयोग गर्नु पर्नेछ।

तर, कटान क्षेत्र र घाटगद्दी वीचको दुरी एक किलोमिटर भन्दा कम भएको अवस्थामा त्यस्तो चलानी पूर्जी आवश्यक पर्ने छैन।

(६) घाटगद्दीमा गोलिया काठ राख्दा लामो गोलिया सबैभन्दा तल र क्रमशः छोटो गोलिया माथि हुने गरी सबै गोलिया काठको

एकातर्फको टक्कर एउटै सतहमा पर्ने गरी चाङ मिलाएर धाङ बनाइ राख्नु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि धाङ भन्नाले बढीमा एक सय थान गोलिया मिलाएर राखिएको थुप्रो/चाङलाइ बुझ्नु पर्छ।

(७) दाउराको हकमा २० फिट × ५ फिट ×५ फिट साइजको चट्टामा प्लट नम्बर समेत देखिने गरी चट्टा नम्बर इनामेलले लेखी राख्नु पर्नेछ। त्यसैगरी बल्लाबल्लीलाई पनि छुट्टै चाङ्ग लगाउनु पर्नेछ।

(८) व्यवस्थापकले घाटगद्दी स्थलमा रहेका काठ, दाउरा तथा अन्य वन पैदावारको आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

(९) उपभोक्ता समूहले घाटगद्दी स्थलको जानकारी डिभिजन वन कार्यालयलाई र सरकारद्वारा व्यवस्थित वनको हकमा डिभिजन वन कार्यालयले वन निर्देशनालयलाई जानकारी गराउनु पर्नेछ। घाटगद्दी स्थलको विवरण सवडिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

३२. **वन पैदावार सङ्कलन अवधिः** वन पैदावार सङ्कलन अवधि र म्याद थप सम्बन्धी व्यवस्था नियमावलीको नियम ७१ बमोजिम हुनेछ।

३३. **अनुगमन निरीक्षण गर्नुपर्नेः** (१) यस परिच्छेद बमोजिम रूख छपान, कटान, मुछान एवम् काठ दाउरा ढुवानी र घाटगद्दी तथा नाप पैमाइस आदि कार्य गर्दा स्वीकृत कार्ययोजना बमोजिम भए नभएको विषयमा सवडिभिजन वन कार्यालयको वन अधिकृतले नियमित अनुगमन निरीक्षण गरी सो को प्रतिवेदन डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यको सम्बन्धित स्थानीय तह, डिभिजन वन कार्यालय, वन निर्देशनालय र मन्त्रालयले समेत अनुगमन निरीक्षण गर्न सक्नेछन्।

(३) उपदफा (१) र (२) बमोजिमको अनुगमन निरीक्षणका क्रममा दिएको सुझाव तथा निर्देशनको पालना गर्नु सम्बन्धित व्यवस्थापकको कर्तव्य हुनेछ।

३४. **सङ्कलन क्षेत्रको अन्तिम जाँचः** (१) सबडिभिजन वन कार्यालयले कटान कार्य समाप्त भएको दश दिनभित्र कटान प्लटको अन्तिम निरीक्षण गरी अनुसूची - २७ बमोजिम प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ। कटान क्षेत्रको अन्तिम निरीक्षणमा सामुदायिक वनको हकमा डिभिजन वन कार्यालयको अधिकृत प्रतिनिधि र साझेदारी वन तथा सरकारद्वारा व्यवस्थित वनको हकमा निर्देशनालयको अधिकृत प्रतिनिधि समावेश हुनु पर्नेछ।

(२) व्यवस्थापकले प्लट कटान प्रक्रियाको छपान देखि अन्तिम चेकजाँच सम्मका लागि कर्मचारी वा प्रतिनिधि तोक्नु पर्नेछ।

(३) अन्तिम जाँचको क्रममा छपान भएका सबै रुख कटान भएको नपाइएमा कटान नगर्नाको कारण सहित रुखको सङ्ख्या र मूल्याङ्कन परिमाण सहित डिभिजन वन कार्यालयमा बुझाउनु पर्नेछ। तर, औचित्य पुष्टि हुन नसकेका त्यस्ता रुखको प्रति रुख दुइ हजार रुपियाँका दरले सकारकर्ताबाट असुल उपर गरी प्लटको अन्तिम चेकजाँच सम्पन्न गर्नु पर्नेछ।

(४) छपान भएको भन्दा फरक वा बढी रुख काटिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ। छपान भएका रुख हराएमा वा कुनै कारणबाट क्षति भएमा सो को जानकारी समयमै व्यवस्थापकलाई गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको जानकारीका सम्बन्धमा आवश्यक छानविन गर्दा लापरबाही वा अन्य कारणबाट रुख हिनामिना भएको देखिएमा सम्बन्धित व्यक्ति वा निकायबाट मूल्याङ्कन बमोजिमको रकम असुल उपर गरिनेछ।

३५. **<u>काठ दाउरा सदुपयोग गर्नु पर्नेः</u>** (१) व्यवस्थापकले आफूले सङ्कलन गरी घाटगद्दी गरेको काठ दाउराको समयमै सदुपयोगको व्यवस्था मिलाउनु पर्नेछ।

(२) अन्तिम चेकजाँच सम्पन्न भएको बढीमा तीन महिनाभित्र काठ दाउरा बिक्री वितरणको प्रक्रिया शुरु गर्नु पर्नेछ। कुनै कारणले तोकिएको अवधि भित्र प्रक्रिया शुरु गर्न नसकेमा कारण खुलाई निर्देशनालय र मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-७

## <u>काठ दाउराको लिलाम बिक्री सम्बन्धी व्यवस्था</u>

३६. **<u>काठ, दाउराको लिलाम बिक्रीः</u>** (१) दफा ३१ बमोजिम घाटगद्दी भएको काठ, दाउराको लिलाम बिक्री सम्बन्धी व्यवस्था नियमावलीको नियम ७२ बमोजिम हुनेछ।

(२) बोलपत्रबाट लिलाम बिक्री गर्दा रित पुगेका बोलपत्रहरु मध्ये बढी सकार गर्ने तीन जनाले राखेको धरौटी रोकी सबैभन्दा बढी मूल्य सकार गर्ने सकारकर्ताको बोलपत्र खोलेको मितिले दश दिन भित्र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने भन्ने निर्णय गरी सक्नुपर्नेछ। बिक्री सदर भएको मितिले सात दिन भित्र डिभिजन वन कार्यालयले कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी सम्बन्धित बोलपत्रदातालाई विद्युतीय वा अन्य माध्यमबाट जानकारी दिनु पर्नेछ।

(३) बिक्री स्वीकृत भइ जानकारी दिएको मितिले पन्ध्र दिनभित्र पहिलो सकारकर्ताले कबोल गरेको रकम व्यवस्थापकले तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ र पैंतालिस दिनभित्र अन्य दाखिला गर्नु पर्ने सबै रकम दाखिला गरी काठ, दाउरा उठाई लैजानु पर्नेछ।

(४) पहिलो सकारकर्ताले तोकेको म्याद भित्र सकार रकम दाखिला नगरेमा निजले राखेको धरौटी जफत गरी दोस्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत गर्नु पर्नेछ। यसरी दोस्रो बढी सकार गर्नेको नामको बोलपत्र स्वीकृत भएपछि बाटोको म्याद बाहेक दश दिनको म्याद दिई रकम दाखिला गर्न सूचना प्रकाशित गर्नु पर्नेछ।

(५) दोस्रो सकारकर्ताले पनि तोकिएको समयमा रकम व्यवस्थापकले तोकेको बैंक खातामा दाखिला नगरेमा धरौटी जफत गरी

तेस्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत गर्नु पर्नेछ। तेस्रो सकारकर्ताको नाममा बोलपत्र स्वीकृत भएमा सात दिनको समय दिई रकम दाखिला गर्न लगाउनु पर्नेछ। निजले पनि तोकिएको समयावधिमा रकम व्यवस्थापकले तोकेको बैंक खातामा दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी पुनः लिलाम बिक्रीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

तर त्यसरी दोस्रो वा तेस्रो सकारकर्ताको बोलपत्र स्वीकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कवोल अङ्कमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकम भन्दा कममा बोलपत्र स्वीकृत गरिने छैन।

(६) उपदफा (२) बमोजिम लिलाम स्वीकृति भएको जनाउ पाएको सकारकर्ताले तोकिए समयभित्र सकारेको रकम दाखिला गर्न असमर्थ रही कारणसहित जानकारी गराएमा निजले दिएको जानकारी मनासिव देखिएमा लिलाम बिक्री सदर गर्ने अधिकारीले सात दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(७) काठ दाउराको लिलाम बिक्री सदर गर्ने अधिकारी सम्बन्धी व्यवस्था नियमावलीको नियम ७३ बमोजिम हुनेछ।

३७. **खडा वा ढलेका रुख लिलाम बिक्री सम्बन्धी व्यवस्थाः** (१) स्वीकृत कार्ययोजना कार्यान्वयन गर्दा हटाउनुपर्ने खडा वा प्राकृतिक प्रकोपबाट ढलेका, सडक पहुँच नभएका र घाटगद्दी गर्ने स्थानको असहजता भएका क्षेत्रका रुखहरु हटाउनु पर्ने भएमा बढीमा २०० वटा रुखसम्मको प्लट बनाई नियमावलीको अनुसूची - ३० बमोजिमको राजस्व दर बमोजिम स्टम्पेज भ्यालु अनुसारको मूल्याङ्कन गरी यसलाई न्यूनतम मूल्य मानी खडा रुख वा ढलेको अवस्थाका रुख लिलाम बिक्री गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा कबोल गरेको सम्पूर्ण रकम सकारकर्ताले वन प्रवेश इजाजत प्राप्त गर्नु अघि व्यवस्थापकले तोकेको बैंक खातामा जम्मा गर्नु पर्नेछ। व्यवस्थापकले काठ दाउरा वा अन्य वन पैदावार लिलाम बिक्री सम्पूर्ण कारोबार बैंक खाता मार्फत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्दा उपभोक्ता समूहको हकमा डिभिजनल वन अधिकृतको र सरकारद्वारा व्यवस्थित वनको हकमा निर्देशकको स्वीकृति लिनु पर्नेछ।

(४) सकारकर्ताले उपदफा (१) बमोजिम कायम गरिएका प्लटहरुका सबै रुख कटान मुछान गरी काठ दाउरा उठाई लैजानु पर्नेछ। यदि रुखहरु कटान मुछान नगरेमा वा आंशिक कटान गरेमा पनि कवोल गरिए अनुसार दाखिला गरिएको रकम फिर्ता हुने छैन।

(५) सकारकर्ताले सूचनामा प्रकाशित काठ दाउराको परिमाण तथा मूल्य भन्दा बढी परिमाणमा निस्केमा जति बढी हुन्छ त्यसको थप राजस्व कबोल गरेको प्रति एकाइ दर अनुसार बुझाउनु पर्नेछ। तर मूल्याङ्कन भन्दा कम काठ तथा दाउरा उत्पादन भए पनि कबोल गरिए अनुसार दाखिला गरेको रकम फिर्ता हुने छैन।

(६) रुख कटानको क्रममा करारनामामा उल्लिखित परिमाण भन्दा बढी काठ दाउरा उत्पादन भएमा र उक्त बढी भएको काठ दाउरा सकारकर्ताले उठाई लग्ने भएमा नापी लगत अनुसार राजस्व रकम थप गर्नु पर्नेछ। यदि सकारकर्ताले बढी भएको काठ दाउरा पैंतालिस दिनभित्र पनि उठाई नलगेमा डिभिजन वन कार्यालयले उक्त काठ दाउरा जफत गरी लिलाम बिक्री गर्नेछ।

(७) ग्रेडिङ गर्नु नपर्ने प्रजातिका खडा वा ढलेका रुख नै लिलाम गर्दा स्टम्पेज भ्यालुको आधारमा मूल्याङ्कन गरिएको परिमाण भन्दा बढी निस्किएमा बढी भएको परिमाणको थप राजस्व कबोल गरेको प्रति इकाई दर अनुसार बुझाउनु पर्नेछ। तर मूल्याङ्कन भन्दा कम काठ तथा दाउरा उत्पादन भए पनि कबोल गरिए अनुसार दाखिला गरिएको रकम फिर्ता हुने छैन।

(८) नियमावलीको अनुसूची - ३० को खण्ड (क) मा उल्लेखित ग्रेडिङ्ग गर्नु पर्ने प्रजातिको खड़ा वा ढलेको रुख कटान मुछान नगरी सिधै लिलाम गर्नु पर्ने भएमा उक्त अनुसूचीमा उल्लेखित ग्रेड 'बी' ग्रेडको राजस्व दर बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ। यसरी गरिएको मूल्याङ्कनलाई न्यूनतम अङ्क मानी बिक्री गरिने छ। बोलपत्रदाताले

बोलपत्र फाराम दाखिला गर्दा ग्रेड अनुसारको कबोल अङ्क खुलाई पेस गर्नु पर्नेछ। खडा वा ढलेका रुखको लिलाम बिक्रीको करारनामा अनुसूची - २८ बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

(९) सकारकर्ताले कबोल गरेको सम्पूर्ण रकम दाखिला गरेपछि वन पेशी दिइनेछ। ग्रेडिङ्ग अनुसारको काठ दाउराको सकार दर रेट बमेजिमको मूल्यले खामेसम्म सोही अनुसार र अन्यथा कबोल दर रेटमा थप रकम लिई छोडपुर्जी दिनु पर्नेछ।

(१०) जरा ठुटासँग जोडिएको काठको मूल्य नियमावलीको अनुसूची - ३० को खण्ड (ख) बमोजिम हुनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "स्टम्पेज भ्यालु" भन्नाले कटान क्षेत्रमा रहेका खडा रुखहरूबाट निस्कन सक्ने काठ दाउराको परिमाण अनुमान गरी निकालिएको उक्त रुखहरूको मूल्यलाई सम्झनु पर्छ।

३८. **बिमार्का गरी छोडपुर्जी दिनुपर्नेः** (१) लिलाम स्वीकृत भइ कबोल रकम र अन्य दाखिला गर्नु पर्ने रकम सम्बन्धित सकारकर्ताबाट दाखिला भई सकेपछि घाटगद्दीमा रहेको वा आएको काठ नाप चेकजाँच गरी डिभिजनल वन अधिकृत वा निजले तोकेको वन अधिकृतले तोकिएको टाँचाबाट सात दिनभित्र बिमार्का गरिदिनु पर्नेछ। उपभोक्ता समूहको हकमा समूहको टाँचा समेत लगाउनु पर्नेछ।

(२) काठ, दाउरा र अन्य वन पैदावारको परिमाण खुलाई बिमार्का मुचुल्का तयार गरी सम्बन्धित कर्मचारीले बाटोको म्याद बाहेक चौबिस घण्टाभित्र डिभिजन वन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) वमोजिमको मुचुल्का प्राप्त गरिसकेपछि नियमावलीको नियम ७२ को उपनियम (५) बमोजिम छोडपुर्जी लिइ नियम ७६ बमोजिम सिल र दरपीठ समेत गराइ ओसारपसार गर्नु पर्नेछ। बिमार्का र छोडपुर्जी भएको वन पैदावार घाटगद्दीमा कुनै कारणले हानी नोक्सानी भएमा व्यवस्थापक जवाफदेही हुने छैन।

(४) सकारकर्ताले छोडपुर्जीमा उल्लिखित म्याद भित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मनासिव

माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन प्राप्त भएमा डिभिजनल वन अधिकृतले बढीमा सात दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(५) डिभिजनल वन अधिकृतले थपेको म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा थपिएको म्याद भित्रै पूनः म्याद थपको लागि निवेदन दिनु पर्नेछ। यसरी म्याद थपको निवेदन परेमा डिभिजनल वन अधिकृतले आफ्नो राय सहित तीन दिनभित्र निर्देशनालय समक्ष पेस गर्नु पर्नेछ र निर्देशकले आवश्यक ठहऱ्याएमा बढीमा सात दिनसम्मको म्याद थप गर्न निर्देशन दिन सक्नेछ।

(६) वन उपभोक्ता समुहबाट उपलव्ध छोडपुर्जी बमोजिम सकारकर्ताले म्यादभित्र वन पैदावार उठाई लैजान नसकिने भएमा उक्त म्याद भित्रै मुनासिव माफिकको कारण खुलाई म्यादथपको लागि निवेदन पेस गरेमा उपभोक्ता समूहको समितिको निर्णय सहितको पत्र र सवडिभिजन वन कार्यालयको सिफारिसमा एक पटकमा सात दिनका दरले बढीमा दुई पटकसम्म डिभिजनल वन अधिकृतले म्याद थपको सहमति उपलव्ध गराउन सक्नेछ।

## परिच्छेद-८

## कटान मुछान पछिको पुनर्स्थापना सम्बन्धी व्यवस्था

३९. **हाँगाबिगा हटाउने तथा सरसफाइ सम्बन्धी कार्यः** (१) पुनरूत्पादन/पुनरूत्पादन तयारी कटान गरिएको स्थानमा रुख कटान गरिसकेपछि सबै हाँगाबिगा, टुप्पाटाप्पी, पातपतिङ्गर र अन्य फोहर हटाइ सरसफाइ गर्नु पर्नेछ।

(२) कटान प्लटमा रुख कटान, मुछान र काठ दाउरा ढुवानी गर्दा प्रयोग गरिएको निकासी मार्गमा भएका खाल्डा खुल्डी पुरी साविककै स्थितिमा हुने गरी मर्मत सुधार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सरसफाई कार्य कटान कार्य समाप्त भए पश्चात् रुखको बीउ पाकेर झर्ने समयभन्दा कम्तीमा दुई हप्ता अगाडि नै गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको कार्य गर्दा लाग्ने खर्च सम्बन्धित रुख कटान, मुछान र काठ दाउरा ढुवानी गर्ने गराउने व्यक्ति वा निकायको हुनेछ।

४०. **पुनरूत्पादन अभिवृद्धिः** दफा ३९ बमोजिम कटान, मुछान भएको प्लटमा पुनरूत्पादन अभिवृद्धिको कार्य अनुसूची - २९ बमोजिम गर्नु पर्नेछ।

परिच्छेद-९

**वन व्यवस्थापनका अन्य क्रियाकलापहरु सञ्चालन गर्ने सम्बन्धी व्यवस्था**

४१. **वन क्षेत्रको खाली जग्गा व्यवस्थापनः** वन क्षेत्रको खाली जग्गा वन्यजन्तु वा परम्परादेखिको चरिचरन क्षेत्र भए सोही अवस्थामा रहन दिने, सम्भव भएसम्म प्राकृतिक पुनरूत्पादनद्वारा वन बनाउने, प्राकृतिक पुनरूत्पादन हुन नसक्ने अवस्थामा उपयुक्त प्रजातिको वृक्षारोपण गरी वनक्षेत्र विस्तार गर्नु पर्नेछ।

४२. **खोला खहरे तथा पानी निकास व्यवस्थापनः** (१) वन क्षेत्रभित्र रहेका खोला खहरेको संरक्षणको लागि खोला खहरेको दायाँ बायाँ कम्तीमा १०/१० मिटरभित्रका रुख विरुवाको कटान गर्न पाइने छैन।

(२) वन क्षेत्रबाट बग्ने पानीको उचित निकासको व्यवस्थापन गरी व्यवस्थापन गरिएको वनक्षेत्रमा भूक्षय हुन नपाउने गरी उपयुक्त प्रबन्ध मिलाउनु पर्नेछ।

तर, रुखकै कारण थप भूक्षय हुने जोखिमयुक्त रुखहरु हटाउन बाधा पर्ने छैन।

४३. **अग्निरेखा निर्माण, मर्मत संभार, स्तरोन्नतिः** वन संवर्धन गरिने वनमा अग्निरेखा निर्माण, भएका अग्निरेखाको मर्मत संभार तथा आवश्यकता अनुसार स्तरोन्नति गर्ने व्यवस्था मिलाउनु पर्नेछ। अग्निरेखा निर्माण गर्दा एक कम्पार्टमेण्ट र अर्को कम्पार्टमेण्टको बीचमा पाँच मीटर (०.५०

मिटर चाक्लो र ०.३० मिटर गहिरो नाला दुवै तर्फसमेत) समतल दुरीको चौडाईमा र एक सव कम्पार्टमेण्ट र अर्को सव कम्पार्टमेण्टको बीचमा चार मीटर (०.५० मिटर चाक्लो र ०.३० मिटर गहिरो नाला दुवै तर्फसमेत) समतल दुरीको चौडाईमा निर्माण गर्नु पर्नेछ।

४४. **<u>वन डढेलो रोकथाम तथा नियन्त्रणः</u>** (१) कटान प्लट, घाटगद्दी र अन्य वनक्षेत्रमा समेत वन डढेलो लाग्न नदिन वन व्यवस्थापकले ऐनको दफा १०६ तथा नियमावलीको नियम ९९ बमोजिम वन डढेलोको रोकथाम तथा नियन्त्रणको प्रबन्ध मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन डढेलोको रोकथाम तथा नियन्त्रण सम्बन्धी योजना वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

४५. **<u>पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापनः</u>** व्यवस्थापन गरिने वनक्षेत्रमा रहेका पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापनका लागि वन व्यवस्थापन कार्ययोजनामा प्रबन्ध मिलाउनु पर्नेछ।

४६. **<u>कोरिडोर तथा कनेक्टीभिटीः</u>** व्यवस्थापन गरिने वनक्षेत्र जैविक विविधता संरक्षणको दृष्टिकोणबाट कोरीडोर तथा कनेक्टिभिटीभित्र पर्न गएमा सो क्षेत्रबाट ओहोरदोहर गर्ने वन्यजन्तुको आवतजावतमा बाधा नपुग्ने गरी वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था मिलाउनु पर्नेछ।

४७. **<u>वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनः</u>** वन अतिक्रमण हुन नदिने तथा भएका अतिक्रमणको व्यवस्थापन योजना वन कार्ययोजनामा समावेश गरी उक्त क्षेत्रमा दफा ४० बमोजिम पुनरूत्पादन गराउनु पर्नेछ।

४८. **<u>चोरीकटानी तथा चोरी शिकारी नियन्त्रणः</u>** वन क्षेत्रमा हुने सम्भावित चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणका सम्बन्धमा वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

४९. **<u>वन क्षेत्रभित्रको नदीजन्य पदार्थ व्यवस्थापनः</u>** नदीजन्य पदार्थको व्यवस्थापन ऐनको दफा १३ तथा नियमावलीको नियम ८ र ९ बमोजिम गर्नु पर्नेछ।

५०. **<u>एकीकृत रोग किरा तथा मिचाहा प्रजाति व्यवस्थापनः</u>** (१) रोग किरा तथा मिचाहा प्रजातिको प्रकोप देखिएको वन क्षेत्रमा त्यस्ता प्रजाति हटाइ

उपयुक्त प्रजातिहरु हुर्कन सक्ने वातावरण सिर्जना गर्न सञ्चालन गरिने आवश्यक क्रियाकलाप वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोग किरा तथा मिचाहा प्रजातिको प्रकोपले महामारीको रुप लिने सम्भावना देखिएमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोग तथा सिफारिस बमोजिमका क्रियाकलाप गर्नु पर्नेछ।

५१. **<u>वन सम्बन्धी परम्परागत ज्ञान र प्रथाजनित अभ्यास सम्बन्धी व्यवस्थाः</u>** वन उपभोक्ताहरुमा भएको परम्परागत ज्ञान सीप र प्रथाजनित अभ्यासको संरक्षण एवम् प्रवर्धनका लागि गरिने क्रियाकलाप वन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

## परिच्छेद-१०

## जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

५२. **वन कामदारको सुरक्षाः** वन क्षेत्रमा काम गर्न अनुमती प्राप्त व्यक्ति, नकाय वा कम्पनीले नियमावलीको नियम ९८ बमोजिम कामदारको अभिलेख राखी परिचयपत्र उपलब्ध गराउने, वन पैदावार कटान, मुछान, सङ्कलन र ओसारपसारका बारेमा तालिम दिने, व्यक्तिगत सुरक्षा सामग्री उपलब्ध गराउने, प्राथमिक उपचारको व्यवस्था मिलाउने, दुर्घटना बिमा गर्नु पर्ने तथा कामदारको क्याम्पको सुरक्षा लगायतको व्यवस्था मिलाउनु पर्नेछ।

५३. **वन प्राविधिकको क्षमता अभिवृद्धिः** डिभिजन वन कार्यालय र उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना निर्माण र व्यवस्थापनमा संलग्न प्राविधिकको क्षमता अभिवृद्धिका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्राविधिक व्यवसायिक तालिम केन्द्र वा वन विज्ञान अध्ययन/अध्यापन गराउने संस्थाबाट तालिम, स्थलगत अभ्यास र प्रशिक्षण जस्ता अवसर उपलब्ध गराउनु पर्नेछ।

५४. **उपभोक्ता समूहको क्षमता अभिवृद्धिः** डिभिजन वन कार्यालय र उपभोक्ता समूहले वन व्यवस्थापन कार्यमा संलग्न उपभोक्ता समूहका लागि तालिमको

आवश्यकता पहिचान गरी सोही अनुसारको तालिम कार्यक्रम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी संचालन गर्नुपर्नेछ।

**५५.** **कोषको रकम खर्च गर्न सक्ने:** वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम वन व्यवस्थापनका कार्य गर्न गराउन त्यसमा खटिने कामदार, समूहका पदाधिकारी, उपभोक्ता समूहका सदस्य र वन प्राविधिकलाई समूह कोषको रकमबाट क्षमता अभिवृद्धि तालिम, स्थलगत अभ्यास र प्रशिक्षण र सिकाइ आदानप्रदान लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

परिच्छेद-११

## जडीबुटी र गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्था

**५६.** **जडीबुटी र गैरकाष्ठ वन पैदावार व्यवस्थापन:** (१) वन क्षेत्रमा पाइने महत्वपूर्ण जडीबुटी र गैरकाष्ठ वन पैदावारको दिगो उत्पादनको सम्भावना भएमा वन स्रोत सर्वेक्षणबाट परिमाण एकीन गरी वन व्यवस्थापन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(२) समुदायद्वारा व्यवस्थापन गरिएको वा सरकारद्वारा व्यवस्थित वनमा व्यवस्थापकले उच्च मूल्यका र नेपाल सरकारले तोकेका प्राथमिकता प्राप्त जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन, विकास, खेती बिस्तार गर्न सक्नेछ।

**५७.** **जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरण:** समुदायमा आधारित वन र सरकारद्वारा व्यवस्थित वनमा जडीबुटी र अन्य वन पैदावारको सङ्कलन तथा बिक्री वितरण नियमावलीको नियम १२ र नियम ७७ बमोजिम गर्नु पर्नेछ।

**५८.** **सङ्कलन तथा बिक्री वितरण सम्बन्धी विशेष व्यवस्था:** सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धीको अनुसूची - १, अनुसूची - २ र अनुसूची - ३ मा सूचिकृत रहेका वन पैदावारको सङ्कलन, ओसारपसार वा निकासी प्रचलित कानून बमोजिम हुनेछ।

५९. **जडीबुटी पकेट क्षेत्रः** जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रमा पकेट क्षेत्र पहिचान र घोषणा गरी त्यस्तो पकेट क्षेत्रमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, प्रशोधन तथा उद्यम विकास लगायतका कार्यहरू ऐनको दफा १८ तथा नियमावलीको नियम ११ बमोजिम गर्न सकिनेछ।

## परिच्छेद - १२

## सौन्दर्यमूलक वन र वातावरणीय सेवा सम्बन्धी व्यवस्था

६०. **पर्यापर्यटन कार्यक्रमः** (१) पर्यापर्यटनको सम्भावना भएका र लाभलागत विश्लेषणबाट सम्भावना देखिएका सौन्दर्यमूलक वनक्षेत्रमा ऐनको दफा ११ तथा नियमावलीको नियम ७ बमोजिम पर्यापर्यटनको विकास गरी थप आयआर्जनको अवसर सिर्जना गर्न सकिनेछ।

(२) सामुदायिक वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था ऐनको दफा ३७ को उपदफा (४) तथा नियमावलीको नियम २८ बमोजिम हुनेछ।

६१. **पारिस्थितिकीय सेवा व्यवस्थापनः** वनक्षेत्रको संरक्षण र व्यवस्थापनबाट उत्पादन र प्रवाह हुने कार्बन सेवा, जैविक विविधताको संरक्षण, जलाधार तथा जलचक्र प्रणाली, पर्यापर्यटन, नाइट्रोजन चक्र, माटो बन्ने प्रक्रिया, स्वच्छ हावा, जलवायु नियमन, सौन्दर्य सेवा, आध्यात्मिक तथा मनोरन्जनात्मक सेवा लगायतका वातावरणीय सेवाको व्यवस्थापन र उपयोग गर्न आवधिक योजना सहितको रणनीतिक योजना तथा वन व्यवस्थापन कार्ययोजनामा उल्लेख गरी कार्यान्वयन गर्नु पर्नेछ।

६२. **खर्क र चरनक्षेत्रको संरक्षणः** (१) उच्च पहाडी भेगमा परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भइ आएको क्षेत्र सामुदायिक वनभित्र पर्ने भएमा सो खर्क र चरन उपयोगमा बाधा नपर्ने व्यवस्था मिलाइ वन व्यवस्थापन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(२) डिभिजनल वन अधिकृतले सरकारद्वारा व्यवस्थित वनमा रहेका उच्च पहाडी भेगमा परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भइ आएको क्षेत्रको संरक्षण, संवर्धन, विकास र उपयोगको सेवा प्रवाहमा

बाधा नपर्ने गरी आवधिक योजना सहितको रणनीतिक योजनामा समावेश गर्नु पर्नेछ।

परिच्छेद - १३

## संरक्षणमुखी वन क्षेत्र व्यवस्थापन सम्बन्धी व्यवस्था

६३. **संरक्षणमुखी क्षेत्रको पहिचान र व्यवस्थापनः** (१) वन व्यवस्थापकले संरक्षणमुखी वन क्षेत्र व्यवस्थापनको लागि वन क्षेत्रभित्र रहेका संरक्षण, संवर्धन र विकास गर्नु पर्ने सजीव तथा निर्जीव अवयवहरूको पहिचान गर्नु पर्नेछ।

तर, वन्यजन्तुको वासस्थानको रुपमा प्रयोग भएका र हुन सक्ने रुखलाइ संरक्षण गरी यथास्थितिमा राखुपर्नेछ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका अवयवहरूको संरक्षण, संवर्धन र विकासका लागि देहायका कार्यहरू कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछः

(क) नदी, खोला, तथा खहरेको प्रकृति हेरी किनाराबाट न्यूनतम दश देखि तीस मिटर सम्मको क्षेत्रलाई संरक्षण गर्ने कार्य,

(ख) पानीका मुहान, तालतलैया, सिमसार तथा सम्वेदनशील जलाधार क्षेत्रमा वातावरणीय सेवाका कार्यहरूको व्यवस्थापन,

(ग) राष्ट्रिय राजमार्ग वा प्रादेशिक र स्थानीय सडकको मार्गाधिकार (राइट अफ वे) मा दायाँ बाँया किनारमा प्रचलित कानूनमा तोकिए बमोजिमको ग्रीनवेल्ट कायम कार्य,

(घ) दुर्लभ, लोपोन्मुख र संरक्षित प्रजातिका बासस्थान तथा जैविक मार्गहरूको संरक्षण र व्यवस्थापन,

(ङ) भूक्षय भै रहेको वा हुन सक्ने सम्भावित क्षेत्रको पहिचान तथा नक्साङ्कन गरी नियन्त्रणका कार्य

(ङ) घाँसेमैदान र चरिचरन खर्कको संरक्षण र व्यवस्थापन,

(छ) प्रथाजनित व्यवस्थापन प्रणाली तथा आदिवासी जनजाति समुदायको परम्परागत ज्ञान तथा सिपलाई

ध्यान दिई सांस्कृतिक, धार्मिक, पुरातात्विक, जैविक महत्वका क्षेत्रको अभिलेखीकरण, संरक्षण तथा प्रवर्धन।

६४. **संरक्षणमुखी वनमा उत्पादन नियमनः** (१) संरक्षणमुखी वन क्षेत्रमा मरेका, सुकेका, मर्न लागेका, रोग कीरा लागेका र ढलापढा रुख मात्र कटान गरी निकाल्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संरक्षणमुखी वन क्षेत्रमा सडक, बाटो, नहर, सिंचाइ कुलो लगायतका भौतिक पूर्वाधारलाई जोखिम पुऱ्याउने तथा भिरपाखामा पहिरोको जोखिम बढाउने किसिमका रुखहरू डिभिजनल वन अधिकृतले नियमावलीको नियम ५७ बमोजिम हटाउन सक्नेछ।

(३) महत्वपूर्ण र उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको उपलब्धता र उत्पादनको सम्भावना भएका संरक्षणमुखी वनक्षेत्रको कार्ययोजना बनाइ त्यस्ता जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्धन, खेती विकास र उपयोग गर्न सकिनेछ।

(४) उपदफा (३) को प्रयोजनका लागि व्यवस्थापकले पकेट क्षेत्र निर्धारण गर्न सक्नेछ।

परिच्छेद-१४

## वित्तिय विश्लेषण सम्बन्धी व्यवस्था

६५. **वित्तीय विश्लेषणः** (१) वन व्यवस्थापन योजना वित्तीय रुपमा लाभप्रद छ/छैन भनी वित्तीय विश्लेषण, लाभ लागत अनुपात (वेनिफिट/कष्ट रेसियो), खुद वर्तमान मूल्य (नेट प्रिजेन्ट भ्यालु) वा आन्तरिक प्रतिफल दर (इन्टरनल रेट अफ रिटर्न) बाट वित्तीय विश्लेषण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम वित्तीय विश्लेषण गर्दा लाभ लागत अनुपात एक भन्दा बढी, खुद वर्तमान मूल्य सकारात्मक वा आन्तरिक प्रतिफल दर खर्च गरिने रकमको वैकल्पिक मूल्य (अपरचुनिटी कष्ट अफ क्यापिटल) भन्दा बढी हुनु पर्नेछ।

६६. **संवेदनशीलता विश्लेषणः** ज्यालादर, व्याजदरमा परिवर्तन, वन पैदावारको मूल्यमा परिवर्तन, खडा रुखको अनुमानित आयतन भन्दा कटान मुछान

पश्चात धोद वा अन्य कारणले गोलिया काठ उत्पादन कम र दाउरा बढी उत्पादन हुनु, वन डढेलो, मिचाहा प्रजाति र खडेरीको कारण पुनरुत्पादनमा कमी आदि जस्ता आउनसक्ने जोखिम तथा संवेदनशीलताको वन व्यवस्थापन योजनामा विश्लेषण गर्न सकिनेछ।

६७. **<u>वित्तिय तथा आर्थिक विश्लेषण अवधि:</u>** वन व्यवस्थापन कार्ययोजना अवधि भरको लागि गर्नु पर्नेछ।

परिच्छेद - १५

**<u>सुशासन सम्बन्धी व्यवस्था</u>**

६८. **<u>आम्दानीको व्यवस्थापन:</u>** उपभोक्ता समूहको कोषमा प्राप्त हुने आम्दानीको व्यवस्थापन सामुदायिक वनको हकमा ऐनको दफा ३७, साझेदारी वनको हकमा ऐनको दफा ४५ बमोजिम हुनेछ।

६९. **<u>वन व्यवस्थापन कार्यको अनुगमन:</u>** (१) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन गरिने वनको कार्ययोजनाको तयारी देखि कटान, मुछान र घाटगद्दी गर्ने कार्य सम्पन्न गरी वन पैदावार व्यवस्थापन गर्ने, कटान गरिएको क्षेत्रमा वन पुनरुत्पादन अभिवृद्धि, घाटगद्दी र कटान क्षेत्रको सुरक्षा समेतको कार्य गर्न उपभोक्ता समूहले उपसमिति गठन गरी अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको उपसमितिले अनुगमन प्रतिवेदन उपभोक्ता समूहमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनलाई उपभोक्ता समूहले सवडिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ।

(४) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने सरकारद्वारा व्यवस्थित वनको हकमा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत र सम्बन्धित सवडिभिजन वन कार्यालयको प्रमुखले संयुक्त रुपमा कटान, मुछान, ओसारपसार, घाटगद्दी, कटानपछि सो क्षेत्रको व्यवस्थापन, कटान गरिएको क्षेत्रमा वन पुनरुत्पादन अभिवृद्धि

लगायतका कार्यको अनुगमन गरी प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र सो को प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन गरिएका वनको आवधिक रुपमा अनुगमन गर्न देहायको बमोजिमको संयुक्त अनुगमन समिति रहनेछः

(क) डिभिजनल वन अधिकृत -संयोजक

(ख) निर्देशनालयले तोकेको कम्तीमा सातौं तहका प्राविधिक प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित स्थानीय तहले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित उपभोक्ता समूहको अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित सवडिभिजन वन कार्यालयको प्रमुख -सदस्य सचिव

(६) मन्त्रालय, निर्देशनालय, स्थानीय तह र डिभिजन वन कार्यालयले वन संवर्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको वन व्यवस्थापन र अन्य क्रियाकलाप सम्बन्धी कार्यको जुनसुकै समयमा अनुगमन निरीक्षण गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको अनुगमन निरीक्षणलाई सहयोग गर्नु सम्बन्धित डिभिजन वन कार्यालय, सवडिभिजन वन कार्यालय र उपभोक्ता समूहको कर्तव्य हुनेछ।

७०. **वनको प्राविधिक परीक्षणः** (१) मन्त्रालयले वन संवर्द्धन प्रणालीमा आधारित रही व्यवस्थापन गरिएका वनको दिगो वन व्यवस्थापनको अवधारणा अनुरुप भए नभएको सम्बन्धमा प्राविधिक परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनको प्राविधिक परीक्षण गर्न मन्त्रालयले देहायको समिति गठन गर्ने सक्नेछ।

(क) निर्देशक, निर्देशनालय -संयोजक

(ख) मन्त्रालयको वन व्यवस्थापन विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(ग) सम्बन्धित डिभिजन वन कार्यालयको प्रमुख -सदस्य

(घ) मन्त्रालयले तोकेको वन विज्ञ प्रतिनिधि -सदस्य

(ङ) वन अनसुन्धान तथा प्रशिक्षण केन्द्र प्रमुख -सदस्य सचिव

(३) उपदफा (१) बमोजिम गरिने प्राविधिक परीक्षणको सिद्धान्त र आधारहरु अनुसूची - ३० बमोजिम हुनेछन्।

(४) उपदफा (१) बमोजिम गरिने प्राविधिक परीक्षणको कार्यमा सहयोग गर्न वन निर्देशकले अन्य अधिकृत कर्मचारी तोक्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमको समितिले प्राविधिक परीक्षण गरी सोको प्रतिवेदन अनुसूची - ३१ बमोजिमको ढाँचामा मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेस भएको प्रतिवेदनका सम्बन्धमा मन्त्रालयले आवश्यक अध्ययन तथा परामर्श गरी वन व्यवस्थापनका सम्बन्धमा कार्यगत सुधार गर्नु पर्ने भएमा मन्त्रालयले सम्बन्धित डिभिजन वन कार्यालयलाई निर्देशन दिन सक्नेछ र नीतिगत व्यवस्थामा संशोधन गर्न आवश्यक भएमा मन्त्रालयले कारबाही प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

## परिच्छेद-१६

## **विविध**

७१. **कार्ययोजना संशोधनः** (१) वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम स्वीकृत भएका र म्याद कायम रहेका साविकका उत्पादनमूलक वनका कार्ययोजना संशोधन नगरेको अवस्था भएमा यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्षभित्र नियमावलीको नियम ५ को उपनियम (४) बमोजिम कार्ययोजनालाई संशोधन गरी कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्ययोजना संशोधन गर्दा साविकको कार्ययोजनामा कटान क्षेत्र निर्धारण भइ व्यवस्थापन हुन बाँकी रहेको वनक्षेत्रलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्ययोजना संशोधन गर्न नसकेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले एक वर्षको समयावधि थप गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नियमावलीको नियम ५ बमोजिम वर्गीकरण गरिएका उत्पादनमूलक वन बाहेकका अन्य वनको साविकको कार्ययोजनाको अवधि समाप्त भइसकेको अवस्था र नयाँ कार्ययोजना नभएको अवस्थामा त्यस्ता वनको यस निर्देशिका बमोजिम क्रमशः कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ।

७२. <u>**सङ्क्षिप्त कार्ययोजना सम्बन्धी व्यवस्थाः**</u> एक लाख रुपैयाँ भन्दा कम वार्षिक आम्दानी भएका, उपभोक्ता समूह भन्दा बाहिर वन पैदावार बिक्री वितरण नगर्ने, वन संवर्धन प्रणालीमा आधारित भइ वन व्यवस्थापन नगर्ने सामुदायिक वनको कार्ययोजना अवधि समाप्त भइ तत्काल नवीकरण हुन नसकेका उपभोक्ता समूहले साविकको कार्ययोजनाले तोकेको वन पैदावावरको वार्षिक स्वीकार्य कटानको परिमाणमा नबढ्ने गरी ऐनको दफा ३३ तथा नियमावलीको नियम २३ बमोजिम सङ्क्षिप्त कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सकिनेछ।

७३. <u>**वन व्यवस्थापन कार्ययोजना तयार गर्नु पर्नेः**</u> (१) वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना अनुसूची - ३२ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक वनको कार्ययोजनाको हकमा नियमावलीको अनुसूची - २५ का अतिरिक्त अनुसूची - ३२ मा उल्लिखित विषय समेत समावेश गर्नु पर्नेछ।

७४. <u>**जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ दाउरा उपलब्ध गराउनु पर्नेः**</u> (१) वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वनबाट उत्पादित काठ दाउरा मध्य जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्ने काठ दाउरा सम्बन्धी व्यवस्था नियमावलीको नियम २५ को उपनियम (७) बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहबाट जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराएको काठ दाउराले नपुग्ने देखिएमा नपुग परिमाण डिभिजन वन कार्यालयले सरकारद्वारा व्यवस्थित वनबाट उत्पादन भएको काठ दाउराबाट उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम डिभिजन वन कार्यालयले जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलब्ध गराएको काठ दाउरा बाहेकको काठ दाउरा मात्र लिलाम बिक्री गर्नु पर्नेछ।

७५. **उपसमिति गठन गर्ने सक्ने:** (१) यस निर्देशिकामा भएका वन व्यवस्थापन कार्य र क्रियाकलाप व्यवस्थित र नियमित गर्नका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभाबाट उपसमितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमितिको अधिकार साधारण सभाबाट निर्णय भए बमोजिम हुनेछ।

७६. **बदनियतले कार्य गरेमा कारबाही हुने:** यो निर्देशिका कार्यान्वयन गर्दा कर्मचारी, कामदार वा यो निर्देशिकाले निर्दिष्ट गरेका अन्य व्यक्ति वा निकायबाट बदनियत राखी निर्देशिकाको आशय विपरीत हुने गरी कुनै काम कारबाही गरेमा छानविन गरी कानून बमोजिम कारबाही हुनेछ।

७७. **मापदण्डलाई ध्यान दिनु पर्ने:** वन व्यवस्थापन कार्ययोजनाको तयारी र कार्यान्वयन गर्दा प्रचलित दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड र राष्ट्रिय वनको एकिकृत रणनीतिलाई समेत ध्यान दिनु पर्नेछ।

७८. **व्याख्या गर्ने अधिकार:** यस निर्देशिकामा लेखिएका व्यवस्था उपर उठेका विवादको व्याख्या गर्ने अन्तिम अधिकार मन्त्रालयलाई हुनेछ।

७९. **कर्तव्य हुने:** यस निर्देशिकामा भएको व्यवस्थाको कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित वन व्यवस्थापकको हुनेछ।

८०. **अनुसूची हेरफेर:** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यस निर्देशिकाको अनुसूचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ।

अनुसूची - १

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**<u>सर्भे फिल्डबुकको ढाँचा</u>**

| **क्र.सं.** | **सर्भे विन्दु (स्टेशन)** | **स्थानमान (Co-ordinates)** | | **सर्भे विन्दुको वस्तुस्थिति विवरण** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | **अक्षांश (Latitude-** | **देशान्तर (Longitude-** | | |
| **१** | | | | | |
| **२** | | | | | |
| **३** | | | | | |

नोटः वन सिमाना र विभिन्न वस्तुस्थितिको सर्भे गर्दा देहायका कुराहरु ध्यान दिनु पर्नेछ।

| **वस्तुस्थिति (फिचर)** | **सर्भे गर्दा ध्यान दिनु पर्ने कुराहरु** |
|---|---|
| वन सिमाना | घुम्ति रहेको स्थानमा जिपियसबाट मार्क गरी स्थानमान लिई वस्तुस्थिति समेत कैफियतमा जनाउने। |
| बाटो, गोरेटो, कुलो, नहर तथा खोला, नदी जस्ता रेखात्मक संरचनाहरू (लिनेयर फिचर) | रेखात्मक संरचनाको घुम्ति रहेको स्थानमा जिपियसबाट मार्क गरी स्थानमान लिने र संरचनाको औसत चौडाइ मापन गर्ने। |
| आवादी | निजी दर्ता जग्गासँग जोडिएको वनको सर्भे गर्दा नापीको नक्सा र फिल्डबुकको समेत सहयोग लिई जग्गा धनीको रोहवरमा निजी जग्गा र वनको सिमानामा चिन्ह लगाई जिपियस पोइन्ट लिने। |
| अतिक्रमित वन क्षेत्र | अतिक्रमित वन क्षेत्र नछुट्ने गरी जिपिएसबाट स्थानमान लिने। |
| झाडीवुट्यान, भिर, पानी | अनुमानित क्षेत्रफल ०.१० हेक्टर वा सो भन्दा |

| | |
|---|---|
| पोखरी, सिमसार, चट्टान, घांसे मैदान जस्ता क्षेत्रहरू (एरिया फिचर) | कम भए बीचमा पर्ने गरी एउटा पोइन्ट लिने अन्यता चौघेराका पोइन्ट लिने। |
| घर, मन्दिर, पुल, चौतारो, कुवा तथा पानी मुहान संरचनाहरु (प्वाईन्ट फिचर) | पोइन्ट लिइ कैफियतमा उल्लेख गर्ने। |

अनुसूची - २

(दफा ५ को उपदफा (१) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कम्पार्टमेण्ट तथा सब कम्पार्टमेण्ट विभाजन सम्बन्धी व्यवस्था**

**(क) कम्पार्टमेण्ट विभाजन (डिभिजन अफ कम्पार्टमेन्ट)**

वन क्षेत्रलाइ समथर र भिरालोपनाको आधारमा ८.५ डिग्री भन्दा कम, ८.५ देखि १९ डिग्रीसम्म, १९ डिग्री देखि ३१ डिग्री सम्म र ३१ डिग्री भन्दा माथिको भाग छुट्टिने गरी स्लोप नक्सा तयार गर्नु पर्नेछ। वन व्यवस्थापनको लागि सहज हुने गरी छनौट गरिएको वन संवर्धन प्रणाली अनुसार कम्पार्टमेण्टमा विभाजन गर्नु पर्नेछ। वन व्यवस्थापनको हिसावले कम्पार्टमेण्ट पूर्ण एकाई (सेल्फ कन्टेन्टेन्ट युनिट) को रुपमा मानिनेछ। एउटा कम्पार्टमेण्टलाइ वाली चक्र तथा पुनरुत्पादन अवधी (रिजेनेरेशन पेरियड) को आधारमा सव कम्पार्टमेण्टहरुको सङ्ख्या निर्धारण गरी कटान शृङ्खला  बनाउनु पर्नेछ। छत्र प्रणालीमा कटान शृङ्खला लाई आवधिक खण्डमा विभाजन गर्नु पर्छ। त्यस्तै सरपट कटान प्रणालीमा कटान शृङ्खलालाई वार्षिक कटान क्षेत्रमा विभाजन गर्नु पर्छ। छनौट प्रणाली अपनाइने भए कटान शृङ्खला लाई कटान चक्रको आधारमा कटान क्षेत्र मा विभाजन गर्नु पर्छ।

आवधिक खण्डको सङ्ख्या पुनरुत्पादन अवधि र बाली चक्रमा भर पर्छ। जस्तै १०० वर्षको बाली चक्र र १० वर्षको पुनरुत्पादन अवधि भएमाको सङ्ख्या १० वटा हुन आउँछ। त्यस्तै वार्षिक कटान क्षेत्रको सङ्ख्या बाली चक्रमा भर पर्छ। छनौट प्रणालीमा कटान क्षेत्रको सङ्ख्या कटान चक्र बराबर हुन्छ। ५ वर्षको कटान चक्र अपनाइएमा वनलाई (कटान शृङ्खला) लाई ५ वटा कटान क्षेत्रमा विभाजन गर्नु पर्छ।

कम्पार्टमेण्टलाई पूर्ण एकाईको रुपमा लिई वन व्यवस्थापन गर्ने भएमा हरेक कम्पार्टमेण्टमा आवश्यक सङ्ख्यामा आवधिक खण्ड/वार्षिक कटान क्षेत्र/कटान क्षेत्र हुनु पर्छ। कम्पार्टमेन्टको सबै भागमा एकै उमेरका रुखहरु नभई फरक-फरक उमेरका रुखहरु भएको क्षेत्र पर्नेगरी कम्पार्टमेण्ट छुट्याउनु पर्छ। जसमा कुनै सब-कम्पार्टमेण्टमा कटान गर्न लायक वयस्क वा ज्यादै बूढा रुख भएको क्षेत्र, कुनै सब-कम्पार्टमेण्टमा बढ्दा उमेरका रुख भएको क्षेत्र, यस्तै अन्यमा साना रुख, पोल अवस्थाको वन, लाथ्रा अवस्थाको वन भएको क्षेत्र छुट्याउन सजिलो

होस। सीमाना सर्भे र अन्य वस्तुस्थिति सर्भेको डाटा गोगल अर्थमा अपलोड गरेर कम्पार्टमेण्ट विभाजन गर्न सजिलो हुन्छ। गुगल अर्थबाट कम्पार्टमेण्टको सीमानाको कोअर्डिनेट पोइन्ट समेत निकाल्न सकिन्छ।

सेल्फ कन्टेन्ड कम्पार्टमेनटको अवधारणामा काम नगर्ने भए वनलाई उपयुक्त क्षेत्रफलका कम्पार्टमेण्टमा विभाजन गर्नु पर्छ। पछि यी कम्पार्टमेण्टमा रहेका सब-कम्पार्टमेण्टलाई विभिन्न कटान शृङ्खलामध्ये कसमा राख्ने भन्ने सब-कम्पार्टमेण्टको वनको अवस्था हेरेर तोक्नु पर्छ। वनको क्षेत्रफल हेरी १ वा बढी कटान शृङ्खला हुन सक्छन्। सेल्फ कन्टेन्ड कम्पार्टमेण्ट अवधारणामा कम्पार्टमेण्टले नैकटान शृङ्खलाको काम गर्दछ। सेल्फ कन्टेन्ड अवधारणा अवलम्बन नभए कटान शृङ्खला कुनकुन सब-कम्पार्टमेण्ट मिलाएर गराउने भन्ने कुरा योजनामा स्पष्ट लेख्नु पर्छ।

सामुदायिक वनहरुको क्षेत्रफल थोरै रहेको र वनको अवस्था (उमेर) पनि प्राय एकैनास (एउटा सा.व.मा) रहेको हुँदा एक वटा सामुदायिक वनलाई एक वटा कम्पार्टमेण्ट बनाउने र धेरै वटा सामुदायिक वन मिलाएर एक वटा कटान शृङ्खला बनाई वन व्यवस्थापन गर्नु उचित हुने देखिन्छ। यस निर्देशिका अनुसारको क्षेत्रफल भएका सामुदायिक वनलाई सेल्फकन्टेन्ड एकाईको रुपमा व्यवस्थापन गर्न सकिन्छ।

कम्पार्टमेन्टको क्षेत्रफलले अग्नि रेखाको घनत्व निर्धारण गर्दछ। यसले कति वनक्षेत्र अग्नि रेखामा जाने भन्ने र अग्नि रेखा निर्माण तथा मर्मतमा लाग्ने खर्चमा समेत असर पर्छ। अग्नि रेखाको घनत्व ज्यादै कम भयो भने अग्नि रेखा प्रभावकारी हुँदैन, ज्यादै बढी भयो भने खर्च बढी लाग्छ। तसर्थ उपयुक्त क्षेत्रफलको कम्पार्टमेण्ट निर्माण गर्नु पर्छ। अवस्था हेरी दुइ सय हेक्टर देखि चार सय हेक्टर क्षेत्रफलको कम्पार्टमेण्ट निर्माण गर्नु उपयुक्त हुन्छ। दुई सय हेक्टर भन्दा कम क्षेत्रफलको वन भएमा एक वटा मात्र कम्पार्टमेण्ट हुन्छ र अग्नि रेखा वनको सीमानामा मात्र निर्माण गर्नु पर्छ। पचास हेक्टरभन्दा सानो सवकम्पार्टमेण्ट वरिपरि अग्नि रेखा निर्माण गर्नु हुँदैन।

**(ख) सव कम्पार्टमेण्ट विभाजन (डिभिजन अफ सव कम्पार्टमेन्ट)**

सेल्फकन्टेन्ड अवधारणा अनुसार काम गर्ने भएमा हरेक कम्पार्टमेण्टलाई आवधिक खण्ड/वार्षिक कटान क्षेत्र/कटान क्षेत्रको सङ्ख्या बराबरको सङ्ख्यामा सवकम्पार्टमेण्ट बनाउनु पर्छ।एउटा कम्पार्टमेण्टका सबै सवकम्पार्टमेण्टको क्षेत्रफल बराबर हुने गरी छुट्याउनु पर्छ।

सेल्फकन्टेन्ड अवधारणा अनुसार नगर्ने भए सव कम्पार्टमेण्टको सङ्ख्या एउटा कटान शृङ्खला मा आवश्यक पर्ने आवधिक खण्ड/वार्षिक कटान क्षेत्र/कटान क्षेत्रको सङ्ख्या बराबर वा यसको गुणाङ्क (मल्टिपल) मा हुनु पर्छ। साथै, सबै सव कम्पार्टमेण्टको क्षेत्रफल बराबर हुन पर्छ। मानौ वनलाई एक वटा मात्र कटान शृङ्खला को रुपमा लिइयो, बाली चक्र १०० वर्ष र पुनरुत्पादन अवधि १० वर्ष लिइयो भने वनको क्षेत्रफल अनुसार सव कम्पार्टमेण्टको सङ्ख्या १० वटा, २० वटा, ३० वटा वा यस्तै गुणांकमा बनाउनु पर्छ। एउटै सव कम्पार्टमेण्टमा वनको अवस्था (उमेर, प्रजाति समिश्रण आदि) उल्लेखनीय रुपमा फरक हुनु हुँदैन।

अनुसूची - ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>वन क्षेत्रको नक्साको विवरण</u>**

जिपिएस मार्फत सर्भे गरी लिइएका स्थानमान विन्दुहरु प्रचलित सफ्टवयरमा अपलोड गरी विद्युतीय नक्सा तयार गर्नु पर्नेछ। नक्सा बनाउदा वनक्षेत्रभित्र रहेका देहायका विवरणहरु देखिने गरी नक्सा तयार गरिनेछः

१. वनको बाटो/ गोरेटो, आवादी, अतिक्रमण क्षेत्र, चौर, धार्मिक स्थल, नदी, खोला खोल्सी जस्ता वस्तुस्थिति देखिने नक्सा

२. ब्लक, म्पार्टमेण्ट, सव कम्पार्टमेण्ट देखिने नक्सा र क्षेत्रफल

३. कम्पार्टमेण्ट, सव कम्पार्टमेण्टका स्याम्पल प्लट देखिने नक्सा

४. कम्पार्टमेण्ट र सव कम्पार्टमेण्ट छुट्याउने बिन्दु देखिने नक्सा

५. वनको भिरालोपना, मोहडा र उचाई देखिने (डिजिटल इलिभेसन मोडेल) नक्सा

६. माउ रुख, कटान हुने रुख देखिने नक्सा (स्टेम म्यापिङ)

७. सव कम्पार्टमेन्टमा वन व्यवस्थापनका क्रियाकलापहरुको योजना नक्सा

८. अन्य आवश्यक नक्साहरु

अनुसूची - ४

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## नमूना प्लट निर्धारण, प्लटमा रुख विरुवा मापन र वनको मौज्दात विश्लेषण सम्बन्धी व्यवस्था

### (क) नमूना प्लट निर्धारण

वनस्रोत सर्वेक्षणको लागि नमूना प्लटहरु निर्धारण गर्दा सर्वप्रथम नमूना प्लटको सङ्ख्या र एक प्लटदेखि अर्को प्लटको दुरी निकाल्नु पर्छ।प्रचलित जिआइएस प्रविधिको प्रयोग गरी प्लटको सङ्ख्या र निर्धारण गरिएको दुरी नक्सामा देखाउनु पर्छ। सोही प्रविधिवाट प्लटको स्थानमान विन्दु प्राप्त गर्न सकिन्छ। प्रत्येक सवकम्पार्टमेण्टमा न्यूनतम पाँच वटा नमूना प्लट स्थापना गरी स्रोत सर्वेक्षण गर्नुपर्छ।

### (ख) नमूना प्लटमा रुख विरुवा मापन

रुख विरुवा मापन गर्नुभन्दा पहिले नक्सामा देखाइए अनुसार जिपिएसको सहायताले गो टु गरी वनमा नमूना प्लट पहिचान गर्नु पर्छ। जिपिएस अनुसार वनमा दुइ मिटर देखि दश मिटर नजिक पुगेपछि नमूना प्लट स्थापना गर्नु पर्छ। प्राविधिकले नमूना प्लटको आकार कस्तो वनाउने हो एकरुपता कायम हुने गरी वर्गाकार वा आयाताकार वा गोलाकार प्लट स्थापना गर्नुपर्छ।

नमूना प्लट स्थापना गरिसकेपछि सो प्लटभित्र प्रचलित वन स्रोत सर्वेक्षण मार्गदर्शन अनुसार स्रोत सर्वेक्षण गर्नुपर्छ। वन स्रोत सर्वेक्षणको तथ्याङ्क सङ्कलन फारम देहाय वमोजिम रहेको छ।

**<u>वन स्रोत सर्वेक्षण फाराम</u>**

वनको नामः ..........कम्पार्टमेन्ट/सवकम्पार्टमेन्ट/कटानक्षेत्रको नामः..........

प्लट नः ......... मितिः .......स्रोत सर्वेक्षण गर्नेको नामः........ हस्ताक्षरः ......

(क) प्लटको प्रारम्भिक जानकारी :

| | | |
|---|---|---|
| सामुदायिक वनको नाम | खण्ड नं. | प्लट नं. |
| वनको अवस्थाः | कम्पार्टमेन्ट/सवकम्पार्टमेन्ट/कटानक्षेत्रको नामः | स्रोत सर्वेक्षण मिति |

| वनको किसिमः | खण्डको क्षेत्रफलः | स्रोत संकलकको नामः |
|---|---|---|

प्लटको विवरण

| भिरालोपना | मोहडाः | भू-क्षयः | अन्यः |
|---|---|---|---|

(ख) रूख, पोल, पुनरूत्पादन र अन्य वन पैदावारको जानकारी सङ्कलन फारम

(१) पुनरूत्पादन, पोल र रूखको जानकारी सङ्कलन फारमः

| पुनरुत्पादन | | | | | पोल (व्यासः १० — २९.९ से.मि.) (प्लट साइजः १०० व.मि.) | | | | रुख (व्यासः ३० से.मि. भन्दा ठूला) (प्लट साइजः १०० देखि ५०० व.मि. सम्म) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विरुवा (प्लट साइज १० व.मि.) (उचाइ < १ मि. र उचाइ >३० से.मि.) | | | लाथ्रा (प्लट साइज २५ व.मि.) (उचाइ > १ मि. र व्यास <९.९ से.मि.) | | | | | | | | | |
| क्र. सं. | प्रजाति | सङ्ख्या | प्रजाति | सङ्ख्या | प्रजाति | व्यास (से.मि.) | उचाइ (मि.) | गुणस्तर | प्रजाति | व्यास (से.मि.) | उचाइ (मि.) | गुणस्तर |
| | | | | | | | | | | | | |

(२) अन्य गैह्र काष्ठ वन पैदावार र तिनीहरूको अनुमान (प्लट साइजः १०० व.मि.)

| क्र.सं. | गैह्रकाष्ठ वन पैदावार | इकाइ | सवै काट्दा प्राप्त हुने | उचित किसिमले काट्दा प्राप्त हुने | रोटेशन समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | दाउरा (पुनरूत्पादनबाट मात्र) | भारी | | | | |
| २. | घाँस | भारी | | | | |
| ३. | पत्कर | भारी | | | | |
| ४. | बाँस | गोटा | | | | |
| ६. | अन्य | | | | | |

(ग) जैविक विविधताको दृष्टिकोणले अन्य महत्वपूर्ण जानकारीहरूः

| | |
|---|---|
| १. | ............ |
| २. | ............ |

अनुसूची - ५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टहरुको रुख नक्साङ्कन सम्बन्धी व्यवस्था**

रुख नक्साङ्कनमा रुख तथा पोलको व्यास र उचाईको मापन, जिपिएसबाट रुख पोलको स्थानमान विन्दु लिई प्रत्येक रुख (३० सेन्टिमिटर भन्दा वढि व्यास भएका) मा रुख नम्बर लगाउनु (ट्रि ट्यागीङ्ग) पर्छ। स्थानमान विन्दुहरुबाट जिआइएस प्रविधि (सफ्टवयर) प्रयोग गरी सवकम्पार्टमेन्टमा भएका सम्पूर्ण रुखको अवस्थिति देखिने गरी नक्सा तयार गरिन्छ। रुख नक्शाङ्कन गर्दा देहायको तालिका अनुसारका विवरणहरु लिनु पर्छ।

रुख नक्साङ्कन (स्टेम म्यापिङ्ग) को तथ्याङ्क सङ्कलन फारमको नमूना

| क्र.स. | जि.पि.एस. पोइन्ट | रुख नम्बर | प्रजाति | व्यास (सेमी) | उचाई (मिटर) | ±अवस्था | #गुणस्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

*±अवस्था महलमा मरेको, सुकेको, रोग लागेको, टुप्पो भाँचिएको, बाङगोटिङगो, मर्न लागेको, ज्यादै बुढो (Dead, dying, deseased and deformed =4D) भए कैफियतमा उल्लेख गरी फोरडी जनाउने अन्यथा राम्रो (Good=D) जनाउने*

*#गुणस्तर महलमा रुखबाट कति परिमाणमा काठ प्राप्त हुन सक्छ भन्ने आधारमा प्रचलित वन नियमावलीमा भएको व्यवस्था अनुसार पहिलो (I), दोस्रो (II) र तेस्रो क्लास (III) जनाउनु पर्छ।*

यसरी रुख मापनको लागि तथ्याङ्क प्राप्त भएपछि जिआएस प्रविधिको प्रयोग गरी रुखको अवस्थिति देखिने नक्सा तयार गर्नु पर्छ। तोकिएको औषत दुरीमा माउ रुख तथा कटान हुने रुख पहिचान गरी तिनीहरुको वितरण देखिने नक्सा तयार गर्नुपर्छ। सोही अनुसार माउ रुख र कटान गर्ने रुखको अन्तिम सूची तयार गरी अद्यावधिक गर्नु पर्नेछ। माउ रुख छनौट गर्दा मुख्य प्रजातिका अलावा जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण अन्य प्रजातिको समेत प्रतिनिधित्व हुने गरी माउरुख छनौट गर्नु पर्छ।

## अनुसूची - ६
(दफा ११ सँग सम्बन्धित)

**<u>पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टहरुको पुनरुत्पादन सर्वेक्षण</u>**

पुनरुत्पादन कटान गर्ने सव कम्पार्टमेण्टमा रहेका विरुवा, तिनको घनत्वको र वितरणको अवस्था थाहा पाउन पुनरुत्पादन सर्भे गरिन्छ। पुनरुत्पादन सर्भे गर्दा स्थान र प्रजाति विशेष पच्चिस मिटर देखि पचास मिटरको दुरीमा चार वर्ग मिटरको वर्गाकार वा गोलाकार नमूना प्लट राख्न उपयुक्त हुने देखिन्छ।पुनरुत्पादन सर्वेक्षण अगाढि सर्वेक्षण गर्ने सवकम्पार्टको नमूना प्लट ले आउट नक्सा तयार गर्नुपर्छ। पुनरुत्पादन सर्भेको एक नमूना प्लट देखि अर्को नमूना प्लट सम्मको दुरी एकिन गरी नक्सामा नमूना प्लटको लेआउट तथा स्थानमान विन्दु निकाल्ने कार्यमा भू-सूचना प्रणाली प्रविधि प्रयोग गर्न सकिन्छ। नमूना प्लटहरुको स्थानमान विन्दु (कोअर्डिनट) निकालेर ति विन्दुलाई जिपिएस रिसिभरमा उपलोड गरी जिपिएसको सहायताले नमूना प्लट सम्म पुगेर विरुवा तथा लाथ्राको गणना गर्नु पर्छ। पुनरुत्पादन सर्भे गर्दा वनमा पाईने प्रमुख प्रजातिहरुको नाम लेख्नु पर्छ भने अन्य प्रजातिको नाम उल्लेख नगरी अन्य जनाई एकमुष्ठ सङ्ख्या राख्न सकिन्छ। पुनरुत्पादन सर्भेमा प्रजाति गणना गर्दा भविष्यको बालीको रुपमा उपयुक्त जातिका रुख विरुवालाई मात्र गणना गर्न छुटाउनु हुँदैन। पुनरुत्पादनको सर्भे फारमको नमूना देहायमा उल्लेख गरिएको छ।

पुनरुत्पादन सर्भे फाराम

| प्लट नं. | प्रमुख प्रजातिको विरुवाको | | | | अन्य प्रजातिको विरुवाको | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ मिटर भन्दा अग्लो | | | १ मिटर भन्दा होचो | १ मिटर भन्दा अग्लो | | | १ मिटर भन्दा होचो |
| | नाम | सङ्ख्या | अवस्था (लाथ्रा/विरुवा) | सङ्ख्या | नाम | सङ्ख्या | अवस्था (लाथ्रा/विरुवा) | सङ्ख्या |
| | | | | | | | | |

अनुसूची - ७

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>वनको प्रकार र मुख्य प्रजाति बमोजिम वन संवर्धन प्रणाली छनौट</u>**

| सि.नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरुत्पादनको अवस्था | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | समथर, ८.५ डिग्री भन्दा कम र ८.५ डिग्री देखि १९ डिग्रीसम्म भिरालो तराई र शिवालिक साल वन | साल | विरुवाः ५०००० भन्दा धेरै लाथ्राः २०००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | संभाब्य भूक्षय लाई न्यूनिकरण गर्ने गरी उत्पादनमुखी वन व्यवस्थापन | वन संवर्धन प्रणालीः कटान चक्र सहितको छनौट प्रणाली | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिनेछ। | |
| | | | विरुवाः ५०० | | | वन संवर्धन प्रणालीः इन्डियन इरेगुलर सेल्टरवुड प्रणाली | |
| | | | | | | वालीचक्रः ८० वर्ष | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ० भन्दा थोरै लाथ्रा : २०००भन्दा थोरै | | | पुनरुत्पादन विधिः प्राकृतिक<br>पुनरुत्पादन अवधिः १० वर्ष<br>माउ रुख सङ्ख्याः १५ देखि ३५ वटा प्रति हेक्टर<br>उत्पादन नियमनः क्षेत्रफलको आधारमा हुनेछ। | |
| २ | शिवालिक साल वनः १९ डिग्रीभन्दा बढी र ३१ डिग्रीसम्म भिरालोपन भएको वन क्षेत्र | साल | विरुवा : ५०००भन्दा धेरै लाथ्रा : २०००भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | भूक्षयको दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन | वन संवर्धन प्रणालीः कटान चक्र सहितको छनौट प्रणाली (सेलेक्सन वीथ फेलिङ साइकल सिस्टम)<br>पुनरुत्पादन विधिः प्राकृतिक<br>उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिनेछ। | |
| | | | विरुवाः ५०००भन्दा थोरै लाथ्रा : | | | वन संवर्धन प्रणालीः समूह छनोट प्रणाली (ग्रुप सेलेक्सन सिस्टम)<br>पुनरुत्पादन विधिः प्राकृतिक<br>बाली चक्रः १०० वर्ष<br>कटान चक्रः १० वर्ष<br>पुनरुत्पादन अवधिः १० वर्ष | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | २००० भन्दा थोरै | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिनेछ। | |
| ३ | शिवालिक साल वनः ३१ डिग्रीभन्दा बढी भिरालोमा भएको वन क्षेत्र | साल | | भूसंरक्षण | संरक्षण | भूक्षयका दृष्टिकोणले संवेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने | |
| | | | | | | यस वन क्षेत्रमा ढलेका, सुकेको (सुखड खडा), धेरै वर्षका वुढा तथा ठूलो भार भएका तथा जोखिमयुक्त रुखहरु छनौट गरी हटाउन सकिने। | |
| ४ | सिसौ/खयर वृक्षरोपण वन | सिसौ र खयर | | काठ, दाउरा र भूसंरक्षण | काठ दाउरा उत्पादन | वन संवर्धन प्रणालीः पुनरुत्पादनको लागि माउ रुख राखी (सिड ट्रि मेथड) गरिने प्रणाली | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक वा कृत्रिम (वृक्षारोपण/बीउ छर्ने) | |
| | | | | | | यदि प्रति हेक्टर २०० भन्दा कम रुख छन् भने सिधै सिड ट्रि मेथडमा जान सकिने | |
| | | | | | | बाली चक्रः ३० देखि ४० वर्ष | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफलको आधारमा हुने | |
| ५ | नदी तटीय वन | सिसौ, खयर | | काठ दाउरा र | काठ दाउरा उत्पाद | वन संवर्धन प्रणालीः सुधार कटान प्रणाली (इम्प्रुभमेन्ट फेलिङ्ग मेथड) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | र, सिमल, कर्मा, जामुन, अस्ना, सिरिस | | भूसंरक्षण | नर नदी तटीय क्षेत्रको संरक्षण | पुनरुत्पादन विधिः प्राकृतिक साथै वृक्षरोपण/बीउ छर्ने | |
| | | | | | | कटान चक्रः ५ देखि १० वर्ष | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफल र आयतनको आधारमा हुने | |
| ६ | तराई तथा भित्री मधेसको हैसियत विग्रेको वन | साल | झाडी, वुट्यान, मिचाहा प्रजाति आदिले गर्दा मुख्य प्रजातिहरुको छत्र घनत्व (Crown Density) २० प्रतिशत भन्दा | संरक्षण र सीमित गैर काष्ठ वन पैदावारको प्रयोग | वन पुनः स्थापना (फरेस्ट रिस्ट्रोरेसन) गरी वन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने | वन संवर्धन प्रणालीः सुधार कटान (इम्प्रुभमेन्ट फेलिङ्ग) | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक साथै वृक्षरोपण/बीउ छर्ने साथ साथै झाडी सफाई, पत्लाउने काम गर्ने | |
| | | | | | | वन डढेलो लाग्न नदिने, आवश्यकता अनुसार घेरावारा गर्ने | |
| | | | | | | ढलापडा र सुखड खडा रुखहरु भए हटाउने | |
| | | | | | | यस प्रकारको वनलाई उच्च प्राथमिकता दिई व्यवस्थापन गर्नु पर्ने र वनको अवस्थामा सुधार आए पश्चात् उपयुक्त वन संवर्धन प्रणाली अपनाई वन व्यवस्थापन गरिनेछ। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | कम भएको वन | | | | |
| ७ | पहाडी साल वन | साल, चिलाउने, साज, खोटेसल्ला आदि | विरुवाः ५००० भन्दा धेरै लाथ्राः २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन | वन संवर्धन प्रणालीः छनौट प्रणाली (सेलेक्सन सिस्टम) अन्तर्गतको फेलिङ्ग एरिय वेस्ड अन फेलिङ्ग साइकल | |
| | | | | | | कटान चक्रः १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक ( सीड अर कपिस) | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने। | |
| | | | विरुवाः ५००० भन्दा थोरै लाथ्राः २००० भन्दा थोरै | | | वन संवर्धन प्रणालीः कपिस विथ स्टान्डर्ड वा इरेगुलर सेल्टरउड सिस्टम | |
| | | | | | | वालीचक्रः कपिस विथ स्टान्डर्डको लागि ४० वर्ष | |
| | | | | | | वालीचक्रः इरेगुलर सेल्टरउड सिस्टमको लागि १०० वर्ष | |
| | | | | | | पुनरुत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक (सीड अर कपिस) | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने | |
| ८ | प्राकृतिक सल्ला वन | खोटेस | विरुवाः | काठ, दाउ | सम्भाव्य | वन संवर्धन प्रणालीः कटान चक्र सहितको समूह छनौट | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ल्ला, गोब्रे स ल्ला र पाटे स ल्ला | ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | रा र भूसंरक्षण | भूक्षयलाई न्यूनीकरण गर्ने गरि उत्पादनमुखी वन व्यवस्थापन | प्रणाली | |
| | | | | | | कटान चक्रः १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरुत्पादन संतोषजनक नभएको अवस्थामा इन्रिचमेन्ट प्लान्टेसन गर्ने। | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने | |
| | | | विरुवाः ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | वन संवर्धन प्रणालीः इरेगुलर सेल्टरउड सिस्टम | |
| | | | | | | बाली चक्रः खोटे सल्लाको लागि ६० वर्ष र गोब्रे सल्लाको प्राकृतिक वनको लागि १०० वर्ष, पाटे सल्लाको प्राकृतिक वनको लागि ३०-३५ वर्ष हुनेछ। | |
| | | | | | | पुनरुत्पादन अवधिः दुवै सल्लाको प्राकृतिक वनमा ८-१० वर्ष हुनेछ। | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरुत्पादन संतोषजनक नभएको अवस्थामा इन्रिच्मेन्ट प्लान्टेसन गरिनेछ | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ४५ डिग्री भन्दा बढी भिरालोपन भएको वन क्षेत्रमा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने, मरेका, सुकेको (सुखड खडा), धेरै वर्षका वुढा तथा ठूलो भार भएका तथा जोखिमयुक्त रुखहरु छनौट गरी हटाउन सकिने। | |
| ९ | वृक्षारोपण सल्ला वन | खोटे सल्ला, गोब्रे सल्ला र पाटे सल्ला | विरुवाः ५००० भन्दा धेरै लाथ्राः २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | सम्भाव्य भूक्षयलाई न्यूनीकरण गर्ने गरि उत्पादनमुखी | वन संवर्धन प्रणालीः कटान चक्र सहितको छनौट प्रणाली वा इरेगुलर सेल्टरउड सिस्टम | |
| | | | | | | कटान चक्रः ५ वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक तर पुनरुत्पादन सन्तोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | यदि प्रति हेक्टर २०० भन्दा कम रुख छन् भने सिधै छनौट प्रणाली मा जान सकिने | |
| | | | | | | यदी प्रति हेक्टर २०० भन्दा बढी रुख भएमा एक चोटि थिनिङ्ग गरी प्रति हेक्टर १०० देखि १५० रुख सङ्ख्या कायम गर्ने र दोस्रो कटानमा छनौट प्रणालीमा जाने | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादन नियमन क्षेत्रफल वा रुख सङ्ख्याको आधारमा हुने। खोटे सल्लाको लागि ४५ वर्षको उमेरसम्ममा तलबाट पत्ल्याउने विधि (लो थिनिङ्ग) बमोजिम प्रति हेक्टर १५० देखि २०० सम्म रुख कायम गरी बाँकी रुख कटान गर्न सकिने।<br>पाटे सल्लाको लागि २५ वर्षको उमेरसम्ममा तलबाट पत्ल्याउने विधि (लो थिनिङ्ग) बमोजिम प्रति हेक्टर १५० देखि २०० सम्म रुख कायम गरी बाँकी रुख कटान गर्न सकिने।<br>यस पश्चात् कटान चक्र सहितको छनौट प्रणाली वा इरेगुलर सेल्टरउड सिस्टम अपनाई व्यवस्थापन गर्ने। | |
| | | | विरुवाः ५००० भन्दा थोरै लाथ्राः २००० | | | वन संवर्धन प्रणालीः इरेगुलर सेल्टरउड सिस्टम | |
| | | | | | | बाली चक्रः खोटे सल्ला र गोत्रे सल्लाको लागि ६० वर्ष र पाटे सल्लाको प्राकृतिक वनको लागि ३०-३५ वर्ष | |
| | | | | | | पुनरुत्पादन अवधिः ५ देखि १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक तर पुनरुत्पादन संतोषजनक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | भन्दा थोरै | | | नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | यदी प्रति हेक्टर २०० भन्दा कम रुख छन् भने सिधै इरेगुलर सेल्टरउड सिस्टममा जाने | |
| | | | | | | यदी प्रति हेक्टर २०० भन्दा बढी रुख भएमा एक चोटि पत्ल्याउने कार्य (थिनिङ्ग) गरि प्रति हेक्टर१००-१५० रुख सङ्ख्या कायम गर्ने र दोस्रो चरणमा इरेगुलर सेल्टरउड सिस्टममा जाने | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने | |
| | | | | | | ४५ डिग्री भन्दा बढी भिरालोपन भएको वन क्षेत्रमा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने, मरेका, सुकेको (सुखड खडा), धेरै वर्षका वुढा तथा ठूलो भार भएका तथा जोखिमयुक्त रुखहरु छनौट गरी हटाउन सकिने। | |
| | | | | | | २५ वर्ष भन्दा कम उमेरको वृक्षारोपणमा वाली चक्र खोटे सल्लाको लागि ६० वर्ष र पाटे सल्लाको ३५ वर्षले ७५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रतिशत उमेरसम्म खोटे तथा पाटे सल्ला पत्ल्याउने दिग्दर्शन, २०६४ अनुसार पत्ल्याउने कार्य गर्दै जाने र तत् पश्चात् इरेगुलर सेल्टरउड सिस्टम अपनाई व्यवस्थापन गर्दै जाने | |
| १०. | सल्ला र चौडापातेको मिश्रित वन | खोटे सल्ला, गोब्रे सल्ला, पाटे सल्ला, चिलाउने, कटुस | | काठ, दाउरा र भूसंरक्षण | भविष्यमा चाहिने वनको किसिम अनुसार वार्षिक वृद्धि दर कयम गर्ने | वन संवर्धन प्रणालीः इरेगुलर सेल्टरउड सिस्टम /सेलेक्सन सिस्टम विथ फेलिङ्ग साइकल | |
| | | | | | | बाली चक्रः खोटे सल्ला वृक्षरोपणको लागि ६० वर्ष र पाटे सल्ला र अन्य सल्लाको लागि ३० देखि ३५ वर्ष | |
| | | | | | | पुनरुत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरुत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र रुख सङ्ख्याको आधारमा कायम गर्ने | |
| | | | | | | ४५ डिग्री भन्दा बढी भिरालोपन भएको वन क्षेत्रमा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने, मरेका, सुकेको (सुखड खडा), धेरै वर्षका वुढा तथा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ठूलो भार भएका तथा जोखिमयुक्त रुखहरु छनौट गरी हटाउन सकिने। | |
| ११ | पहाडी चौडापाते मिश्रित वन | चिलाउने, कटुस, उतिस, काफल, गुराँस इत्यादि | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन | वन संवर्धन प्रणालीः रुख सहितको मुना प्रणाली (कपिस विथ स्टान्डर्ड सिस्टम) | |
| | | | | | | मुनाको बाली चक्रः १० देखि ३० वर्ष | |
| | | | | | | पुनरुत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक (मुना र बीउ) | |
| | | | | | | उत्पादन नियमन अन्डरउड (मूना) मा क्षेत्रफल र ओभरउड (रुख) मा सङ्ख्याको आधारमा हुने | |
| | पहाडी चौडापाते झाडीदार मिश्रित वन | | | घाँस, दाउरा, सोत्तर स्याउला आदी | | वन संवर्धन प्रणालीः (कपिस सेलेक्सन सिस्टम /रिजर्भ) | |
| | | | | | | कटान चक्रः १० वर्ष | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक (मुना र बीउ) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफलको आधारमा निर्धारण हुने | |
| १२ | शितोष्ण चौडापाते मिश्रित वन | कटुस, खस्रु, बाँझ | | काठ, दाउरा र भूसंर | भूक्षयका दृष्टिकोणले | वन संवर्धन प्रणालीः सेलेक्सन सिस्टम अन्तर्गतको फेलिङ्ग एरिया वेस्ड अन फेलिङ्ग साइकल | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | , फलाट, गुराँस र ओखर इत्यादि | | क्षण | सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई (Production Oriented) वन व्यवस्थापन | कटान चक्र : १० वर्ष<br>पुनरुत्पादन विधिः प्राकृतिक (बीउ)<br>उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने | |
| | | | | घाँस, दाउरा, सोत्तर स्याउला आदी | | वन संवर्धन प्रणालीः कपिस विथ स्टान्डर्ड सिस्टम<br>कटान चक्रः ५ - १० वर्ष<br>पुनरुत्पादन विधिः प्राकृतिक (बीउ र मुना)<br>उत्पादन नियमन विधिः अन्डरउड (मुना) मा क्षेत्रफल र ओभरउड (रुख)मा सङ्ख्याको आधारमा निर्धारण गर्ने। | |
| १३ | शितोष्ण कोणधारी वन (Temperate Conifer Forest) | गोब्रे सल्ला, धुपी सल्ला, घोगे सल्ला, स्प्रुस , | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयलाई न्यूनीकरण गरी काठ उत्पादन (Timber Produ | वन संवर्धन प्रणालीः यूनिफर्म सेल्टरउड सिस्टम/सेलेक्सन सिस्टम अन्तर्गतको फेलिङ्ग एरिया वेस्ड अन फेलिङ्ग साइकल वा सेलेक्सन सिस्टम<br>पुनरुत्पादन अवधिः १५ देखि २० वर्ष<br>वाली चक्रः १२० देखि १५० वर्ष<br>पुनरुत्पादन विधिः प्राकृतिक (बीउ) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जुनिपर धुपी र ठिङ्गुरे सल्ला इत्यादि | | | ction) | उत्पादन नियमन क्षेत्रफलको आधारमा हुने | |
| | | | | | | ४५ डिग्री भन्दा बढी भिरालोपन भएको वन क्षेत्रमा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने, मरेका, सुकेको (सुखड खडा), धेरै वर्षका वुढा तथा ठूलो भार भएका तथा जोखिमयुक्त रुखहरु छनौट गरी हटाउन सकिने। | |
| १४ | सल्ला वृक्षारोपण वनलाई चौडापाते वनमा रुपान्तरित वन (Plantation pine forest to Broadleaved Conversion) | हटाउनु पर्ने मुख्य प्रजातिः खोटे सल्ला, पात्ले स | स्थापित गर्नु पर्ने प्रजातिः चौडापाते वन प्रजाति | काठ, दाउरा, स्याउला, सोत्तर र भू-संरक्षण | बहुउपयोगी वन व्यवस्थापन | प्रतिस्थापन गर्नुपर्ने प्रजातिः चौडापाते प्रजाति | |
| | | | | | | पुनरुत्पादन विधिः प्राकृतिक (मुना र बीउ) र कृत्रिम दुबै, चौडापातेको एड्भान्स ग्रोथको सुनिश्चितता कायम गरि वृक्षारोपण गर्दै जाने र कोणधारी प्रजातिलाई घटाउदै लाने | |
| | | | | | | पुनरुत्पादन अवधिः १० वर्ष | |
| | | | | | | उत्पादन नियमन क्षेत्रफल आधारमा हुने। | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ल्ला र गोब्रे स ल्ला | | | | यदि सल्लाको रुख सङ्ख्या प्रति हेक्टर २०० भन्दा बढी छ भने ५ देखि १० वर्षमा १५० देखि २०० वटामा झार्ने र दोस्रो चरणको ५ देखि १० वर्षमा प्रति हेक्टर ५० वटामा झार्ने | |
| | | | | | | न्यूनतम ७५ प्रतिशत चौडापाते र २५ प्रतिशत सल्लाको मिश्रित वन कायम गर्ने, चौडापातेको एड्भान्स ग्रोथको सुनिश्चितता कायम गरी वृक्षारोपण गर्दै जाने र सल्ला प्रजातिलाई घटाउदै जाने | |
| | | | | | | उत्पादन नियमनः क्षेत्रफलको आधारमा गर्ने | |

**नोटः** १. पुनरुत्पादनको अवस्था निर्धारण गर्दा मुख्य प्रजातिहरुको स्वस्थ विरुवा र लाथ्राको प्रति हेक्टर तथ्याङ्क मात्र समावेश गर्नु पर्नेछ।

२. सेल्टरु उड सिस्टममा Advance growth मध्ये स्वस्थ रुख (Phenotypically superior trees) राखी ढलापडा, सुकेका, मरेका र बाङ्गाटिङ्गा रुखहरु कटान गरिनेछ।

अनुसूची - ८

(दफा १३ उपदफा (४) सँग सम्बन्धित)

**अवधारणा पत्रको ढाँचा**

(१) सामुदायिक वनको विवरणः नाम, ठेगाना,वनको प्रकार, भौगोलिक अवस्था, मूख्य प्रजाति र अन्य प्रजाति, पुनरुत्पादनको अवस्था आदि

(२) समूहको विवरणः घरधुरी, जनसङ्ख्या, सामाजिक वर्ग आदि

(३) वन व्यवस्थापनको उद्देश्यः

(४) अवलम्बन गरिने वन संवर्धन प्रणालीः

(५) कार्ययोजना तयारी विधिः

(६) कार्ययोजना तयारी बजेट, जनशक्ति र समयावधिः

(७) अनुगमन सम्बन्धी व्यवस्थाः

(८) निष्कर्षः

अनुसूची - ९

(दफा १३ को उपदफा (५) सँग सम्बन्धित)

**वन संवर्धन प्रणाली अनुसार वन संवर्धनका क्रियाकलापहरु**

छनौट गरिएको वन संवर्धन प्रणालीको आधारमा कम्पार्टमेन्ट/सवकम्पार्टमेन्ट/कटान खण्डमा रहेको वनको अवस्था (प्रजाति संरचना, उमेर, व्यास, पुनरुत्पादन) अनुसार उपयुक्त वन संवर्धन कार्यहरु पहिचान गरी सिफारिस गर्नु पर्छ।

**१. सरपट कटान प्रणाली (क्लियर फेलिङ सिस्टम)**

बाली चक्र १० वर्षको राख्दा वनलाई निम्नानुसारको वार्षिक कटान प्लटमा विभाजन गरी प्रत्येक कटान प्लटको लागि उपयुक्त वन संवर्धन क्रियाकलाप तोक्नु पर्छ। उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ।

**चित्र १ : सरपट कटान प्रणालीमा वार्षिक कटान प्लट र वन संवर्धनका क्रियाकलापहरु**

| | | | | |
|---|---|---|---|---|
| १ वर्ष(A10) | २ वर्ष (A9) | ३ वर्ष (A8) | ४ वर्ष (A7)<br>पहिलो थिनिङ | ५ वर्ष (A6) |
| १० वर्ष (A1)<br>कटान | ९ वर्ष (A2) | ८ वर्ष (A3) | ७ वर्ष (A4)<br>अन्तिम थिनिङ | ६ वर्ष (A5) |

A= वार्षिक कटान प्लट

वन व्यवस्थापन कार्ययोजनाको अवधि १० (दश) वर्षको भएमा सरपट कटान प्रणालीमा वन संवर्धनका क्रियाकलाप कार्यान्वयन कार्यतालिका निम्नानुसारको बनाउनु पर्छ।

**तालिका १: सरपट कटान प्रणालीमा वन संवर्धनका क्रियाकलाप कार्यान्वयन कार्य तालिका**

| वर्ष | कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप |
|---|---|
| पहिलो | • वार्षिक कटान प्लट १ (A1) मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A4 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A7 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A9 र A10 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| दोस्रो | • A2 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A5 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A8 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A1 र A10 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| तेस्रो | • A3 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A6 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A9 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A1 र A2 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| चौथो | • A4 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A7 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A10 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A2 र A3 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| पाँचौं | • A5 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A8 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A1 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A3 र A4 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम |

| वर्ष | कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप |
|---|---|
| | गर्ने। |
| छैठौं | • A6 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A9 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A2 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A4 र A5 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| सातौं | • A7 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A10 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A3 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A5 र A6 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| आठौं | • A8 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A1 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A4 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A6 र A7 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| नवौं | • A9 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A2 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने।<br>• A5 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A7 र A8 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |
| दशौं | • A10 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा विरुवा रोपण गर्ने।<br>• A3 मा अन्तिम पत्ल्याउने काम (फाइनल थिनिङ) गर्ने। |

| वर्ष | कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप |
|---|---|
| | • A6 मा पहिलो पत्ल्याउने काम (फष्ट थिनिङ) गर्ने।<br>• A8 र A9 मा पुनरुत्पादन अभिवृद्धि (रिजेनेरेशन प्रोमोसन) को काम गर्ने। |

## २. छत्र प्रणाली (सेल्टरउड सिस्टम)

बाली चक्र असी वर्ष र पुनरुत्पादन अवधि दश वर्ष राख्दा वनलाई निम्नानुसारको कटान खण्डमा विभाजन गरी प्रत्येक आवधिक खण्डको लागि उपयुक्त क्रियाकलाप तोक्नु पर्छ। उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ।

**चित्र २: छत्र प्रणालीमा आवधिक खण्ड र वन संवर्धन क्रियाकलाप**

| | |
|---|---|
| B1C1S1 (RF) | B1C1S5 (PF) |
| B1C1S2 (T+I) | B1C1S6 T+I |
| B1C1S3 T+I | B1C1S7 T+I |
| B1C1S4 T+I | B1C1S8 T+I |

B= Block, C= Compartment, S= Sub-compartment, RF= Regeneration felling,

PF= Prepatory felling, T= Thinning, I= Improvement felling

यसरी हरेक कटान खण्डमा कार्यान्वयन गर्न पहिचान गरिने वन संवर्धनका क्रियाकलापहरुको वार्षिक कार्यतालिका वन व्यवस्थापन योजनामा समावेश गर्नु पर्छ। वन संवर्धनका क्रियाकलाप कार्यान्वयन कार्यतालिकाको नमूना निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका २: छत्र प्रणालीमा वन संवर्धनका क्रियाकलाप कार्यान्वयन कार्य तालिका(एक कटान शृङ्खलाको लागि)**

| वर्ष | कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप |
|---|---|
| पहिलो | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(रुख कटान भएको स्थानमा) |
| दोस्रो | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि (पहिलो र दोस्रो वर्षसम्म रुख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S2 मा |

| | |
|---|---|
| तेस्रो | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्षसम्म रूख कटान भएको स्थानमा वर्ष सम्म रुख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S3 मा |
| चौथो | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पुनरुत्पादन तयारी कटान (PF) B1C1S5 मा |
| पाँचौं | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि (पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) ,पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S4 मा |
| छैठौं | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S6 मा |
| सातौं | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S7 मा |
| आठौं | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S8 मा |
| नवौं | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) |
| दशौं | पुनरुत्पादन कटान (B1C1S1), पुनरुत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) |

### ३. छनौट प्रणाली (सेलेक्सन सिष्टम)

कटान चक्र सामान्तया दश वर्षको राख्दा वनलाई निम्नानुसार कटान क्षेत्रमा विभाजन गरी प्रत्येक कटान क्षेत्रको लागि उपयुक्त वन संवर्धन कार्य/क्रियाकलाप पहिचान गर्नुपर्छ। उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ।

**चित्र ३: छनौट प्रणालीमा कटान क्षेत्र र वन संवर्धनका क्रियाकलापहरु**

| | | | | |
|---|---|---|---|---|
| कटान क्षेत्र १<br><br>(a1 or n1 or v1) | कटान क्षेत्र २<br><br>(a2 or n2 or v2) | कटान क्षेत्र ३<br><br>(a3 or n3 or v3) | कटान क्षेत्र ४<br><br>(a4 or n4 or v4) | कटान क्षेत्र ५<br><br>(a5 or n5 or v5) |
| कटान क्षेत्र १०<br><br>A10 or n910or v10 | कटान क्षेत्र ९<br><br>a9 or n9 or v9 | कटान क्षेत्र ८<br><br>a8 or n8 or v8 | कटान क्षेत्र ७<br><br>a7 or n7 or v7 | कटान क्षेत्र ६<br><br>a6 or n6 or v6 |

यसमा a = वार्षिक कटान क्षेत्र, n = वार्षिक कटान गरिने रुख सङ्ख्या र v = वार्षिक कटान गरिने आयतन

यसरी वनलाई कटान क्षेत्रमा बाँडिसकेपछि कुन कटान क्षेत्रमा के काम कुन वर्षमा सम्पादन गर्ने हो सो तोकी कार्ययोजना बनाउनु पर्छ (चित्र ३ र तालिका ३)।

**तालिका ३: छनौट प्रणालीमा वन संवर्धनका क्रियाकलाप कार्यान्वयन कार्यतालिका**

| **वर्ष** | **कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप** |
|---|---|
| पहिलो | कटान प्लट १ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र १ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| दोस्रो | कटान प्लट २ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान र कटान क्षेत्र १ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र २ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| तेस्रो | कटान प्लट ३ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान र कटान क्षेत्र १ र कटान क्षेत्र २ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ३ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| चौथो | कटान प्लट ४ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) |

| वर्ष | कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप |
|---|---|
| | रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र २ र कटान क्षेत्र ३ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ४ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| पाँचौं | कटान प्लट ५ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान प्लट ३ र कटान क्षेत्र ४ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान प्लट ५ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| छैठौं | कटान प्लट ६ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान प्लट ४ र कटान क्षेत्र ५ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान प्लट ६ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| सातौं | कटान प्लट ७ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान प्लट ५ र कटान क्षेत्र ६ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान प्लट ७ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| आठौं | कटान प्लट ८ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान प्लट ६ र कटान क्षेत्र ७ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान प्लट ८ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| नवौं | कटान प्लट ९ मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान प्लट ७ र कटान क्षेत्र ८ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान प्लट ९ को बाँकी भागमा पत्ल्याउने र सुधार कटान गर्ने। |
| दशौं | कटान प्लट १० मा ........ हेक्टरमा (वा .... घनफिट वा .......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान प्लट ८ र कटान क्षेत्र ९ को रुख कटान भएको स्थानमा पुनरुत्पादन अभिवृद्धिका काम गर्ने र कटान प्लट १० को बाँकी भागमा पत्ल्याउने र सुधार |

| वर्ष | कार्यान्वयन गरिने वन संवर्धनका क्रियाकलाप |
|---|---|
| | कटान गर्ने। |

अनुसूची - १०

(दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

**वन परिपालन सम्बन्धी क्रियाकलाप**

वन परिपालन कार्यमा गोडमेल (विडिङ्ग), झाडी सफाई (क्लिनिङ्ग), पत्ल्याउने (थिनिङ्ग), हाँगा काँटछाट (प्रुनिङ्ग), लहरा काट्ने (क्लाईम्बर कटिङ्ग), एक्ल्याउने (सिङ्गलिङ्ग) र सुधार कटान (इम्प्रुभमेन्ट फिलङ्ग) कार्यहरु पर्छ। यीमध्ये सुधार कटानको बारेमा अनुसूची - १८ मा उल्लेख गरिएको छ भने झाडी सफाई र पत्ल्याउने कार्यको बारेमा देहायमा उल्लेख गरिएको छ।

**झाडी सफाई**

पुनरुत्पादन कटान क्षेत्र वा अन्य वन खण्डमा पुनरुत्पादन अभिवृद्धि गर्न घाँस, झाडीबुट्यान, लहरा आदि काट्ने, उखेल्ने कार्यलाई झाडी सफाई भनिन्छ। यस कार्यमा काटिएका घाँस, झाडी, बुट्यान, लहरालाई प्लट बाहिर अग्निरेखा वा नजिकको खोला खोल्सीमा सुरक्षित विसर्जन गर्ने वा जैविक कोईला बनाउने कार्य गर्नु पर्छ। यो कार्य झाडी बुट्यानको घनत्व र पुनरुत्पादनको अवस्था हेरी पहिलो र दोस्रो वर्ष वर्षा यामको शुरु (जेठ/असार) मा एक पटक र वर्षा यामको अन्त (भाद्र/आश्विन) मा गरी वर्षको दुई पटक गर्नुपर्छ। तेस्रो र चौथो वर्षमा भाद्र/आश्विनमा एकपटक गर्नु पर्छ।

**पत्ल्याउने**

पत्ल्याउने कार्य मुख्यतः बढ्दो उमेरका रुखहरु (लाथ्रा, बल्लाबल्ली) रहेको स्थानमा गरिन्छ। पत्ल्याउने कार्य पश्चात् रहेका रुखहरुको मोटाई बृद्धिमा तिव्रता आउँछ। पत्ल्याउने कार्य निश्चित वर्षको अन्तरालमा गर्नु पर्छ। योजना बमोजिम तोकिएको अन्तरालमा पत्ल्याउने कार्य गर्न नसकिएमा रुखको गोलाई अपेक्षाकृत वृद्धि हुँदैन। शुरुको पत्ल्याउने कार्य (इनिसियल थिनिङ्ग) गर्दा कायम गरिने सङ्ख्या र अन्तिम पत्ल्याउने कार्य (फाइनल थिनिङ्ग) पश्चात् कायम गरिने सङ्ख्याको आधारमा चरणबद्ध रुपमा गरिने पत्ल्याउने कार्यमा कायम गर्नु पर्ने दुरी हिसाव गरेर सो दुरी कायम हुने गरी पत्ल्याउने कार्य गर्न सकिन्छ। बाली चक्रको आधारमा निर्धारण गरिएको पत्ल्याउने चक्र निम्न तालिकामा प्रस्तुत गरिएको छ। वन व्यवस्थापन कार्ययोजना बनाउँदा यसलाई आधार लिई आवश्यकता अनुसार वा सान्दर्भिकतालाई समेत ध्यान दिई उपयुक्त पत्ल्याउने चक्र कायम गर्न सकिन्छ।

बाली चक्रको आधारमा पत्ल्याउने चक्र र पत्ल्याउने सङ्ख्या देखाइएको तालिका

| **क.स.** | **बाली चक्र** | **पत्ल्याउने चक्र वर्ष** | पत्ल्याउने सङ्ख्या |
|---|---|---|---|
| १ | १० वर्ष सम्म | २ देखि ३ वर्षको अन्तरालमा | २ |
| २ | १० देखि २० वर्ष | ४ देखि ५ वर्षको अन्तरालमा | ३ |
| ३ | २० देखि ४० वर्ष | ५ देखि ६ वर्षको अन्तरालमा | ४ |
| ४ | ४० देखि ६० वर्ष | ६ देखि ८ वर्षको अन्तरालमा | ५ |
| ५ | ६० वर्ष भन्दा बढी | १० वर्षको अन्तरालमा | ५ |

नोटः अन्तिम थिनिङ्ग बाली चक्रको दुई तिहाइ उमेर भन्दा पछाडि गर्नु हुँदैन।

अनुसूची - ११

(दफा १४ सँग सम्बन्धित)

**वनसँग सम्बन्धित अन्य क्रियाकलापहरु**

वन व्यवस्थापनका क्रियाकलापका अतिरिक्त वन व्यवस्थापनको लागि गर्नु पर्ने अन्य वन व्यवस्थापनका क्रियाकलापहरु तालिका ४ मा प्रस्तुत गरिएको छ। वन व्यवस्थापन क्षेत्रको अवस्था र वस्तुस्थिति अनुसार तालिका ४ मा प्रस्तुत गरिएका बिषयवस्तुहरु वन व्यवस्थापन कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्छ।

तालिका नं. ४ अन्य वन व्यवस्थापनका क्रियाकलापहरु

| **क.स.** | **अन्य वन व्यवस्थापनका क्रियाकलापहरु** |
|---|---|
| १ | वनक्षेत्रको खाली जग्गा व्यवस्थापन |
| २ | खोला खहरे तथा पानी निकास व्यवस्थापन |
| ३ | अग्नि रेखा निर्माण, मर्मत संभार, स्तर उन्नति र सुचारु गर्ने कार्य |
| ४ | पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापन |
| ५ | कोरिडोर तथा कनेक्टीभिटी |
| ६ | मानव वन्यजन्तु सह-अस्तित्व |
| ७ | **वन संरक्षण**<br>क) वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन<br>ख) वन डढेलो नियन्त्रण<br>ग) चोरीकटानी तथा चोरी शिकारी नियन्त्रण<br>घ) नदीजन्य पदार्थ तथा वनक्षेत्रको माटो उत्खनन् नियन्त्रण |
| ८ | घाटगद्दी व्यवस्थापन |
| ९ | पर्यापर्यटन कार्यक्रम |
| १० | तथ्याङ्क व्यवस्थापन |
| ११ | मिचाहा प्रजाती व्यवस्थापन |
| १२ | ग्रिन वेल्टको निर्माण |

यसरी आवश्यकता अनुसारको वन सम्बन्धी अन्य क्रियाकलापहरु कार्यान्वयन तालिका बनाएर बनाएर काम गर्नु पर्छ।

अनुसूची - १२

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

**बाली चक्र निर्धारण**

विरुवा रोपे वा उम्रेदेखि परिपक्व भई उपयोग गर्न लायक हुँदासम्मको अवधिलाई बाली चक्र (क्रप रोटेसन) भनिन्छ। बाली चक्रलाई वर्षमा उल्लेख गरिन्छ। यो रुख कटान गरिने उमेर हो। रुख विरुवाको वृद्धि बिकास स्थानीय हावापानी, माटोको उर्वराशक्ति (साइट क्वालिटी) अनुसार फरक हुन्छ। त्यसैले समान उमेरको रुखको वृद्धि सबै ठाँउमा एकनासको हुँदैन। वन व्यवस्थापनको उद्धेश्य र साइट क्वालिटीको आधारमा बाली चक्रको निर्धारण गरिन्छ। वन व्यवस्थापनको सन्दर्भमा बाली चक्र एक महत्वपूर्ण अवधारणा हो। बाली चक्रले वार्षिक कटान प्लटको क्षेत्रफल निर्धारण गर्दछ। नेपालको वनको लागि निम्नानुसारको बाली चक्र अवलम्बन गर्न सकिन्छ।

| **क्र.स.** | **वनको प्रकार** | **बाली चक्र (वर्ष)** |
|---|---|---|
| १ | तराई साल/तराई साल मिश्रित वन | ८०-१०० |
| २ | पहाडी साल वन | १००-१२० |
| ३ | खयर-सिसौ वन | ४०-६० |
| ४ | खोटे सल्लाको वन | ४०-६० |
| ५ | कटुस चिलाउनेको वन | ४०-६० |
| ६ | उत्तिसको वन | २०-४० |
| ७ | गोब्रे सल्लाको वन | १००-१४० |
| ८ | देवदारको वन | १२०-१६० |
| ९ | खर्सुको वन | १२०-१४० |
| १० | वृक्षारोपण गरी हुर्काइने छिटो बढने प्रजातिको वन | १०-२० |
| ११ | टिक वन | ४०-६० |
| १२ | पाटुले सल्ला | ४०-६० |

*नोटः J.K. Jackson, 1990: Manual of afforestation Vol. 2, Ram Prakash 1986: Forest management र प्रचलित अभ्यासको माथि तालिकामा उल्लेखित वाली चक्र निर्धारण गरिएको छ।*

अनुसूची -१३

(दफा १७ को उपदफा (२) खण्ड (क) सँग सम्बन्धित)

**<u>छत्र प्रणालीमा उत्पादन नियमन</u>**

**क्षेत्रफलको आधारमा कटान परिमाण निर्धारण गर्ने तरिका**

छत्र प्रणालीमा उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिनेछ। कार्ययोजना अवधि भरको लागि पुनरुत्पादन कटान तथा पुनरुत्पादन प्रवर्द्धन गरी उत्पादन नियमन गर्न सवकम्पार्टमेन्ट/कटान खण्ड/आवधिक खण्डलाई क्षेत्रफल बराबर हुने गरी वार्षिक कटान प्लटमा विभाजन गर्नुपर्छ। पुनरुत्पादन अवधिभर कार्ययोजनामा तोकिएको वार्षिक रुख कटान प्लटमा मात्र पुनरुत्पादन कटान गरी उत्पादन नियमन गरिनेछ।

पुनरुत्पादन अवधिमा पुनरुत्पादन कटान गर्ने आवधिक/कटान खण्डमा रहेका माउ रुख र तीस सेन्टिमिटर भन्दा साना व्यासका  स्वस्थ एड्भान्स बाहेक सबै रुखहरु कटान गरिन्छ। आवधिक/कटान खण्डमा रहेका जम्मा रुख सङ्ख्याबाट माउ रुखको सङ्ख्या घटाउँदा कटान गर्ने रुख सङ्ख्या आउँछ। कटान गर्ने रुख सङ्ख्यालाई पुनरुत्पादन अवधिले भाग गरेमा वार्षिक कटान प्लटमा कटान गर्ने रुख सङ्ख्या आउँछ। यसरी निश्चित तोकिएको वार्षिक कटान प्लटको क्षेत्रफल भित्र रहेका रुखहरु कटान गर्दा उत्पादन हुने परिमाणनै वार्षिक उत्पादन परिमाण हो।

ईन्डियन इरेगुरल सेल्टरउड सिस्टममा पुनरुत्पादन कटान गर्ने खण्ड/आवधिक खण्डको सबै भन्दा बढी बुढा रुखहरु भएको, छत्रघनत्व बढी भएको, जमिन सतहमा पुनरुत्पादन कमसल भएको र स्थलगत अनुगमनवाट पुनरुत्पादन प्रवर्धन गर्न आवश्यक क्षेत्रलाई पहिलो वर्षको कटान प्लट कायम गरी क्रमश दोस्रो, तेस्रो गरी अन्तिम वर्ष सम्मका वार्षिक कटान प्लट कार्ययोजनामा उल्लेख गर्नु पर्छ। यसरी कार्ययोजनामा तोकिएको वार्षिक कटान प्लटको क्षेत्र भित्र रहेका रुखहरु कटान गरी क्षेत्रफलको आधारमf उत्पादन नियमन गरिन्छ।

**उदाहरणको लागि,**

पुनरुत्पादन कटान गर्ने आवधिक/कटान खण्डमा रहेका जम्मा रुख सख्या (Nt) =५००० गोटा

कायम गर्नु पर्ने माउ रुख सङ्ख्या (आवधिक/कटान खण्डको पुरै भागमा) (Mt)=१००० गोटा

कटान गर्न उपलब्ध रुख सङ्ख्या (Ft) =Nt-Mt=५०००-१०००=४००० गोटा

पुनरुत्पादन अवधि (Rp) = १० वर्ष

वार्षिक कटान प्लटको क्षेत्रफल भित्र रहेका कटान गर्ने रुख सङ्ख्या =Ft/Rp = ४०००/१०=४०० गोटा

यसरी हरेक वर्ष तोकिएको क्षेत्रफलमा रहेका कटान गरिन ४०० वटा रुखबाट प्राप्त हुने परिमाण नै वार्षिक उत्पादन परिमाण हो। क्षेत्रफलको आधारमा उत्पादन नियमन गर्दा वनमा रुखहरुको वितरण समान नभएको अवस्थामा हरेक वर्षको कटान गरिने प्लटमा रुखहरुको सङ्ख्या फरक पर्न गई उत्पादन परिमाण पनि फरक हुन सक्दछ।

अनुसूची - १४

(दफा १७ को उपदफा (२) खण्ड (ख) सँग सम्बन्धित)

**<u>बीउ रुख प्रणाली/युनिफर्म छत्र प्रणालीमा उत्पादन नियमन</u>**

युनिफर्म छत्र प्रणालीमा पुनरुत्पादन कटान गर्ने आवधिक/कटान खण्डको कुनै एक भागबाट कटान शुरु गरिन्छ र त्यस पछिका वर्षहरुमा मेसैसँग कटान गर्दै गईन्छ। यस प्रणालीमा एडभान्स ग्रोथ कायम राखिदैन। यस प्रणालीमा बाली चक्र र पुनरुत्पादन अवधिको आधारमा वन खण्ड/कम्पार्टमेण्टलाई विभिन्न आवधिक खण्ड/सब कम्पार्टमेण्टहरुमा विभाजन गरिन्छ। वनको अवस्था अनुसार कार्ययोजना अवधिभर एउटा सबकम्पार्टमेण्ट/आवधिक खण्डमा पुनरुत्पादन कटान गरिन्छ भने कुनै एक आवधिक खण्ड/सब कम्पार्टमेण्टमा पुनरुत्पादन तयारी कटान र बाँकी अन्य आवधिक खण्ड/सब कम्पार्टमेण्टमा पत्ल्याउने तथा सुधार कटान गरिन्छ। यस प्रणालीमा उत्पादन नियमन अनुसूची-१२ को छत्रप्रणालीमा जस्तै क्षेत्रफलमा आधारीत रहेर नियमन गरिन्छ।

अनुसूची - १५

(दफा १७ को उपदफा (२) खण्ड (ग) सँग सम्बन्धित)

## छनौट प्रणालीमा उत्पादन नियमन

**क्षेत्रफलको आधारमा उत्पादन नियमन (यिल्ड रेगुलेसन वाइ एरिया कन्ट्रोल):**

यस प्रणालीमा कटान श्रृंखलाको क्षेत्रफलको आधारमा उत्पादन नियमन गरिन्छ। छनोट प्रणाली अन्तर्गत कटान श्रृंखलालाई कटान चक्रको आधारमा वार्षिक कार्य क्षेत्र वा बन खण्डमा विभाजन गरिन्छ। हरेक कार्य क्षेत्र (वन खण्ड) वा कुल वनक्षेत्रमा सबै उमेर समूहका रुखहरु रहन्छन। छनोट प्रणालीमा मौज्दात रुखहरुको व्यास वर्ग अनुसारको अनुपातमा कति समयको अन्तरालमा पुनः सोही स्थानमा कटान योग्य रुख उपलव्ध हुन सक्छन् भनी प्रक्षेपण गरे अनुसार कटान चक्र अर्थात पुन कटान गर्नेसमय निर्धारण गरिन्छ। कटान चक्र जति अबधिको कायम हुन्छ कुल वनक्षेत्रलाई त्यति नै कार्यक्षेत्र वा वन खण्डमा विभाजन गरिन्छ। यसरी हरेक एउटा वन खण्डमा एक वर्ष तोकिएको व्यास (एक्सप्लोईटेवल डायमिटर) र सो भन्दा ठूलो साईजको रुख कटान गरिन्छ।

यस प्रणाली सबै उमेर समूहका रुखबिरुवाको उचित अनुपात भएको मिश्रित वन, भू-संवेदनशिल, पहाडी तथा हिमाली क्षेत्रको बन, १९ डिग्रीभन्दा बढि भिरालोपना भएको वन, जैविक विविधता तथा पारिस्थितिकीय महत्वको वनमा उपयुक्त मानिन्छ।

यस प्रणालीमा उत्पादन नियमन गर्दा सुकेका, सुक्न लागेका, रोगकीरा लागेका वा विकृत आकारका रुख र अन्य रुखलाई बाधा पुर्‍याएका रुखको साथै परिपक्व अवस्थामा पुगेका (कटान व्यास भन्दा माथिका) रुख कटान गरिन्छ। कटान व्यास निर्धारण गर्दा बालीचक्र उमेर र औसत वार्षिक वृद्धिलाई आधार मानिन्छ।औसत बार्षिक वृद्धि निर्धारण गर्दा प्रचिलत वन स्रोत सर्वेक्षण मार्गदर्शनलाई आधार लिईनेछ। यस प्रणालीमा उत्पादन परिमाण वनको बार्षिक वृद्धि वा आवधिक वृद्धि (एन्युयल अर पेरिओडिक ईनक्रिमेन्ट) भन्दा बढी हुनु हुँदैन। उदाहरणका लागि बालीचक्र ८० वर्ष र कटान चक्र १० वर्ष कायम गरिएको बनमा छनोट प्रणाली अन्तर्गत बनलाई कार्यक्षेत्रमा विभाजन गरी गरिने कटानको विवरण देहायको तालिकामा दिईएकोछ।

**<u>छनौट प्रणाली अन्तर्गत गरिने कटानको विवरण</u>**

| **बाली चक्र** | **कटान चक्र** | **कटान कार्य क्षेत्र (वन खण्ड)** | **कटान गरिने वर्ष** |
|---|---|---|---|
| ८० वर्ष | १० वर्ष | कार्यक्षेत्र १ | पहिलो, एघारौं, एक्काइसौं, एकतिसौं, एकचालिसौं, एकाउन्नौं, एकसठियौं, एकहत्तरौं |
| | | कार्यक्षेत्र २ | दोस्रो, बाह्रौ, बाइसौ, बत्तिसौं, बयालिसौ, बाउन्नौ, बैसठियौ, बहत्तरौं |
| | | कार्यक्षेत्र ३ | तेस्रो, तेह्रौं, तेइसौ, तेतिसौ, त्रिचालिसौ, त्रिपन्नौ, त्रिसठियौ, त्रिहत्तरौं |
| | | कार्यक्षेत्र ४ | चौथो, चौधों, चौबिसौं, चौतिसौ, चौयालिसौं, चौवन्नौ, चौसठियौं, चौहत्तरौं |
| | | कार्यक्षेत्र ५ | पाँचौ, पन्ध्रौं, पच्चिसौं, पैतिसौ, पैतालिसौ, पचपन्नौ, पैसठियौ, पचहत्तरौं |
| | | कार्यक्षेत्र ६ | छैठौं, सोहौं, छब्बिसौं, छत्तिसौं, छयालिसौं, छपन्नौ, चौसठियौं, छयत्तरौं |
| | | कार्यक्षेत्र ७ | सातौं, सत्रौं, सताइसौ, सैंतिसौं, सत्चालिसौं, सन्ताउन्नौं, सत्सठियौं, सतहत्तरौं |
| | | कार्यक्षेत्र ८ | आठौं, अठारौं, अट्ठाइसौं, अठतिसौं, अठचालिसौं, अण्ठाउन्नौं, अठसठियौं, अठहत्तरौं |
| | | कार्यक्षेत्र ९ | नबौं, उन्नाइसौं, उन्तिसौं, उनान्चालिसौं, उनन्पचासौं, उनान्साठियौं, उनान्सत्तरियौं, उनान्असियौं |
| | | कार्यक्षेत्र १० | दशौं, बीसौं, तीसौं, चालिसौं, पचासौं, साठियौं, सत्तरियौं, असियौं |

अनुसूची - १६

(दफा १७ को उपदफा (२) खण्ड (घ) सँग सम्बन्धित)

**सरपट कटान प्रणालीमा उत्पादन नियमन**

सरपट कटान प्रणालीमा उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिनेछ। यस प्रणालीमा वार्षिक कटान परिमाण वार्षिक कटान शृङ्खला मा रहेका सम्पूर्ण रुख काट्दा प्राप्त हुने परिमाण हो। यस विधिमा हरेक वर्ष कटान गरिने क्षेत्रफल (बार्षिक कटान प्लट/शृङ्खला ) बराबर हुन्छ तर यसबाट उत्पादन हुने वन पैदावार वर्षै पिच्छे फरक हुनसक्छ। यस प्रणालीमा माउ रुख वा कुनै किसिमको एडभान्स ग्रोथलाई भविष्यको बालीको रुपमा राखिँदैन।

उदाहरणको लागि उत्तिसको वनको बाली चक्र बीस वर्ष कायम गरी सरपट कटान प्रणालीमा यसको व्यवस्थापन गर्ने हो भने वनलाई बीस वटा बराबर क्षेत्रफलका भागमा विभाजन गरिन्छ। प्रत्येक भागलाई वार्षिक कटान प्लट भनिन्छ।

**उदाहरणका लागि,**

बाली चक्र (R)= २० वर्ष

वनको क्षेत्रफल (A)= १०० हेक्टर

प्रत्येक वार्षिक कटान क्षेत्रको क्षेत्रफल(a)) = A/R =१००/२० = ५ हेक्टर

वार्षिक कटान प्लट वा कटान शृङ्खला सङ्ख्या (N) = A/R = १००/५० = २० वटा

यस प्रणालीमा वार्षिक कटान परिमाण वार्षिक कटान प्लट ५ हेक्टरमा रहेका सम्पूर्ण रुख काट्दा प्राप्त हुने परिमाण हुन्छ।

अनुसूची - १७

(दफा १७ को उपदफा (२) खण्ड (ङ) सँग सम्बन्धित)

**<u>रुख सहितको मुना प्रणालीमा उत्पादन नियमन</u>**

यस प्रणालीमा उत्पादन नियमन अन्डरउड (मुना) मा क्षेत्रफल र ओभरउड स्टान्डर्स (रुख) मा सङ्ख्याको आधारमा गरिन्छ। यस प्रणालीमा तल्लो तहमा रहेका अन्डरउडबाट दाउरा, पोल साना खालका काठ प्राप्त हुन्छ भने माथिल्लो तहमा रहेका ओभरउडबाट राम्रो गुणस्तरको काठ उत्पादन हुन्छ। यस प्रणालीको वार्षिक कटान क्षेत्रफलमा अन्डरउडको सरपट कटान गर्दा ढूटाबाट पलाएका मुना मध्ये राम्रो मुनालाई र बीउबाट उत्पादन भएका केही स्टान्डर्सलाई कम्तीमा अर्को बाली चक्र (अन्डरउडको आधारमा) सम्मको लागि राखिन्छ। यसरी स्टान्डर्स छनौट गर्दा अन्डरउड प्रजातिको छाँया सहनसक्ने, प्रकाशको आवश्यकता र तुषारो वहन क्षमताको आधारमा न्यूनतम तीस प्रतिशत छत्र घनत्व कायम हुने गरी स्टान्डर्सको सङ्ख्या छनौट गर्नु पर्छ। बीउबाट पुनरुत्पादन भएका स्टान्डर्सको सङ्ख्याको निर्धारण रुखको उमेर, छत्रको फैलावट, लक्षित व्यास र मुनाबाट पुनरुत्पादन हुने प्रजातिको छाँया सहने क्षमतामा निर्भर गर्दछ। बिरुवाको उमेर बढ्दै जादा स्टान्डर्सको सङ्ख्या पनि घट्दै जान्छ।

यस प्रणालीमा वनलाई विभिन्न वार्षिक कटान प्लटमा विभाजन गरिन्छ। वार्षिक कटान प्लटको सङ्ख्या अन्डरउडको बाली चक्र बराबर हुन्छ। मानौ, वनको क्षेत्रफल A  हेक्टर, मुनाको बाली चक्र R वर्ष, वार्षिक कटान प्लटको सङ्ख्या N= A/R वटा साधारणतया बीउबाट पुनरुत्पादन भएका रुखको छत्रले ५० प्रतिशतभन्दा बढी जमीनको भाग ओगट्नु हुँदैन।

**उदाहरणको लागि,**

वनको क्षेत्रफल १०० हे, अन्डरउड बाली चक्रः १० वर्ष

वार्षिक कटान प्लटको सङ्ख्या (N)ः १००/१०ः १० वटा

साधारणतया को बाली चक्र प्रजाति र वन पैदावार अनुसार १० देखि ३० वर्षको हुन्छ।

यसैगरी अन्डरउडको उमेरकै २० देखि ३० प्रतिशत बीउबाट आएका पुनरुत्पादनहरु पनि छनौट गरेर हुर्काउने कार्य गरिन्छ।

यस प्रणालीमा स्टान्डर्सको उमेर अनुसार कायम गरिने रुख सङ्ख्याको तालिका तल दिईएको छ।

| **वीउ बाट पुनरूत्पादनभएका रुखको उमेर** | **कायम रहने रुख सङ्ख्या (प्रति हेक्टर)** |
|---|---|
| २० | ५० |
| ४० | ३० |
| ६० | १३ |
| ८० | ७ |

अनुसूची - १८

(दफा १८ सँग सम्बन्धित)

## सुधार कटानमा उत्पादन नियमन

प्राकृतिक वनमा विभिन्न प्रजातिका विरुवा, लाथ्रा, पोल र रुखहरु रहेका हुन्छन्। वनमा रहेका रुखहरु मध्ये टुप्पा भाँचिएका, वाँगाटिङ्गा, रोगव्याधी लागेका कम गुणस्तरका नवढ्ने रुखले चाहेको प्रजातिको वृद्धि विकासमा वाधा पुर्‍याएका हुन्छन्। वनमा रहेका अनुत्पादक र अरु प्रजातिको वृद्धिमा अवरोध पुर्याउने रुख हटाएमा राम्रा रुखको वृद्धिमा सुधार हुँदै जान्छ। यसरी वनमा रहेका स्वस्थ रुखहरुको वृद्धि गराइ वनको वनको गुणस्तर तथा उत्पादन क्षमता बढाउन वनमा रहेका अनुत्पादक रुख हटाउने कार्य सुधार कटान हो। रुख विरुवा वाक्लो भएको वनमा रुख विरुवा वीच प्रकाश, पानी र खाद्य प्रतिस्पर्धा घटाएमा गुणस्तरीय काठ उत्पादन हुन सक्ने रुखलाई वढ्ने अवसर मिल्दछ। सुधार कटान काठको वृद्धि र गुणस्तर सुधार गर्न, अवाञ्छित र मिचाहा प्रजाति हटाइ प्रजाति संरचना सन्तुलन कायम गराउन उपयोगी हुन्छ। साथै, रोग, किरा, गाँठागुठी भएका रुख हटाइ रोग किराको प्रकोप कम गराउन, वनमा छत्र खुला गरी भविष्यको वाली उत्पादनमा सकारात्मक अवस्था सिर्जना गरी प्राकृतिक पुनरुत्पादनलाई वढावा दिन समेत यसले मद्धत गर्दछ।

सुधार कटानलाइ नै वन संवर्धन प्रणाली मानी व्यवस्थापन गरिने वनमा क्षेत्रफल र आयतनको आधारमा उत्पादन नियमन गर्नुपर्छ। तोकिएको कटान प्लटमा रहेका कमसल, टुप्पा भाँचिएका, बाङ्गाटिङ्गा, रोग लागेका कमसल गुणस्तरका खडा रुखको कटान गर्दा आउने आयतन नै उत्पादन परिमाण हो। सुधार कटान गर्दा प्राप्त गरिने उत्पादन परिमाण वनको बार्षिक वृद्धि वा आवधिक वृद्धि (एन्युयल अर पेरिओडिक ईनक्रिमेन्ट) भन्दा बढी हुनु हुँदैन। अनुसूची-७ मा उल्लेखित वनको प्रकार र वृद्धि दरको आधारमा प्रत्येक ५ देखि १० वर्षको चक्रमा योजनामा उल्लेख गरी पत्ल्याउने र पुनरुत्पादन जस्ता वन संवर्धन कार्यसँग तादम्यता मिलाई गर्नुपर्नेछ।

अनुसूची - १९

(दफा १९ को उपदफा (१०) सँग सम्बन्धित)

**प्राकृतिक रुपले ढलेका ढलापडा र सुखड खडा रुखहरुको सङ्कलन सम्बन्धी व्यवस्था**

| **अवस्था** | **के गर्ने ?** |
|---|---|
| पुनरुत्पादन कटान गर्ने सवकम्पार्टमेण्ट/कटान खण्डमा रुख कटान नभएको क्षेत्रमा रुख ढलेमा | ढलेका रुख पुनरुत्पादन कटान गर्दा सङ्कलन गर्ने र पुनरुत्पादन कटान गर्न तोकिएका सङ्ख्यामा ढलेका रुखको सङ्ख्या घटाई बाँकी रुखहरु पुनरुत्पादन कटान गर्दा कटान गर्ने, ढलेका रुखहरु पुनरुत्पादन कटान गर्न तोकिएको सङ्ख्या भन्दा बढी भएमा अर्को |
| पुनरुत्पादन कटान गरिएको स्थानमा कटान पश्चात् कायम राखिएका माउ रुखहरु ढलेमा | ढलेका माउ रुखहरु पुनरुत्पादन कटान गर्दा सङ्कलन गर्ने र ढलेको रुखहरु सङ्कलन गरेको कारणले पुनरुत्पादन कटान गर्दा रुख मिलान गर्न नपर्ने। |
| पुनरुत्पादन कटान गर्ने सवकम्पार्टमेण्ट बाहेक अन्य सवकम्पार्टमेण्टमा रुख ढलेमा | ढलेका रुख पुनरुत्पादन कटान गर्दा सङ्कलन गर्ने र अन्य सबै व्यवस्थापनका कार्यहरु कर्ययोजनामा तोके बमोजिम गर्ने। |

अनुसूची - २०
(दफा २२ को उपदफा (७) सँग सम्बन्धित)

**छपान रजिष्टर तथा तेरिज**

वनको नामः ............................ ठेगानाः ............................

सव डिभिजन वन कार्यालय : .............

खण्ड/उप-खण्ड/प्लट नं.:...........छपान मितिः................

छपान टाँचाः.................. छपान रङ्गः................

कुल रूख सङ्ख्याः.............

| क.सं. | छपान रूख नं | जात | व्यास | उचाइ | क्लास | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| छपान गर्ने समूहको पदाधिकारीको) | छपान गर्ने वन प्राविधिक |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

अनुसूची - २१

(दफा २३ को उपदफा (१) सँग सम्बन्धित)

**छपान चेकजाँच प्रतिवेदन**

श्री डिभिजनल वन अधिकृतज्यू

........ डिभिजन वन कार्यालय, ..................।

आ.व.

डिभिजनः प्लटको नाम र किसिमः

सब डिभिजनः प्लट नंः

छपान रुख संख्याः छपान टाँचा नंः

.......प्रतिशतले हुने रुख संख्याः छपान रङ्गः

| सि नं | छपान रुख नं | जात | छपान रजिष्टर अनुसार | | | चेकजाँच गर्दा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | व्यास ईन्च | उचाई फिट | गुणस्तर | व्यास ईन्च | उचाई फिट | गुणस्तर | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मैले मिति ............ मा गरेको .......% छपान चेकमाफरक परेकोले छपान सच्याउन सिफारिस गर्दछु/नपरेकोले छपान कार्य ठिक भएको व्यहोरा प्रमाणित गर्दछु।

**समूह प्रतिनिधि (समुहको हकमा) को**

नामः

दस्तखतः

पदः

मितिः

**चेकजाँच गर्नेकोः**

नामः

दस्तखतः

पदः

मितिः

अनुसूची - २२

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

**काठ दाउराको माग सङ्कलन सम्बन्धी विवरण**

**१. उपभोक्ताहरूबाट आन्तरिक खपतका लागि माग गरिएको काठ/दाउरा/बल्लावल्लीको परिमाणः**

(क) उपभोक्ता निवेदन संख्याः..................

(ख) माग गरेको काठ दाउरा, वल्लावल्लीको

| क्र.सं. | प्रजाति | काठ परिमाण (घन फिट) | दाउरा (चट्टा) | वल्लावल्ली (थान) | गैरकाष्ठ वन पैदावार (के.जी.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**२. उपभोक्ताले काठ/दाउरा माग गर्नाका कारण/उद्देश्य (संक्षिप्तमा):**

१.

२.

३.

**३. स्वीकृत वन कार्ययोजनामा उल्लेख भएको वार्षिक परिमाणः**

| क्र.सं. | प्रजाति | रुख सङ्ख्या | काठ परिमाण (घन फिट) | दाउरा (चट्टा) | वल्लावल्ली (थान) | अन्य |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

**४. साधारण सभाबाट आगामी आ.व.का लागि वन पैदावार सङ्कलन गर्न सक्ने स्वीकृत परिमाण :**

| क्र.सं. | प्रजाति | काठ | दाउरा | वल्लावल्ली | अन्य |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | परिमाण (घन फिट) | (चट्टा) | (थान) | |
| १ | | | | | |
| २ | | | | | |

**५. समूहमा आन्तरिक खपतका लागि छुट्टाइने परिमाण :**

| क्र.सं. | प्रजाति | काठ परिमाण (घन फिट) | दाउरा (चट्टा) | वल्लावल्ली (थान) | अन्य |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**६. जिल्ला वन पैदावार आपूर्ति समितिका लागि प्रस्तावित काठ र दाउराको परिमाणः**

| क्र.सं. | प्रजाति | काठ परिमाण (घन फिट) | दाउरा (चट्टा) | वल्लावल्ली (थान) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**७. समूह बाहिर र व्यापारिक प्रयोजनका लागि बिक्रि गरिने काठ दाउराको विवरण :**

| क्र.सं. | प्रजाति | काठ परिमाण (घन फिट) | दाउरा (चट्टा) | वल्लावल्ली (थान) | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**८. साधारण सभाबाट स्वीकृत मिति :**

समूहको छाप

नाम :
दस्तखतः
पदः
ठेगानाः
मितिः

अनुसूची - २३

(दफा २८ को उपदफा (१) सँग सम्बन्धित )

**<u>वन पेशी इजाजतको ढाँचा</u>**

गण्डकी प्रदेश सरकार

................ मन्त्रालय

वन निर्देशनालय

डिभिजन वन कार्यालय/.........वन उपभोक्ता समूह....

.............

च.नं. मितिः

विषयः रुख कटान ईजाजत पत्र (वन पेशी) सम्बन्धमा।

श्री ............................

............................।

प्रस्तुत विषयमा सवडिभिजन वन कार्यालय ..........अन्तर्गत रहेको सरकारद्वारा व्यवस्थित वन/.......वन समूहको ब्लक/कम्पार्टमेन्ट/ सवकम्पार्टमेन्ट/कटान प्लटमा नियमानुसार छपान भएका देहाय बमोजिमका जात र सङ्ख्याका रुखहरु कटान, मुछान, ढुवानी तथा घाटगद्दी गर्नका लागि मिति ........... गतेको दरभाउ पत्र आह्वान गरी प्रकाशित सूचना अनुसार तपाईको फर्मले सबैभन्दा कम रकम सकार गरी दरभाउ पत्र पेश गरेको र तपाईको फर्मले पेश गरेको दरभाउ पत्र डिभिजन वन कार्यालय.........../.........उपभोक्ता समूहको ........... मिति ........ को निर्णयले स्वीकृत भएकोले यस डिभिजन वन कार्यालय......../...........उपभोक्ता समूह, ......... र तपाईको फर्म वीच मिति .......... गते भएको करारनामाको शर्त र अधिनमा रही देहायको रुखहरु कटान मुछान गरी सोबाट निस्केका काठ, दाउरा घाटगद्दी गर्न छपान मूल्याङ्कन लगत यसै साथ संलग्न राखी रुख कटान ईजाजत दिईएको छ। छपान लगत बमोजिमका रुखमात्र डिभिजन वन कार्यालय.........../............उपभोक्ता समूह, ...........प्रतिनिधीको रोहबरमा कटान, मुछान गरी निस्केका काठ, दाउरा तोकिएको घाटगद्दी स्थलमा ........... दिन भित्र घाटगद्धी गर्नु होला। प्रचलित ऐन, नियम, निर्देशिका एवम् करारनामाको अधिनमा रही कार्य गर्नुहुन अनुरोध छ।

**तपसिल**

प्लटको विवरणः

प्लटको नामः ..... प्लट नः ....... छपान रङः......छपान टाँचाः .......

चौहद्दीः

पूर्वः ........ पश्चिमः ........ उत्तरः ...... दक्षिणः ..........

| जात | रुख सङ्ख्या | मूल्याङ्कन काठ | | मूल्याङ्कन दाउरा | | जम्मा मूल्य (अंकमा) | सकार रकम (अंकमा) | सकार रकम (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**वोधार्थः**

श्री सवडिभिजन वन कार्यालय, ....., ........ : नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्नु हुन।

श्री डिभिजन वन कार्यालय, ........, ......... : जनकारीको लागि अनुरोध छ।

वन अधिकृत/..............(समूहका पदाधिकारी) श्री ...................: तपाईलाई कटान, मुछान हुने प्लटको नियमित अनुगमन गर्न अधिकृत तोकिएको छ। नियमानुसार अनुगमन गरेको प्रतिवेदन पेश गर्नु हुन अनुरोध छ।

अनुसूची - २४

(दफा ३० को उपदफा (३) सँग सम्बन्धित)

**कटान रजिष्टरको ढाँचा**

श्री ..............................

...........गाउँ/नगर/महानगर पालिका, वडा नं. ......, ........... जिल्ला

आ.व.

डिभिजनः                    प्लटको नाम र किसिमः

सब डिभिजनः        कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगानाः

छपान रुख संख्याः            टाँचा नः            छपान रङ्गः

| क्र.सं. | कटान रुखको ठुटा नं | छपान नं. | रुखको जात | गिण्डा नं. | गोलाई ईन्च | लम्बाई फिट | आयतन घ.फिट | धोद कट्टी | | | जम्मा आयतन घ.फिट | ग्रेड | नोक्सानी भएको रुखको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | व्यास ईन्च | लम्बाई फिट | आयतन घ.फिट | | | | |
| | | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| कटान गर्ने निकायको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | समूहको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | सवडिभिजन वन कार्यालयको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मिति |

अनुसूची - २५

(दफा ३१ को उपदफा (४) सँग सम्बन्धित)

**घाटगद्दी रजिष्टरको ढाँचा**

श्री ..............................

...........गाउँ/नगर/महानगर पालिका, वडा नं. ...................जिल्ला

आ.व.

डिभिजनः प्लटको नाम र किसिमः

सवडिभिजनः कटान गर्ने समूह/ठेकेदारको नाम र ठेगानाः

छपान रुख संख्याः टाँचा नंः

कटान/चिरान म्यादः निकासी म्यादः

घाटगद्दी स्थानः

| मिति | चलानी नं | काठको जात | गोलिया नं | गोलाई ईन्च | लम्बाई फिट | आयतन घ. फिट | धोद कट्टी | | | जम्मा आयतन घ. फिट | ग्रेड | दाउरा चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यास ईन्च | लम्बाई फिट | आयतन घन फिट | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| कटान गर्ने निकायको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | समूहको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | सवडिभिजन वन कार्यालयको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः |

अनुसूची - २६
(दफा ३१ को उपदफा (५) सँग सम्बन्धित)

**चलानी पूर्जीको ढाँचा**

श्री ..............................
...........गाउँ/नगर/महानगर पालिका, वडा नं. ....................जिल्ला
आ.व.
डिभिजनः प्लटको नाम र किसिमः
सवडिभिजनः कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगानाः
छपान रुख संख्याः टाँचा नंः
निकासी म्यादः घाटगद्दी स्थानः
चालकको नाम र ठेगानाः सवारी साधनको किसिम र नंः
मितिः

| सि नं | काठको जात | गोलिया नं | साईज | | आयतन घ. फि. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गोलाई इन्च | लम्वाई फिट | | |
| | | | | | | |
| | | | | | | |

| | | |
|---|---|---|
| कटान गर्ने निकायको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | समूहको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः | सवडिभिजन वन कार्यालयको प्रतिनिधि<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः |

अनुसूची - २७

(दफा ३४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कटान क्षेत्रको (प्लट) अन्तिम जाँच फारमको ढाँचा</u>**

श्री ..............................

...........गाउँ/नगर/महानगर पालिका, वडा नं. ......, ........... जिल्ला

आ.व.

डिभिजन वन कार्यालयको नामः सवडिभिजन वन कार्यालयको नामः

छपान रुख संख्याः छपान रङ्गः

कटान क्षेत्रको चारकिल्लाः

पूर्वः पश्चिमः

उत्तरः दक्षिणः

मूल्याङ्कन परिमाण

काठः ...........क्यू फि दाउराः ........... चट्टा

उत्पादन परिमाण

काठः ........... क्यू फि दाउराः........... चट्टा

| कटान स्वीकृत रुख सङ्ख्या | कटान हुन बाँकी रुख सङ्ख्या | कटान हुँदा अन्य रुख हानी नोक्सानी सङ्ख्या | | अन्य तरिकाबाट भएको हानी नोक्सानी (काठलाई दाउरमा परिणत गरेको) | कैफियत |
|---|---|---|---|---|---|
| | | लापरवाहीले | मजवुरीले | | |
| | | | | | |

नोटः लापरवाहीबाट भएकोमा विगो यकिन गरी प्रचलित रोयल्टी अनुसार जरिवाना हुनेछ।

| कटान गर्ने निकायको प्रतिनिधि | समूहको प्रतिनिधि | सवडिभिजन वन कार्यालयको प्रतिनिधि | वन निर्देशनालयको प्रतिनिधि |
|---|---|---|---|
| नामः | नामः | नामः | नामः |
| दस्तखतः | पदः | पदः | पदः |
| मितिः | दस्तखतः | दस्तखतः | दस्तखतः |
| | मितिः | मितिः | मितिः |

अनुसूची - २८

(दफा ३७ को उपदफा (८) सँग सम्बन्धित)

**<u>खड़ा तथा सिङ्गा रुख हटाउन ठेक्काद्वारा लिलाम स्विकृत भएपछि गरिने करारनामाको ढाँचा</u>**

डिभिजन वन कार्यालय/.........उपभोक्ता समूह..........र श्री............वीच खडा तथा सिंगा रुख हटाउने सम्बन्धमा भएको करारनामा/सम्झौता।

डिभिजन वन कार्यालय....../........ उपभोक्ता समूह, .......... यस पछि "कार्यालय" "वन समूह" भनिएको र श्री............ (लिलाम कबोल गर्ने व्यक्ति/फर्मको नाम र ठेगाना) यस पछि "ठेकेदार" भनिएको बीच मिति............मा कार्यालय/समूहबाट सवडिभिजन वन कार्यालय.........अन्तर्गत रहेको सरकारद्वारा व्यवस्थित वन/............वन समूहको ब्लक/कम्पार्टमेन्ट/ सव कम्पार्टमेन्ट/ कटान प्लटमा कायम भएको निम्न प्लटको खडा रुख बोलपत्रद्वारा लिलाम बढाबढको कारवाही हुँदा प्राप्त बोलपत्रहरु मध्ये ...........ले सबै भन्दा बढी कबोल गरी बोलपत्र दाखिला गरेकोमा यस कार्यालय (तालुक निकायबाट स्वीकृत भएको भए सो निकायको नाम उल्लेख गर्ने) /वन समूहको मिति............को निर्णय अनुसार .......... को नाममा बिक्री सदर भएकोले देहायको शर्तहरु पालना गर्ने गरी प्लटबाट निस्कने काठ, दाउरा लिन दिन मन्जुर हुँदा यो सम्झौता गरिएको छ।

**<u>तपसिल</u>**

<u>प्लटको विवरण</u>

प्लट नामः ....... प्लट नः ..... छपान रङः ...... छपान टाँचाः ........

<u>चौहद्दी</u>

पूर्वः ....... पश्चिमः ....... उत्तरः ....... दक्षिणः ......

| जात | रुख सङ्ख्या | मूल्याङ्कन काठ | | मूल्याङ्कन दाउरा | | जम्मा मूल्य (अंकमा) | सकार रकम (अंकमा) | सकार रकम (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**शर्तहरू:**

१. ठेकेदारले कबोल गरेको रकम एकमुष्ठ रुपमा कार्यालयले तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ। रकम दाखिला नगरेमा वन प्रवेश ईजाजत दिईने छैन।

२. कबोल रकम बुझाएको सात दिन भित्र कार्यालयले अनिवार्य रुपमा वन प्रवेश ईजाजत दिनेछ। वन प्रवेश प्राप्त गरे पछि प्लटको संरक्षण गर्ने जिम्मेवारी ठेकेदारको हुनेछ।

३. कार्यालयबाट वन प्रवेश प्राप्त गरेपछि तोकिएको प्लटमा गई कटानमुछान कार्यशसुरु गर्न सकिने छ।

४. प्लटमा भएका लगत बमोजिमका रुखहरु कटान, मुछान र घाटगद्दी गर्ने, गोलिया काठमा नम्बरिङ् लगायतका कार्य ठेकेदारले नै गर्नु पर्नेछ। सो कार्यको लागि लाग्ने सम्पूर्ण खर्च ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ।

५. प्लटको वन प्रवेश ईजाजत प्राप्त गरे पछि लगत बमोजिमका रुख कटानमुछान गर्दा कार्यालय/वन समूह प्रतिनिधिको रोहबर र निर्देशनमा छपान नभएका रुखलाई हानी नोक्सानी नहुने किसिमबाट कार्य सञ्चालन गर्नु पर्नेछ। रुख कटान गर्दा अन्य रुखलाई नोक्सान हुन गएमा नोक्सानीको क्षतिपूर्ति ठेकेदारले व्यहोर्नु पर्नेछ।

६ रुख कटान, मुछान, ढुवानी र घाटगद्दी प्रचलित वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिकाको पालना गर्नु पर्नेछ।

७ कटान भएका काठ, दाउराको घाटगद्दी कार्यालयले तोकेको स्थानमा गर्नु पर्नेछ। यस्तो काठ, दाउरा घाटगद्दीमा आउना साथ काठ, दाउराको घाटगद्दी रजिष्टर तयार गर्नु पर्नेछ।

८. ठेकेदारले काम शुरु गरेपछि प्रत्येक पन्ध्र/पन्ध्र दिनमा कामको प्रगति सवडिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। समूहको हकमा समूहले सवडिभिजन वन कार्यालयमार्फत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

९. घाटगद्दीमा आएको काठ, दाउरा ठेकेदारले डिभिजन वन कार्यालयबाट विमार्का गराई छोडपुर्जी बनाई लैजान सक्नेछ। यसरी छोडपूर्जी दिंदा सूचनामा प्रकाशित परिमाण तथा मूल्य भन्दा बढी काठ, दाउराको परिमाण उत्पादन भएमा जति परिमाण बढी हुन्छ त्यसको थप राजस्व कबोल गरेको प्रति ईकाई दरअनुसार बुझाउनु पर्नेछ। तर मूल्याङ्कन भन्दा कम काठ, दाउरा उत्पादन भए पनि कबोल गरिए अनुसार दाखिला गरेको रकम फिर्ता हुने छैन।

१०. प्लट वा घाटगद्दीमा रहेका काठ, दाउराको सुरक्षा ठेकेदारले नै गर्नु पर्नेछ। कुनै कारणबाट काठ दाउराको हानी नोक्सानी भएमा त्यसको पूर्ण जिम्मेवारी ठेकेदार नै हुनेछ।

११. वन प्रवेश ईजाजत पाए पछि ठेकेदारले तोकिएको समय भित्र कटान, मुछान र घाटगद्दी गर्ने कार्य सम्पन्न गर्नु पर्नेछ। मनासिब माफिकको कारण भएमा वा घाटगद्दीबाट तोकिएको समयमा काठ/दाउरा उठाइ लैजान नसकेमा प्रचलित निर्देशिका बमोजिम म्याद थप गर्न सकिनेछ।

१२ कटान प्लटबाट उत्पादन भएका काठ, दाउराको राजश्व बाहेक नियमानुसार लाग्ने अन्य सबै कर ठेकेदारले नै आफ्नो तर्फबाट बुझाउनु पर्नेछ।

१३. कटान, मुछान र घाटगद्दीमा ढुवानी कार्य भई सके पछि प्लटको अन्तिम जाँच गरिनेछ।प्लटको जाँच गर्दा सम्झौता अनुसार गरेको देखिएमा र ठेकेदारले बुझाउनु पर्ने सबै किसिमको राजश्व बुझाई सकेपछि मात्र निजले राखेको धरौटी फिर्ता गरिनेछ।

१४. यो सम्झौता दुवै पक्षले दस्तखत गरी कार्यालयले बन प्रवेश ईजाजत दिएको मिति ............. देखि त्यसमा तोकिएको मिति ............. सम्म लागु हुनेछ। समयमा कार्यसम्पन्न नभई म्याद थप भएमा थप भएको समयसम्म कायम रहेको मानिनेछ।

१५. यस सम्झौतामा उल्लेखित कुनै विषयम विवाद परेमा निर्देशनालयको निर्णय अन्तिम हुनेछ।

१६. यस सम्झौतामा उल्लेख भएका विषयमा यसै बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. यस सम्झौता बमोजिम उल्लिखित शर्तहरुको पालना गर्ने गरी आज मिति तर्फबाट तल लेखिएका साक्षीहरुको रोहबरमा दस्तखत गरी एक एक प्रति बुझि लियौं दियौं।

| ठेकेदारको तर्फबाट | कार्यालय/समूहको तर्फबाट |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |
| साक्षी रोहवर | साक्षी रोहवर |
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

अनुसूची - २९
(दफा ४० सँग सम्बन्धित)

**पुनरुत्पादन अभिवृद्धि सम्बन्धी कार्यहरु**

कटान भएको वा खाली स्थानमा नयाँ विरुवा उम्रने, हुर्कने र बढ्ने वातावरण सिर्जना गर्ने कार्य पुनरुत्पादन अभिवृद्धि (रिजिनेरेशन प्रोमोशन) कार्य हो। यस सम्बन्धी कार्य कटान कार्य समाप्त भएपछि मनसुन शुरु हुनु (जेठ मसान्त) अघि गरिसक्नु पर्छ। पुनरुत्पादन अभिवृद्धिको लागि आवश्यकता अनुसार निम्न कार्यहरु गर्नु पर्दछः

(क) आगलागी, चरिचरण, अनाधिकृत वन प्रवेश, वनमा रहेका अवैध बाटो बन्द गर्ने कार्य जस्ता पुनरूत्पादन गर्ने क्षेत्रको संरक्षण गर्ने।

(ख) कटान पश्चात् हाँगाबिँगा, झाडी, पातपतिङ्गर हटाई सुरक्षित व्यवस्थापन गर्ने।

(ग) कटानको क्रममा भाँचिएका पोल वा लाथ्रा भएमा मुना पलाउने भाग राखी बाँकी भाग कटान गरी हटाउने।

(घ) कटान गरेको प्लट र पुनरुत्पादन गर्ने क्षेत्रको जमिनमा पुनरुत्पादन हुने अवस्थाको सृजना हुने गरी माटोको व्यवस्थापन।

(ङ) कटान प्लटको माउ रुख वा वरिपरिका रुखबाट बीउ उत्पादन हुने अवस्था नभएमा वा खाली क्षेत्र रहेमा अन्यत्रबाट बीउ सङ्कलन गरी छर्ने वा विरुवा रोप्ने।

(च) प्राकृतिक पुनरुत्पादन नआएको वा आउन नसक्ने अवस्थामा अन्तिम उपायको रुपमा वा वृक्षारोपणबाट नै पुनरुत्पादन स्थापना गर्ने उद्देश्य भएमा वृक्षारोपण गर्ने।

(छ) अवस्था हेरी सिँचाईको प्रबन्ध मिलाउने।

अनुसूची - ३०

(दफा ७० को उपदफा (३) सँग सम्बन्धित)

**प्राविधिक परीक्षणका आधार तथा सूचक**

| आधार (क्राइटेरिया) | सूचक (इन्डिकेटर) |
|---|---|
| १.कानूनको पालना | १.१ वन सम्बन्धी स्थानीय, प्रदेश, तथा संघीय वन ऐन २०७६, र नियमावली, २०७९ को कार्यान्वयन<br>१.२ समूह विधान, व्यवस्थापन योजना, मन्त्रालय तथा निर्देशनालय स्तरीय मार्गदर्शन, निर्देशन कार्यान्वयन |
| २.वन स्रोतको विकास र व्यवस्थापन | २.१ वन व्यवस्थापनको लागि प्रविधि र प्राविधिक सहित संरचनात्मक व्यवस्था<br>२.२ अपनाइएको वन सम्वर्धन प्रणालीको वन व्यवस्थापनका उद्देश्य र पारिस्थितिकीय अवस्थासँगको तालमेल<br>२.३ वन पैदावार वितरण प्रणाली<br>२.४ वनमा आधारित आय आर्जन र रोजगारीको आकलन तथा विश्लेषण<br>२.५ वनको स्वास्थ तथा जीवन्तता (Forest health and vitality), उत्पादन तथा उत्पादकत्व वृद्धि |
| ३. जैविक विविधता सम्वर्धन तथा जलवायु मैत्री सामुदायिक विकास | ३.१ जीव एवम् वानस्पतिक विविधताको अवस्था<br>३.२ जलवायु परिवर्तनका प्रभावको अवस्था र अनुकूलनका उपायहरू |
| ४. मानवीय, सामाजिक तथा संस्थागत विकास र | ४.१ विधान र यसका प्रावधानहरूको पालना र संस्थागत रूपमा समूह, समिति संचालन प्रक्रिया<br>४.२ समावेशी सहभागिता, जवाफदेहिता र पारदर्शिता<br>४.३ सामाजिक एवम् सांस्कृतिक सुरक्षा सम्बन्धी व्यवस्था र |

| | |
|---|---|
| सुशासन | सो को कार्यान्वयन<br>४.४ निकाय/समूहको संस्थागत क्षमता र जनशक्ति विकासको व्यवस्था |
| ५.आय आर्जन, रोजगारी र आर्थिक विकासमा योगदान | ५.१ वनबाट उत्पादित सेवा तथा वस्तु नगद कारोवारमा बिक्री वितरण गर्ने व्यवस्था<br>५.२ बजार तथा निजी क्षेत्रको माग सम्बोधन हुने गरी वन पैदावार उत्पादनको व्यवस्था<br>५.३ वन पैदावार सङ्कलन तथा प्रशोधनको व्यवस्था |
| ६.शासकीय सम्बन्ध, समन्वय, र साझेदारी | ६.१ स्थानीय तह, डिभिजन/सव डिभिजन वन कार्यालय, सरोकारवाला सँगको संचार, साझेदारी तथा सहकार्यको अवस्था<br>६.२ सरोकारवालाहरूसँग समन्वय र सहकार्यको अवस्था<br>६.३ दक्ष प्राविधिक तथा प्रविधि र उपकरणको व्यवस्था |
| ७.अभिलेख व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन | ७.१ निकाय/समूहको अभिलेख तथा कार्यालय व्यवस्थापन पद्दति<br>७.२ सहभागितामूलक अनुगमन र मूल्याँकन तथा प्रोत्साहनमा आधारित पद्दति र ढाँचाको विकास एवम् संस्थाकरण<br>७.३ अनुगमन प्रणालीमा आधारित प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था<br>७.४ सार्वजनिक परीक्षण तथा सुनुवाईको व्यवस्था<br>७.५ सिर्जनशील तथा उत्कृष्ट कार्यहरूको पहिचान र विस्तार |
| ८. विविध | ८.१ वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यान्वयन पछि भएको परिवर्तन<br>८.२ वन ऐन, २०७६ तथा नियमावली, २०७९ मा व्यवस्था भएका प्रतिवेदनहरू<br>८.३ विद्युतीय तथा कागजी अभिलेख व्यवस्थापनको अवस्था<br>८.४ वन व्यवस्थापनबाट रोजगारीको अवस्था<br>८.५ वन्यजन्तु संरक्षण र क्षति राहतको व्यवस्था |

अनुसूची - ३१

(दफा ७० को उपदफा (५) सँग सम्बन्धित)

**प्राविधिक परीक्षण प्रतिवेदनको ढाँचा**

स्थलगत अध्ययन तथा विश्लेषण पश्चात् मन्त्रालयमा पेश गर्नुपर्ने वन संवर्धनमा आधारित वन व्यवस्थापन प्राविधिक परीक्षण प्रतिवेदनको ढाँचा।

१. पृष्ठभूमि

१.१ वन व्यवस्थापन प्राविधिक परीक्षण

१.२ वन व्यवस्थापन प्राविधिक परीक्षणको आवश्यकता, लक्ष्य तथा उद्देश्यहरू

१.३ प्राविधिक परीक्षणका सीमाहरू

२. प्राविधिक परीक्षण तरिका

२.१ उपलब्ध दस्तावेजहरूको अध्ययन

(क) वन सम्वर्धनमा आधारित वन व्यवस्थापन प्रणाली सम्बन्धी समान्य कानुनी तथा प्रशासनिक व्यवस्था

(ख) डिभिजन वन कार्यालयबाट प्राप्त अभिलेख विश्लेषण

(ग) वन व्यवस्थापन सम्बन्धी उपलब्ध प्रगति प्रतिवेदनहरू

(घ) वन व्यवस्थापन प्राविधिक पक्षका विद्यमान मापदण्डहरू

२.२ वन व्यवस्थापन प्राविधिक परीक्षण सूचक निर्धारण

२.३ स्थलगत अध्ययन

(क) उपभोक्ता समूह र डिभिजन वन कार्यालयको अभिलेख अध्ययन, परीक्षण तथा विश्लेषण

(ख) लक्षित समूह छलफल-समुदाय र डिभिजन वन कार्यालय

(ग) वन भ्रमण, अवलोकन र निरीक्षण

३. वन अनुसारको प्राविधिक परीक्षण परिणाम छलफल तथा विश्लेषण

३.१ सरकारद्वारा व्यवस्थित चक्ला वन

३.२ सामुदायिक वन

३.३ साझेदारी वन

(क) क्रियाकलाप परीक्षण

(ख) प्रक्रिया परीक्षण

(ग) परिणाम परीक्षण

४. निष्कर्ष तथा सुझावहरू

४.१ निष्कर्ष

४.२ सुझावहरू

५. अनुसूची

६. फोटो तथा अन्य सहयोगी कागजातहरू ।

अनुसूची - ३२

(दफा ७३ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजनाको ढाँचा**

कवुलियतनामा

वन कार्ययोजना स्वीकृति

सारांश तालिका

प्रस्तावना

**परिच्छेद-१ प्रारम्भिक**

१.१ संक्षिप्त नाम र रारम्भ

१.२ परिभाषा

**परिच्छेद -२ वनको सामान्य जानकारी**

२.१ ऐतिहासिक पृष्ठभूमि

२.२ अघिल्लो कार्ययोजनाको समीक्षा

२.३ भौगोलिक स्थिति र पहुँच

२.३.१ अक्षांश र देशान्तर

२.३.२ भिरालो पन

२.३.३ वनको सिमाना तथा अवस्थिति

२.३.४ भू-वनोट तथा माटो

२.४ हावापानी, नदीनाला, ताल तथा खोलाको विवरण

२.५ क्षेत्रफल

२.६ वनको किसिम, मुख्य वनस्पति तथा वन्यजन्तुको स्थिति

२.७ समूहमा आवद्ध घरधुरी, आर्थिक तथा सामाजिक अवस्था (समुदायमा आधारित वनको हकमा)

**परिच्छेद-३ वन पैदावारको माग र आपूर्तिको अवस्था**

३.१ वन पैदावारको माग र आपूर्तिको आंकलन विधि

३.२ वन पैदावारको माग र आपूर्तिको अवस्था र वैकल्पिक उपायहरू

**परिच्छेद-४ वन सोत सर्भेक्षण, विश्लेषण र नतिजा**

४.१ वन स्रोत सर्वेक्षणका लागि खण्ड, उपखण्ड वा कम्पार्टमेण्ट, सव कम्पार्टमेण्ट विभाजन र सोका आधारहरू

४.२ वन स्रोत सर्वेक्षण र मापन विधि

४.३ वनको अवस्था (खण्ड वा सव कम्पार्टमेन्ट अनुसार रुख, पोल, लाथ्रा र बिरुवाको प्रति हेक्टर प्रजातिगत मौज्दात, समग्र वनको प्रजातिगत प्रति हेक्टर मौज्दात

४.४ वार्षिक रूपमा रुख र पोलबाट उत्पादन हुने काठ दाउराको परिमाणको आकलन (औसत वृद्धिदरको आधारमा खण्ड वा सव कम्पार्टमेन्ट अनुसार र समग्र वनको प्रजातिगत काठ दाउरा तथा थिनिङ कार्यबाट उत्पादन गर्न सकिने पोल तथा लाथ्राको सख्यात्मक विवरण)

४.५ वार्षिक रूपमा उत्पादन हुने घाँस, स्याउला, पतकर र गैरकाष्ठ वन पैदावारको आँकलन

**परिच्छेद-५ वन व्यवस्थापन योजना**

५.१ वन व्यवस्थापनका उद्देश्यहरू

५.२ वन संवर्धन प्रणाली छनौट र आधारहरू

५.३ बाली चक्र, पुनरउत्पादन र कटान चक्र अवधि (आवश्यकता अनुसार)

५.४ वार्षिक स्वीकार्य कटान परिमाण नियमन विधि (Yield regulation) वार्षिक रूपमा संकलन गर्न सकिने समग्र वनको अनुमानित परिमाणलाई वनको खण्ड वा सब -कम्पार्टमेन्टको अवस्था हेरी योजना अवधिको लागि वर्ष अनुसारको कटान व्यवस्थापन गर्न सकिने क्षेत्र किटान र संरक्षण क्रियाकलापको छनौट गरी वन पैदावार संकलन चक्र निर्धारण

५.५ वन संवर्धन क्रियाकलापहरूको योजना (खण्ड, उपखण्ड, वा कम्पार्टमेन्ट, सव कम्पार्टमेन्ट वा वार्षिक कार्यक्षेत्र अनुसार योजना अवधिभरको लागि के काम, कति परिमाण, कहिले, कसरी)

५.५.१ छनौट कटान वा पुनरोत्पादन कटान (आवश्यकता अनुसार पुनरोत्पादन तयारी कटान)

५.५.२ थिनिङ कार्य

५.५.३ झाडी सफाई, सुधार कटान र हाँगा छटनी कार्य

५.५.४ पुनरोत्पादन अभिवृद्धि कार्यक्रम

५.५.५ कटान पश्चात्को सरसफाई

५.५.६ मुना व्यवस्थापन कार्य

५.५.७ ढलापडा रुखहरू संकलन

५.६ वन विकास तथा वन व्यवस्थापन कार्यहरू

५.६.१ नर्सरी तथा बिरुवा उत्पादन

५.६.२ वृक्षारोपण (Afforestation), पुन वृक्षारोपण (Reforestation), सम्वृद्धी रोपण (Enrichment plantation) र वन क्षेत्रको खाली जग्गामा वृक्षारोपण (Gap plantation)

५.६.३ पानीका मुहान, पोखरी निर्माण, सिमसार, जलाधार सम्वर्धन तथा

भू-क्षय नियन्त्रण

५.६.४ खहरे तथा पानी निकास व्यवस्थापन

५.६.५ अग्नि रेखा निर्माण, मर्मत सम्भार स्तरोन्नति (आवश्यकता अनुसार अग्निरेखा, स्टोन पिचिङ, काठेपुल निर्माण, ह्युम पाइप राख्ने, लुजस्टोन चेकडेम आदि )

५.६.६ जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकुलनका उपायहरू

५.६.७ मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन

५.७ गैरकाष्ठ वन पैदावारको व्यवस्थापन

५.७.१ वनमा रहेका गैरकाष्ठ वन पैदावारको विवरण

५.७.२ गैरकाष्ठ वन पैदावारको संरक्षण तथा संवर्धन कार्य

५.७.३ गैरकाष्ठ वन पैदावाको बिक्री वितरण

५.८ योजना अवधि समाप्ति पछिको वनको अवस्थाको प्रक्षेपण

**परिच्छेद-६ वन तथा जैविक विविधता संरक्षण**

६.१ जैविक विविधताको अवस्था

६.२ वनको संवर्धन

६.३ वन पैदावारको चोरी निकासी र वन्यजन्तु शिकार नियन्त्रण

६.४ जैविक विविधता संरक्षण

६.५ वन डढेलोबाट वन संरक्षण

६.६ चरिचरन व्यवस्थापन

६.७ वन अतिक्रमण नियन्त्रण

६.८ रोगकिरा तथा मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन

**परिच्छेद-७ वन पैदावार संकलन तथा सदुपयोग**

७.१ वन पैदावारको संकलन विधि, प्रकृया र समय तालिका

७.२ वन पैदावारको मूल्य निर्धारण

७.३ घाटगद्दीबाट वन पैदावार बिक्री वितरण र नियन्त्रण तरिका

७.४ आकस्मिक कार्यको लागि वन पैदावार आपूर्ति

७.५ विकास निर्माण तथा संघ संस्थाको लागि काठ दाउराको आपूर्ति

७.६ समूह बाहिर काठ दाउरा बिक्री  वितरण व्यवस्था

**परिच्छेद-८ गरिबी न्यूनीकरण र आयमूलक कार्यक्रम**

**परिच्छेद-९ सामुदायिक तथा संस्थागत विकासका कार्यक्रम**

**परिच्छेद-१० निषेधित कार्य तथादण्ड जरिवाना सम्बन्धी व्यवस्था**

१०.१ वनमा निषेधित कार्यहरू

१०.२ दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१०.४ पुरस्कार सम्बन्धी व्यवस्था

**परिच्छेद-११ कार्यालय संचालन, कोष व्यवस्थापन र वित्तीय विश्लेषण**

११.१ कोषको स्रोत

११.२ कोषको व्यवस्थापन

११.३ खाता संचालन प्रकृया

११.४ व्यवस्थापन कार्ययोजना अवधि भर वार्षिक अनुमानित आम्दानी

**आज्ञाले,**

**जीवनाथ पौडेल**

**प्रदेश सरकारको सचिव ।**

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १००।-